# प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

# शोधपत्र

शोधकर्ता
**विष्णु पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६५

सह प्रा. डा. देवीप्रसाद सुवेदी
शोधनिर्देशक

# प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

# शोधपत्र

शोधकर्ता
**विष्णु पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६५

## त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## नेपाली केन्द्रीय विभाग
## कीर्तिपुर

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री विष्णु पौडेलले **प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । म उहाँले परिश्रमपूर्वक तयार गर्नुभएको यस शोधपत्रबाट पूर्ण सन्तुष्ट छु र यस शोधपत्रको उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६५/०६/

.....................................

**सहप्राध्यापक डा. देवीप्रसाद सुवेदी**
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
विश्वविद्यालय क्याम्पस
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसकी छात्रा विष्णु पौडेलले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर (एम.ए.) तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पार्नुभएको **प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **प्रा.राजेन्द्र सुवेदी**

**विभागीय प्रमुख** ..............................

२. **सह.प्रा. डा. देवीप्रसाद सुवेदी**

**शोधनिर्देशक** ...............................

३ **नरेन्द्र राज प्रसाई**

**वाह्य परीक्षक** ............................

मितिः २०६५/०७/०५

# कृतज्ञताज्ञापन

**प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह.प्रा. डा. देवी सुवेदीज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अध्ययन, अध्यापन, सामाजिक र परिवारिक व्यक्तित्वको भूमिका निर्वाह गर्दै यो शोधपत्र तयारीका सन्दर्भमा सहयोग गर्नुहुने श्रद्धेय गुरु डा. देवी सुवेदीज्यूप्रति म सदा ऋणी छु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी तथा नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र लेखनका सन्दर्भमा अमूल्य सहयोग गर्नुहुने उप.प्रा. नेत्र एटमज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । सामग्रीसङ्कलनकै क्रममा अमूल्य सहयोग गर्नुका साथै प्रेमपूर्वक समूचित निर्देशन तथा विविध ज्ञानवर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नुहुने श्रद्धेय साहित्यकार नरेन्द्रराज प्रसाईज्यूप्रति म सदा ऋणी रहने नै छु । यसको साथै सामग्रीसङ्कलनकै क्रममा सहयोग र सल्लाह जानकारी दिनुहुने शोधनायिकाको सम्पूर्ण परिवारप्रति आभार प्रकट गर्दछु ।

शिक्षाको उज्यालोतिर लागिरहने प्रेरणा र पृष्ठभूमिको काम गर्ने मेरी आमा उमा पौडेलप्रति म चिर ऋणी छु । साथै भाषासम्पादनमा सहयोग गर्नुहुने उपेन्द्र सुवेदीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । शोधपत्रलाई टङ्कन गरी सहयोग गर्ने युनिर्भसिटी कम्प्युटर सर्भिस, कीर्तिपुर पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६५/ /

शैक्षिक सत्र : २०६१/६२

**विष्णु पौडेल**
एम.ए. दोस्रो वर्ष
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

# विषय सूची


**प्रथम परिच्छेद : शोधपरिचय** ज्ञ(ट

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधकार्यको उद्देश्य १

१.५ शोधकार्यको औचित्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको सीमाङ्कन ५

१.८ सामग्रीसङ्कलन पद्धति ६

१.९ शोधपत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद : प्रेमराजेश्वरी थापाको जीवनी र व्यक्तित्वको अध्ययन** ७-२०

२.१ प्रेमराजेश्वरी थापाको जीवनी ७

२.१.१ जन्म र बाल्यकाल ७

२.१.२ शिक्षा-दीक्षा ७

२.१.३ पारिवारिक जीवन ८

२.१.४ किशोरावस्था र युवावस्था ८

२.१.५ वैवाहिक जीवन ९

२.१.६ बसोबास आजीविका १०

२.१.७ साहित्यलेखनमा प्रेरणा र प्रभाव १०

२.१.८ साहित्यिक नाम ११

२.१.९ भाषा ११

२.१.१० रुचि तथा स्वभाव १२

२.१.११ जीवनदृष्टि १२

२.१.१२ साहित्ययात्रा १२

२.१.१३ सुःख र दुःखका क्षणहरू १३

२.१.१४ स्वास्थ्य तथा बृद्धकाल १४

२.२ प्रेमराजेश्वरी थापाको व्यक्तित्वको अध्ययन १४

२.२.१ व्यक्तित्वनिर्माणको पृष्ठभूमि १४

२.२.२ प्रेमराजेश्वरी थापाको बाह्य व्यक्तित्व १५

२.२.३ प्रेमराजेश्वरी थापाको आन्तरिक व्यक्तित्व १६

२.२.४ साहित्यिक व्यक्तित्व १६

२.२.५ कलाप्रेमी व्यक्तित्व १९

२.२.६ सहित्येतर व्यक्तित्व १९

(क) गृहिणी व्यक्तित्व १९

(ख) सामाजिक व्यक्तित्व २०

**तेस्रो परिच्छेदः प्रेमराजेश्वरी थापाको कृतित्वको वर्गीकरण र विश्लेषण २१-७०**

३.१ प्रेमराजेश्वरी थापाका कविताको वर्गीकरण २१

३.१.१ प्रेमपरक कविता २२

३.१.२ प्रेमइतर कविता २७

(क) प्रकृति चित्रण २८

(ख) देशप्रेम ३०

(ग) ईश्वरभक्ति ३२

(घ) आँसु र वेदना ३४

(ङ) नारीचेतना ३७

(च) सङ्गीतप्रेम ३८

(छ) नीतिपरक ४०

३.२ कविताका तŒवका आधारमा प्रेमराजेश्वरी थापाको कवितासङ्ग्रह 'तिम्रो याद वर्षा' को विश्लेषण ४६

३.२.१ शीर्षकव्यवस्था ४६

३.२.२. संरचना ४९
३.२.३ विषयवस्तु ५०
३.२.४ लयविधान ५४
३.२.५ कथनपद्धति ५८
३.२.६ भाषाशैली ५९
३.२.७ बिम्ब र प्रतीकको प्रयोग ६१
३.२.८ अलङ्कार प्रयोग ६४
३.३ प्रेमराजेश्वरी थापाका अन्य फुटकर अप्रकाशित कविताको विश्लेषण ६६
३.३.१ शीर्षक नभएका हिन्दी कविताहरू ६६
३.३.२ नारी ६७
३.३.३ दो पथिक ६८
२.३.४ मेरा परिचय ६८
२.३.५ एक कटुसत्य ६९
२.३.६ श्रद्धाञ्जलि ७०

**चौथो परिच्छेद : प्रेमराजेश्वरी थापाको साहित्यिक योगदान र मूल्याङ्कन ७१-८४**
४.१. नेपाली कवयित्रीहरूका तुलनामा प्रेमराजेश्वरी थापा ७१
४.१.१ नारीसृजनाको आरम्भ ७१
४.१.२ केही पूर्ववर्ती र समकालीन कवयित्रीहरूका तुलनामा प्रेमराजेश्वरी थापा ७१
(क) ललितत्रिपुरसुन्दरी र प्रेमराजेश्वरी थापाबीच तुलना ७२
(ख) भगवतकुमारी पाण्डे र प्रेमराजेश्वरी थापा ७४
(ग) कुसुममञ्जरीदेवी र प्रेमराजेश्वरी थापा ७५
(ख) लोकप्रियादेवी र प्रेमराजेश्वरी थापा ७६
(ङ) विद्यादेवी दीक्षित र प्रेमराजेश्वरी थापा ७९
(च) गोमा र प्रेमराजेश्वरी थापा ८०
४.२ नेपाली कविता साहित्यमा प्रेमराजेश्वरी थापाको स्थान, योगदान र मूल्याङ्कन ८१

पाँचौ परिच्छेद : उपसंहार ८५-८६

सन्दर्भसामग्री विवरण

परिशिष्ट

# सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| एम. ए. | - | मास्टर अफ आर्ट्स |
| क.क. | - | कमान्डिङ कर्नेल |
| क. | - | कर्नेल |
| कु | - | कुमारी |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| पृ | - | पृष्ठ |
| प्रा. | - | प्राध्यापक |
| वि.स. | - | विक्रम संवत् |
| सम्पा | - | सम्पादक |
| स्व. | - | स्वर्गीय |

## प्रथम परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवयित्री प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको नेपाली विषयको स्नातकोत्तर तहको आँशिक परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

प्रेमराजेश्वरी थापा नेपाली साहित्यकी सृजनशील साधक हुन् । नेपाली साहित्यमा उनका सम्बन्धमा अध्ययन गर्ने सामान्य प्रयासहरू भएका भए तापनि उनको जीवनीका साथै व्यक्तित्व र कृतित्व पक्षको समग्ररूपमा अध्ययन र विवेचना भएको देखिँदैन । नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने थापाका जीवनी, व्यक्तित्व, कृतित्व एवम् तिनीहरूका विविध पक्षलाई प्रकाशमा ल्याइने भएकाले प्रस्तुत शोधशीर्षकअन्तर्गत निम्नानुसारका समस्याहरू देखिएका छन् ।

१. प्रेमराजेश्वरी थापाको जीवनीका साथै उनको व्यक्तित्व के-कस्तो रहेको छ ?
२. प्रेमराजेश्वरी थापाका कृतिहरू के-कस्ता रहेका छन् ?
३. नेपाली भाषा र साहित्यमा उनको के-कस्तो स्थान र योगदान रहेको छ ?

### १.४ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही प्रेमराजेश्वरी थापाको समग्र जीवन र उनका जीवनमा घटेका विभिन्न घटनाहरू सुख-दुःख तथा तिनबाट उनको जीवनमा परेको प्रभाव

उनको जीवनदृष्टि, उनको जीवनमा साहित्यको महत्त्व आदि पहिल्याउनु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । अतः उद्देश्यहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ ।

१. प्रेमराजेश्वरी थापाको जीवनी तथा व्यक्तित्वको जानकारी दिनु,
२. प्रेमराजेश्वरी थापाका कृतिहरू के, कति र कस्ता छन् भन्ने कुरा निर्क्योल गरी प्राप्त कृतिको विश्लेषण र विवेचना गर्नु,
३. नेपाली साहित्यको इतिहासमा प्रेमराजेश्वरी थापाका स्थान र योगदानको मूल्याङ्कन गर्नु ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रद्वारा साहित्यकार प्रेमराजेश्वरी थापालाई नेपाली साहित्यजगतका माध्यमबाट सबैमा चिनाउने प्रयास गरी उनले पुऱ्याएको मुख्य योगदानको चर्चा गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गरिएको हुनाले आउने पिढिँलाई उनको जीवनका बारेमा तथा कृतिको बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । प्रेमराजेश्वरी तत्कालीन अवस्थाको तुलनात्मक रूपमा एक सशक्त महिला साहित्यकार भएर पनि ओझेलमा रहेकी हुनाले उनलाई सार्वजनिक रूपमा ल्याउने काम यस शोधकार्यले गरेको छ । साथै थापा र उनका कृतिहरूका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई मार्गनिर्देशन गर्नमा प्रस्तुत शोधकार्यबाट पर्याप्त मात्रामा सहयोग हुने आशा गरिएको छ ।

त्यसकारण यस शोधकार्यबाट प्रेमराजेश्वरी थापालाई नेपाली साहित्यमा चिनाउँदै उनका स्थान र योगदानको मूल्याङ्कन गरिएको हुनाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण भएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

महिला साहित्यकारहरूको खोजी गर्दा औँलामा गन्नुपर्ने समयमा पनि प्रेमराजेश्वरी थापाले आफ्ना रचनामार्फत नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएकी थिइन् । यति भएर पनि केही पत्रपत्रिका र कुनै-कुनै कृतिहरूमा बाहेक थापाको चर्चा पाइँदैन । विस्तृत रूपमा यिनका रचनाहरूको अध्ययन, विश्लेषण र मूल्यनिर्धारण गर्ने काम कतै भएको

देखिँदैन । केही विद्वानहरूले वा साहित्यकारहरूले थापाका निजी व्यक्तित्व र स्रष्टा व्यत्तित्वका बारेमा सङ्क्षिप्त चर्चा गरेको पाइन्छ । उनका बारेमा आजसम्म जे-जति कार्य भएका छन् तिनलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिन्छ ।

(क) भवानी भिक्षुले प्रगति पत्रिकाको द्वैमासिक साहित्य संकलन पृ. ८३ वर्ष १ अंक ३ २०१० भदौमा "नेपाली साहित्यका स्त्री कविहरुमा श्री प्रेमराजेश्वरी देवीको विशिष्ट स्थान छ ।" भनी उल्लेख गरेका छन् ।

(ख) प्रेमराजेश्वरी थापाका काव्यका सन्दर्भमा ईश्वर बरालले आफ्नो **हिमालचुली** (२०१२) नामक पुस्तकमा "थापा नारी हुनाले प्रतिविह्वलताका अभिव्यक्तिमा भिक्षुभन्दा बढ्ता छटपटी छ । तिनका प्रेमार्थी भावना प्रियका निम्ति उद्रिक्त भएका छन् । यस प्रकारको प्रीतिपिपासामा थापाको सुकुमार हृदय धेरै जसो यस विषय संसारमा यन्त्रणाबोधले पराहत भएको देखिन्छ ।" मनी उल्लेख गरेका छन् ।

(ग) 'नेपाली भाषा प्रकाशिनी समिति' द्वारा प्रकाशित **नेपाली पद्यसङ्ग्रह** दोस्रो भाग (२०१८ पौष) मा प्रेमराजेश्वरी थापाका कवितामा आन्तरिक सुख र दुःखको उच्छ्वास र निश्वास पाइने कुरा उल्लेख गरिएको छ ।

(घ) हृदयचन्द्रसिंह प्रधानले **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) नामक पुस्तकमा कवयित्री थापाको काव्यकृतिको गहिरिएर समीक्षा गर्दै "कुमारी डम्बरशम्शेर थापा नामबाट लेखिएका कविता पनि यिनै कवयित्री प्रेमराजेश्वरीका रहेछन् । यिनी श्री भिक्षु स्कुलकी कवयित्री देखिन्छिन् । भिक्षुका साथ यिनले पनि छायावादको प्रेमप्रवाह ल्याइन् । तर प्रेमतŒवको गहिराइमा कुमारी कवयित्री भिक्षुभन्दा पनि दुईकदम अगाडि पुगेकी छन् ।" भनी चर्चा गरेका छन् ।

(ङ) चूडामणि बन्धुद्वारा सम्पादित साझा प्रकाशनबाट प्रकाशित **साझा कविता** (२०२४) मा प्रेमराजेश्वरी थापा प्रेम र विरहकी कवयित्री भएको उल्लेख गरेका छन् ।

(च) "प्रेमराजेश्वरी थापाका कविताको विषयमा "नेपाली काव्यसाहित्यमा पीडाको साधना" शीर्षक एउटा व्याख्यात्मक आलोचना श्रीमती प्रभादेवी उपाध्यायको नामबाट २००० सालमा निस्केको थियो ।" भनी **आधुनिक नेपाली साहित्यको झलक**

(वि.स. २०३४, साझा प्रकाशन ) नामक पुस्तकमा रत्नध्वज जोशीले उल्लेख गरेका छन् ।

(छ) चूडामणि बन्धुद्वारा सम्पादित साझा प्रकाशनबाट प्रकाशित **देवकोटा** (२०३६) मा देवकोटाको पहिलो समालोचनामा नै देवकोटाले प्रेमराजेश्वरीको कविताको प्रशंसा गरेको कुरा उल्लेख गरिएको छ ।

(ज) मोदनाथ प्रश्रितले **नारीः वन्धन र मुक्ति** (सन् १९८६) नामक पुस्तक (पृष्ठ १३३) मा प्रेमराजेश्वरी थापाले पितृसत्ता र सामन्ती शोषणबाट मुक्तिको निम्ति क्रान्तिकारी कविता पनि लेखेको कुरा उल्लेख गरेका छन् ।

(झ) वि.सं. २०४२ सालमा शोधार्थी हरिबाबु पोखेलले आफ्नो 'लोकप्रियादेवीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको स्नातकोत्तर शोधपत्रमा लोकप्रियादेवी र प्रेमराजेश्वरीको बीच तुलना गर्दै लोकप्रियाका कविताभन्दा प्रेमराजेश्वरीका कविता बढी सशक्त भएको र नेपाली कविताको क्षेत्रमा प्रेमराजेश्वरीको काव्यधाराले नेपाली कविता यात्रालाई अर्कै घुम्तीतिर मोडेको कुरा उल्लेख गरेका छन् ।

(ञ) २०४२ साल जेठ १२ गते **गोरखापत्रमा** छापिएको देवी शर्माद्वारा लिखित 'साहित्य कला र सङ्गीतकी प्रेमी : प्रेमराजेश्वरी' नामक लेखमा प्रेमराजेश्वरी साहित्य कला र सङ्गीतको त्रिवेणी मन पराउँथिन भन्ने कुरा उल्लेख गरेकी छन् ।

(ट) वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीद्वारा सम्पादन गरिएको र साझा प्रकाशनले प्रकाशित गरेको पुस्तक **नेपाली कविता भाग-४** (२०४६ प्रथम संस्करण - द्वितीय संस्करण, २०५३) मा स्वच्छन्दतावादी धारामा सम्मिलित हुने प्रथम पुस्ताका मुख्य कविहरूको नाममा प्रेमराजेश्वरीको नाम पनि उल्लेख गरेका छन् ।

(ठ) घटराज भट्टराईद्वारा सम्पादित **नेपाली साहित्यकार परिचय कोश** (२०५१) शीर्षक पुस्तकमा प्रेमराजेश्वरी थापाको उल्लेख गरेको पाइन्छ । यसमा वैवाहिक जीवनपछि थापाले साहित्यलेखन कार्य रोकेको कुरा उल्लेख गरिएको छ ।

(ड) प्रेमराजेश्वरी थापाको प्रेमकाव्यको महत्त्वबारे, नरेन्द्रराज प्रसाईले आफ्नो **नारीचुली**, वि.सं. २०६३ नामक कृतिमा "प्रेमराजेश्वरी थापाले प्रेमका परिभाषामा कविता लेखिन्, प्रेमीप्रतिका समर्पणमा कविता लेखिन् र प्रेममय जीवनलाई नै कवितामा स्थापित गरिन् । उनको कविता लेखनको स्रोत नै माया हो । उनको काव्य रचनाको गन्तव्य नै स्नेह हो र उनको सिर्जनात्मक अभिव्यक्तिको केन्द्रीय स्वरूप नै प्रेमको प्रस्तुति हो ।" भनी उल्लेख गरेका छन् ।

यसरी विभिन्न लेखक तथा समीक्षकहरूले प्रेमराजेश्वरी थापाका बारेमा सङ्केतात्मक र सूचनात्मक अध्ययन गरे पनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा कसैले पनि व्यवस्थित, विस्तृत र प्रामाणिक अध्ययन गरेका छैनन् । सङ्क्षेपमा नै भए पनि पूर्व अध्येताहरूले थापा र उनका व्यक्तित्वका बारेमा गरेका अध्ययनबाट प्रस्तुत शोधकार्य गर्न केही मात्रामा सूचनाहरू प्राप्त हुन सक्ने भएकाले प्रस्तुत शोधकार्यका लागि ती सूचनात्मक टिप्पणीहरू उपयोगी हुनेछन् । यसरी प्रेमराजेश्वरी थापाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र रूपमा अध्ययन नगरेका सन्दर्भमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको अध्ययनमा प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य प्रेमराजेश्वरी थापाका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यस शोधकार्यमा उनका जीवनीका आरोह-अवरोह एवम् व्यक्तित्वका विविध पक्षलाई स्पष्ट पार्दै उनका काव्यकृतिहरूको विवेचना तथा विश्लेषण गरिएको छ । प्रसङ्गवश उल्लेख गरिनुपर्ने अन्य रचनाहरूको पनि आवश्यकतानुसार सङ्केत गरिएको छ । यसक्रममा उनको जीवनी, उनका जीवनमा घटित विभिन्न घटनाहरूबाट उनको व्यक्तित्व निर्माणमा परेका प्रभावका साथै साहित्यिक जीवनमा परेको प्रभावको विश्लेषण गरिएको छ । यही नै यस शोधकार्यको सीमा रहेको छ । सामग्री सीमाका रूपमा प्रेमराजेश्वरी थापाका नेपाली र हिन्दीमा लेखिएका कृति तथा यस बारेमा समीक्षा गरेका लेखरचनाहरू रहेका छन् ।

## १.८ सामग्रीसङ्कलन पद्धति

प्रस्तुत शोधपत्रको तयारीका लागि पुस्तकाललीय अध्ययनपद्धतिलाई सामग्री सङ्लकनको मूल आधार बनाइएको छ । जीवनी र व्यक्तित्व पक्षको अध्ययनका लागि क्षेत्रीय अध्ययनपद्धतिको उपयोग गरिएको छ । यस क्रममा शोधनायिकाको परिवार तथा सम्पर्कमा रहेको विद्वान्, चिन्तक, समाजसेवी तथा बुद्धिजीवी आदि व्यक्तिहरूसँग भेटघाट गरी प्रश्नावली, अन्तवार्ता आदि विधिद्वारा आवश्यक प्राथमिक सामग्री जुटाइएको छ । अग्रजहरूद्वारा लिखित पूर्वकार्यहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । साथै कृतित्व पक्षका लागि थापाका साहित्यिक रचनावर्ग अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोत्रपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि पाँचवटा परिच्छेदमा विभाजन गरी निम्नलिखित शीर्षक राखिएको छ ।

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : प्रेमराजेश्वरी थापाको जीवनी र व्यक्तित्वको अध्ययन

३. तेस्रो परिच्छेद : प्रेमराजेश्वरी थापाको कृतिको वर्गीकरण र विश्लेषण

४. चौथो परिच्छेद : प्रेमराजेश्वरी थापाको साहित्यिक स्थान र योगदानको मूल्याङ्कन

५. पाँचौँ परिच्छेद : उपसंहार

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकतानुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## दोस्रो परिच्छेद

# प्रेमराजेश्वरी थापाको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ प्रेमराजेश्वरी थापाको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

प्रेमराजेश्वरी थापाको जन्म वि.स. १९७२ फाल्गुन १७ गते सोमबारका दिन काठमाडौँको हात्तीसारमा भएको हो । पिता कमान्डिङ कर्नेल डम्बरशमशेर थापा र माता भीमकुमारीका ६ सन्तानमध्येकी प्रेमराजेश्वरी थापा कान्छी हुन् ।[१] पुर्ख्यौली आर्थिक परिस्थिति राम्रो भएकोले यिनलाई कुनै किसिमको अभाव भएको पाइँदैन । यिनी कान्छी छोरी भएकाले बाल्यकालमा पिता-माताबाट अझै विशेष गरी पिताबाट प्रशस्त माया र ममता पाएको बुझिन्छ । माता-पिताको स्नेह र लालन-पालनले बाल्यकालमा हुर्कनको निम्ति यिनलाई अनुकूल अवसर प्राप्त भएको पाइन्छ । यिनी दाजुदिदीहरूकी कान्छी बहिनी भएकोले उनीहरूले पनि बढी माया गरी यिनलाई हुर्काउनको निम्ति थप सघाउ सहयोग पुऱ्याएको देखिन्छ ।[२]

### २.१.२ शिक्षा-दीक्षा

प्रेमराजेश्वरी थापाको अक्षरारम्भ उनका पिता डम्बरशमशेर थापाबाटै भएको थियो । तत्कालीन समयमा छोरीलाई पढाउने चलन नभएकाले शिक्षित, पिताकी पुत्री घरमै बसेर, पढ्न बाध्य भइन् । यसरी नेपाल छँदा स्वाध्यायनबाट नै आफ्नो पढाइ सीमित राखी विवाहपश्चात् भारतबाट म्याट्रिक पास गरेको देखिन्छ । यसका अतिरिक्त उनलाई वाद्यवादनमा पनि सोख थियो । यस क्रममा यिनी सितार एवम् हारमोनियम पनि बजाउने गर्थिन् र गीत पनि गाउँथिन् । प्रेमराजेश्वरी थापाले सङ्गीतका क्षेत्रमा खासै उपाधि प्राप्त नगरे पनि स्वाध्ययनबाट हात लागेको सफलताकै आडमा उभिएर समाजमा बहुचर्चित हुन

[१] नरेन्द्रराज प्रसाई, **gf/Lr'nL**, (काठमाडौँः नइ प्रकाशन, २०६३) पृ. १०६, १०९ ।

[२] प्रेमराजेश्वरीकी दिदीको छोरा कर्नेल वीरेन्द्रविक्रम राणाबाट प्राप्त जानकारीका आधारमा ।

पुगेकी हुन् । भाषिक अध्ययनका क्षेत्रमा विविध सन्दर्भमा उनी विविध पुस्तक पत्र-पत्रिका पढ्ने गर्थिन् । यसबाट अनौपचारिक शिक्षालाई बढाउन उनलाई मद्दत पुग्थ्यो । [घ]

प्रेमराजेश्वरी थापा बाल्यकालदेखि नै साहित्यलेखनमा रुचि राख्थिन् । फलस्वरूप उनमा साहित्यिक पत्रपत्रिका पढ्ने रुचि जागृत हुनु स्वभाविकै थियो । यिनी कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायतका साहित्यकारका विभिन्न कृतिहरूसमेत पढ्थिन् । यसप्रकार औपचारिक अध्ययन गर्ने प्रबल इच्छा राख्ने तर अध्ययन गर्ने उचित अवसर प्राप्त नहुने प्रतिकूल परिस्थितिमा अनौपचारिक अध्ययनबाटै प्रेमराजेश्वरी थापा गहन अध्ययनमार्फत सघन ज्ञान हासिल गर्न सफल भएको देखिन्छ ।[ङ]

## २.१.३ पारिवारिक जीवन

प्रेमराजेश्वरी थापाका पिता कर्नेल डम्बरशमशेर थापा र माता भीमकुमारी थापाका तीन भाइ छोराहरू तिलकशमशेर, प्रसादशमशेर र लोचनशमशेर एवम् तीन बहिनी छोरीहरू डोलराजेश्वरी, दुर्गाराजेश्वरी र प्रेमराजेश्वरी थिए । प्रेमराजेश्वरी थापाका पिता कर्नेल डम्बरशमशेर थापा धनी, स्पष्ट र कडा व्यक्ति थिए । क. थापा तात्कालीन समयमा धन, शक्ति र व्यक्तित्व पनि भएका व्यक्ति थिए । त्यस बेला जो कोहिले पनि क. डम्बरशम्शेर थापासँग फूर्ति हाँक्न गाह्रो पर्दथ्यो । यसै परिवेशमा प्रेमराजेश्वरी थापा हुर्केकी थिइन् ।[छ] उनले घरबाहिर जान पनि ठूलो सङ्घर्ष गर्नुपरेको थियो । बाहिर जाँदा गाडीमा चढेर जानुपर्थ्यो । नारीजाति चढेको गाडीको झ्यालमा पर्दा लगाइन्थ्यो । यसले गर्दा बाहिरी दृश्य हेर्न पाउने अवस्था प्राप्त हुँदैनथ्यो ।[ट]

## २.१.४ किशोरावस्था र युवावस्था

प्रेमराजेश्वरी थापा तन, मन र धन तीनैतर्फबाट सुन्दरी थिइन् । यीमध्ये उनको व्यक्तित्वकै रौनकले धेरैलाई लोभ्याएको थियो । उनको सुन्दरताको पारख गर्न थुप्रै युवाहरू थापा निवासमा झुम्मिने गर्दथे । उनको शारीरिक चमकले त्यस बेलाका युवाहरूलाई

---

[३] ऐजन ।

[४] ऐजन ।

[५] नरेन्द्रराज प्रसाई, **gf/Lr'nL**, पूर्ववत् पृ. १०६-१०९ ।

[६] भदा अमृतशमशेर थापाबाट प्राप्त जानकारी ।

लठ्याएको थियो । थापानिवासमा जाने मान्छेको प्रमुख आकर्षण नै प्रेमराजेश्वरी थापा थिइन् । त्यस बेला गणेशशमशेर राणाले प्रेमराजेश्वरीलाई एकोहोरो मन पराउँथे । उनी कुमारी थापाको रूप, रङ्ग बाबुको नाम र धनको लागि पछि लागेका थिए । ।[७] सुश्री थापा भने भवानी भिक्षुसँगको भावनामा आफ्नो भावना गास्ने गर्दथिन् । भिक्षु र कुमारी थापा एक अर्कामा भावनात्मक रूपमा समर्पित थिए, तर अन्तर्जातीयताका कारणले औपचारिक रूपमा यिनीहरूले प्रेम प्रकरणलाई जनमानसमा देखाउन सकेनन् ।[८] यसरी यिनीहरूको प्रेमले अन्तिम रूप प्राप्त गर्न सकेन ।

## २.१.५ वैवाहिक जीवन

सबैभन्दा ठूलो मानवीय संस्कार वैवाहिक सम्बन्ध हो । यसको अभावमा ब्रह्माको सृष्टि नै असफल हुन्छ । वैवाहिक सम्बन्ध मानवको परिपक्व अवस्थामा स्त्री-पुरुषसँगको आजीवन मिलन हो । प्रेमराजेश्वरी थापाका पिता क. डम्बरशमशेर थापाले आफ्नी छोरीको लागि योग्य वर छान्दाछान्दा काठमाडौं उपत्यकामा योग्य वर भेटाउन सकेका थिएनन् । त्यसपछि अनेक जुक्ति खियाएर प्रेमराजेश्वरी थापाको बिहे भारतस्थित कानपुरका योगेन्द्रप्रताप शाहीसँग वि.स. २००५ फागुनमा गरिदिए । शाही उत्तरप्रदेशस्थित सुल्तानपुरका रजौटा थिए । शाही हरेक हिसाबमा थापाका स्तरमा दाजिने खालका थिए । त्यसैले थापाले आफ्नी छोरी शाहीलाई कन्यादान गरेका थिए । त्यसपछि प्रायः सम्पूर्ण दिन प्रेमराजेश्वरीले कानपुरमा नै बिताएकी थिइन् । उमेर ढल्केपछि बिहे गरे पनि थापाले सुखमय जीवन बिताउन सकिनन् ।[९] कुमारी थापाको पतिको समय पूर्णतया राजनीतिमा नै केन्द्रित थियो । एकातिर सन्तान नहुनु, अर्कातिर विदेशको बास हुनु, अनि आफ्ना पतिको जीवन राजनीतिमा सक्रिय हुनु नारीका लागि कष्टकर नै हुन्छ । यस्तै परिस्थतिमा प्रेमराजेश्वरी थापाको दाम्पत्य जीवन बाँधिएको थियो । विवाहपछि नै प्रेमराजेश्वरी थापाको साहित्यलेखन कार्य पनि रोकिएको हो ।[१०]

---

[७] नरेन्द्रराज प्रसाई, **gf/Lr'nL,** पूर्ववत, प १०६ ।

[८] ऐजन, पृ. १०५ ।

[९] ऐजन, पृ. १०७ ।

[१०] घटराज भट्टराई, **g]kfnL ;flxTosf/ kl/ro sf]z**, (काठमाडौं : गीता रिमाल २०५१), पृ. २९० ।

## २.१.६ बसोबास आजीविका

वि.सं. १९७२ मा जन्मिएकी प्रेमराजेश्वरी थापाको पुर्ख्यौली पुस्ता काठमाडौँमा नै रहेको हो । हालसम्म पनि प्रेमराजेश्वरी थापाका माइतीहरू काठमाडौँमा नै बसोबास गरिरहेका छन् । थापाले विवाहपूर्व काठमाडौँमा र विवाहपछि प्रायः सम्पूर्ण दिन भारतको कानपुरमा नै बिताइन् । बुढेसकालमा पनि प्रेमराजेश्वरी थापा नेपाल आइरहन्थिन् । उनी आफ्नो स्थायी बसोबास माइततिर बनाउन चाहन्थिन् । पछि उनी अस्वस्थताका कारणले चाहेर पनि आफ्नो माइतघर काठमाडौं आउन नसक्ने भइन् । उनको मृत्यु वि.सं २०५८ साल असार ३१ गते आइतबार आफ्नै घर आर्यनगर, कानपुरमा भयो । उनका पति अझै पनि भारतमा नै ९१ वर्षको बुढ्यौली जीवन बिताइरहेका छन् ।[११]

प्रेमराजेश्वरी थापाको बाल्यजीवन प्रायः मातापिताको कुशल संरक्षण तथा सम्बर्द्धनमा नै व्यतीत भएको थियो । थापाको परिवारमा आर्थिक सङ्कटले कहिल्यै पिरोलेन । उनका पतिको घर पनि त्यस्तै सम्पन्न र खानदानी थियो ।

योग्य महिलाका साथै साहित्यरचना गर्ने प्रेमराजेश्वरी थापाले पछिसम्म पनि कुनै पेसालाई जीविकाको साधन बनाएको देखिँदैन ।

नेपाली साहित्ययात्राको उत्थान र प्रबर्द्धनमा उल्लेख्य भूमिका खेल्न पुगेकी प्रेमराजेश्वरी थापाले साहित्यलेखनलाई पेसागत रूपमा नअँगाली आत्मसन्तुष्टिका माध्यमका रूपमा स्वीकारेकी छन् ।[१२] यति हुँदाहुँदै पनि जीवनमा केही गर्न नसकेको आफ्नो तीतो अनुभूति उनी सबैलाई सुनाउँथिन् ।

## २.१.७ साहित्यलेखनमा प्रेरणा र प्रभाव

प्रेमराजेश्वरी थापा सानैदेखि साहित्यतर्फ रुचि राख्थिन् । लेखनको आरम्भमा उनलाई प्रेरणा दिने कुनै व्यक्ति थिएनन् विभिन्न पुस्तक पत्रपत्रिकाको अध्ययन तथा विभिन्न विद्वान् तथा ठूला व्यक्तिहरूको सङ्गतले साहित्यलेखनमा प्रेरणा मिलेको थियो । लेखनसृजनामा उनले आफ्नो अन्तर्हृदयबाट प्रेरणा पाएकी हुन् । उनी सैद्धान्तिक र व्यावहारिक जीवनमा

---

[११] प्रेमराजेश्वरीकी दिदीको छोरा कर्नेल वीरेन्द्र विक्रम राणाबाट प्राप्त जानकारी

[१२] भदा अमृतशमशेर थापाबाट प्राप्त जानकारीका आधारमा ।

प्रेमको प्रतिमूर्ति नै थिइन् । उनी प्रेमविनाको मान्छे र पानीविनाको माछालाई एउटै धारमा राख्ने कवयित्री थिइन् । उनी आन्तरिक रूपमा आफ्नो मनभित्रको दुखः, वेदना, सुख-शान्ति, आशा-निराशा, कुण्ठा प्रेम सबै भावनामा बगेर स्वतः कलम समाई कोरा कागजमा कोर्न थालिन् । ती भावनाहरू गीत र कविताका रूपमा प्रस्फुटित हुन थाले । साहित्यिक क्षेत्रमा प्रवेश गरिसकेपछि भने भवानी भिक्षुसँगको संसर्गले उनको प्रेरणा र प्रभावलाई अघि बढाएको देखिन्छ ।[ज्ञघ] भिक्षुसँग उनले नेपाली साहित्यमा 'छायावाद' को प्रेमप्रवाह ल्याइन् । विशेष गरेर प्रेमराजेश्वरी थापा प्रेम, पीडा, दुःख, व्यथाकी सफल छायावादी कवयित्री हुन् । उनको लेखनमा विशेषगरी नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, भवानी भिक्षु आदिको प्रभाव र तुलसीदास, सुमित्रानन्दन पन्त, महादेवी बर्मा (कवयित्री) आदिको प्रभाव परेको देख्न सकिन्छ ।[ज्ञद्ध]

## २.१.८ साहित्यिक नाम

प्रेमराजेश्वरी थापाको बोलाउने नाम प्रेमराजेश्वरी थापा नै हो । उनले 'शारदा' पत्रिकामा आफ्ना कविताहरू छपाउँदा कु. डम्बरशमशेर थापाका नामबाट छपाएकी थिइन् । तत्कालीन समयमा नारीजातिलाई घरबाहिर जान अप्ठ्यारो पर्ने स्थितिमा आफ्नो नामबाट पत्रिकामा कविता छपाउँदा सङ्कोच भएकाले कुमारी थापाले आफ्नो पिताको नामबाट आफ्ना लेख छपाउने गर्दथिन् । वास्तवमा उनी आफूलाई त्यति ठूलो साहित्यकार सम्झिन्नथिन् ।[ज्ञछ]

## २.१.९ भाषा

प्रेमराजेश्वरी थापाले आफ्ना मातृभाषा नेपालीबाहेक विशेष रूपमा हिन्दी, अङ्ग्रेजी भाषा जानेकी थिइन् । प्रेमराजेश्वरी थापाको पतिघर भारतमा भएकोले पनि उनले हिन्दीभाषा बोल्नु स्वाभाविक थियो । उनी हिन्दी भाषा लेख्न र बोल्न सक्दथिन् । भारतमा रहँदा नै उनले केही हिन्दी भाषामा कविता पनि लेखेकी थिइन् ।[ज्ञट]

---

[१३] प्रेमराजेश्वरी थापाकी दिदीको छोरा क. वीरेन्द्रविक्रम राणाबाट प्राप्त जानकारी ।

[१४] श्यामदास वैष्णव, **तिम्रो याद वषा**, प्रेमराजेश्वरीको साहित्यिकमुक्ताहार, (काठमाडौं : नइ प्रकाशनः २०६३) पृ. २९।

[१५] प्रेमराजेश्वरीकी दिदीकी बुहारी चन्द्रा राणाबाट प्राप्त जानकारी ।

[१६] साहित्यकार नरेन्द्रराज प्रसाईबाट प्राप्त जानकारी ।

### २.१.१०रुचि तथा स्वभाव

प्रेमराजेश्वरी थापा बहुआयामिक व्यक्तित्वकी धनी थिइन् । वाद्यवादनमा उनको विशेष रुचि थियो । उनी हार्मोनियम बजाउँथिन्, सितार बजाउँथिन् र गीत पनि गाउँथिन् । उनी बुन्ने काममा विशेष रुचि राख्थिन् । उनका घरपरिवारका मान्छेले स्वीटर किन्नुपर्दैनथ्यो । सबैलाई उनले स्वीटर बुनेर प्रेमोपहार दिन्थिन् । त्यति मात्र होइन चिनेजानेका र मन परेका मान्छेलाई पनि उनी आफैले बुनेको स्वीटर उपहार दिने गर्थिन् ।

प्रेमराजेश्वरीको विशेष रुचिचाहिँ तस्बिर खिच्नु र खिचाउनुमा पनि थियो । उनी फूलबगैँचाको सौखिन पनि थिइन् । उनी घरमा थरीथरीका फूलहरू रोप्थिन् । रूपकी धनी, प्रतिभाकी खानी र धनीकी छोरी भएर पनि उनमा कुनै सम्पन्नताको तुजुक थिएन । उनी सादा जीवनको नमूना थिइन् । उनी सहयोगी तथा मिलनसार पनि थिइन् । उनी अर्काको सेवामा आफ्नो जीवन अर्पण गर्दथिन् ।[१७]

### २.१.११ जीवनदृष्टि

प्रेमराजेश्वरी थापामा मानवतावादी जीवनदृष्टि देख्न सकिन्छ । अर्को शब्दमा प्रेमराजेश्वरी थापा मानवधर्मको पक्षपाती थिइन् । उनी मिलनसार पनि थिइन् । घरपरिवारमा पनि पकाउने र खुवाउने काममा उनी समर्पित हुन्थिन् । उनले आफ्नो शरीरमा अल्छीपन कहिल्यै ल्याइनन् ।[१८]

### २.१.१२साहित्ययात्रा

प्रेमराजेश्वरी थापा 'शारदा' प्रकाशनकालकी कवयित्री हुन् । त्यस समयमा उनका थुप्रै गीत र कविता 'शारदा' मा छापिएका थिए । नेपाली नारी साहित्यकारले लेखनको सुरुवात शारदा पत्रिकाको माध्यमबाट नै गरेका हुन् । सम्भ्रान्त परिवारकी युवती कुमारीको साहित्य क्षेत्रमा पदार्पण नभन्दै सप्रशंस थियो ।[१९] प्रेमराजेश्वरी थापा 'शारदा' मासिक पत्रिकाको वि.सं. १९९७ चैत्र अङ्कमा प्रकाशित **किन ?** शीर्षकको कविताका माध्यमबाट

---

[१७] नरेन्द्रराज प्रसाई, **नारीचुली**, पूर्ववत् पृ १०८ ।

[१८] ऐजन ।

[१९] ईश्वर वराल, **हिमालचुली**, दो.सं. (विराटनगरः पूर्वाञ्चल पुस्तक भण्डार, २०२६) पृ. २९ ।

नेपाली भाषा साहित्यका फाँटमा उदाइन् । प्रेमराजेश्वरी थापाले वि.सं. १९९७ सालदेखि २००२ सालसम्म शारदामा आफ्नो प्रतिभाको प्रदर्शन गरिन् । २००५ सालमा भारतमा योगेन्द्रप्रताप शाहीसँग उनको विवाह भएपछि थापाको कविताको मूल सुक्यो । त्यस बेलाको सामाजिक प्रचलनले उनको प्रतिभाको प्रस्फुटन हुन पाएन । नेपाली साहित्यकासमा एकपल्ट झलमल्ल भएर झुल्किसकेको उज्यालो तारा हराएको सबै साहित्यप्रेमीले थाहा नपाएका होइनन् तर त्यतातिर सोधखोज गर्ने कसैले चेष्टा गरेनन् । विवाह भएपछि पनि प्रत्येक वर्ष उनी आफ्नो माइती आउने गर्दथिन् ।

प्रेमराजेश्वरी थापाको सुषुप्त प्रतिभालाई बिउँझाएर मूर्तरूप दिने व्यक्ति नेपाली साहित्यका प्रख्यात साहित्यकार स्व. भवानी भिक्षु थिए । स्व. भिक्षुकै सत्प्रयासबाट वि.सं. २०३१ सालमा प्रेमराजेश्वरी थापाका वि.सं. १९९७ सालदेखि २०२३ सम्मका २१ वटा कविताको सङ्कलन **अनुभूति** प्रकाशित भएको थियो । 'अनुभूति' प्रकाशनको कुरा साहित्यका पाठकसमक्ष पुगेन । पुस्तक कति छापियो ? छापिएर कहाँ गयो ? केही थाहा भएन । सो सङ्ग्रह अहिले अप्राप्त नै छ ।[20] यसका अतिरिक्त प्रेमराजेश्वरी थापाका ३ दर्जन जति हिन्दी भाषामा लेखिएका अप्रकाशित फुटकर कविताहरू छन् जुन नइ प्रकाशनको सौजन्यमा प्रकाशनको तयारीमा रहेका छन् ।

उनको देहावसानपश्चात् उनका कृतिहरू उनका आफन्तहरूले सम्हालिराखिदिएकाले उनका भदा अमृतशमशेर थापाका सौजन्यमा नइ प्रकाशनको सक्रियतामा प्रेमराजेश्वरी थापाको अर्को कविता सङ्ग्रह **तिम्रो याद वर्षा**' (२०६३) प्रकाशित भएको छ यस कृतिमा ठूला र साना गरी ७८ वटा गीत र कविता रहेका छन् ।

## २.१.१३ सुःख र दुःखका क्षणहरू

प्रेमराजेश्वरीको जीवनमा गाँस, बास र कपासको समस्याले कहिल्यै पिरोलेन । किनभने यिनी उच्च खान्दानी कुलघरानकी छोरी थिइन् । बाबुले उनको बिहे पनि आफूजस्तै कुलघरानमा गरिदिएका थिए । पीर र कुण्ठाले भने प्रेमराजेश्वरीको जीवनलाई कहिल्यै छोडेन । उनी माइतीमा हुँदा पनि घरबाहिर निस्कनका लागि पनि ठूलो सङघर्ष गर्नुपर्दथ्यो ।

[20] देवी शर्मा 'साहित्य कला र संङ्गीतकी प्रेमीः प्रेमराजेश्वरी', **गोरखापत्र** (शनिवासरीय परिशिष्टाङ्क, १२ जेठ २०४२) पृ. ग ।

प्रेरणा र जनसम्पर्कको अभावमा उनका भावनाहरू आफैभित्र कुण्ठित भएका थिए । उनले त्यहीँ आफ्ना मनका कुण्ठा, दुःख वेदनाका अमिला र टर्रा अनुभूतिलाई कविताका माध्यमबाट अभिव्यक्त गरेकी छन् ।

उमेर ढल्केपछि उनको बिहे भएको भएतापनि वैवाहिक जीवनबाट पनि उनले पूर्णतया सन्तुष्टि प्राप्त गर्न नसकेको देखिन्छ । उनका पति राजनीतिमा लाग्नु, सन्तान नहुनु र विदेशको बास हुनु प्रेमराजेश्वरी थापाको लागि दुःखपूर्ण अनुभूति थिए । मानिसको जीवनमा शारीरिक सुखभन्दा मानसिक सुःखले महत्त्वपूर्ण स्थान राख्छ । यसको उल्टो प्रेमराजेश्वरीको जीवनमा मानसिक सुःखले कहिल्यै पनि बास पाएन ।[२१]

### २.१.१४ स्वास्थ्य तथा बृद्धकाल

उनको जीवनको असन्तुष्टिले गर्दा उनी बारम्बार आफ्नो माइती घर नेपाल आइरहन्थिन् । यिनको मन आफैँमा भाँचिइसकेको थियो । पूर्वस्मृतिका अनेक विम्वहरू उनको आँखा वरिपरि नाँच्ने गर्दथे । यस्तो परिस्थितिमा उनी झोक्राउन थाल्थिन् । जीवनप्रतिको नैराश्यमै उनी भौंतारिन थाल्थिन् । त्यसपछि अस्वस्थताले गर्दा उनी यताउता हिड्डुल गर्न नसक्ने भइन् र यस्तै स्थितिमा उनी डिप्रेसनमा भासिँदै गइन् । त्यसै रोगले उनको ज्यान पनि लियो । उनको मृत्यु वि.सं. २०५८ असार ३१ गते आइतबार आफ्नै घर आर्यनगर, कानपुरमा भयो ।[२२]

## २.२ प्रेमराजेश्वरी थापाको व्यक्तित्वको अध्ययन

### २.२.१ व्यक्तित्वनिर्माणको पृष्ठभूमि

कुनै पनि व्यक्तिको आफ्नै एक विशिष्ट व्यक्तित्व हुन्छ । सामान्यतया व्यक्तिको व्यक्तित्वनिर्माणमा उसको धर्म, संस्कृति, शिक्षा, परिवार र सामाजिक संरचनाले मुख्य भूमिका खेलेको हुन्छ । प्रायः मानिसको व्यक्तित्व दुई प्रकारका हुन्छन् (१) बाह्य व्यक्तित्व र (२) आन्तरिक व्यक्तित्व । व्यक्तिमा देखिने बाह्य आकारप्रकारलाई बाह्य व्यक्तित्व र

---

[२१] साहित्यकार नरेन्द्रराज प्रसाईबाट प्राप्त जानकारी ।

[२२] नरेन्द्रराज प्रसाई, **नारीचुली**, पूर्ववत् पृ. ११० ।

आन्तरिक रूपमा रहेको गुण, क्षमता, कौशल, चातुर्य, सिर्जनशीलता आदिलाई आन्तरिक व्यक्तित्व भनिन्छ ।

प्रेमराजेश्वरी थापाको व्यक्तित्वनिर्माणमा पनि पिताले ग्रहण गरेको शिक्षा, उनको माइतीघरको सम्पन्नता र हिन्दूधर्म-संस्कृतिप्रतिको अगाध, श्रद्धा, विश्वास र आस्थाले ठूलो भूमिका खेलेको देखिन्छ । कुनै पनि मानवीय व्यक्तित्वलाई हचुवाका आधारमा एक निश्चित प्रकारमा बाँड्न सकिँदैन तथापि व्यावहारिक सुविधाका लागि विभिन्न आधारमा यसको वर्गीकरण गरिएको हुन्छ । माथि भनिएजस्तै मानवीय व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । यस आधारमा हेर्दा प्रेमराजेश्वरी थापामा उपर्युक्त दुवै व्यक्तित्व मिश्रित रूपमा विद्यमान रहेको पाइन्छ ।

## २.२.२ प्रेमराजेश्वरी थापाको बाह्य व्यक्तित्व

सामान्य बोलीचालीको भाषामा कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्व भन्नाले यसको बोली, व्यवहार, भेषभूषा, शारीरिक सु-सङ्गठन, रूप, रङ्ग आदिलाई बुझ्न सकिन्छ । यसै तथ्यका आधारमा प्रेमराजेश्वरी थापाको बाह्य व्यक्तित्वको परिचय दिनुपर्दा उनको शारीरिक बनावटको व्याख्या गर्नु प्रासङ्गिक ठहर्छ ।

प्रेमराजेश्वरी थापा तनकी साह्रै सुन्दरी थिइन् । उनको शारीरिक व्यक्तित्वको रौनकले धेरैलाई लोभ्याएको थियो । उनको सुन्दरताको पारख गर्न धेरै युवाहरू थापा निवासमा झुम्मिने गर्थे । उनको शारीरिक चमकले त्यस बेलाका युवाहरूलाई लठ्याएको थियो ।

उनको जीउडालको कुरा गर्दा उनी न गोरी थिइन् न काली थिइन्, न अग्ली थिइन् न होची थिइन् । उनको मुखाकृतिले चिन्तनशील, गम्भीर रूपमा उनलाई प्रस्तुत गराउँथ्यो । उनको शरीर उत्साही र फुर्तिलो देखिन्थ्यो । यिनको शरीरमा अल्छीपना कहिल्यै आएन । उनी हरेक काम गर्दा जाँगर चलाएर गर्दथिन् । प्रेमराजेश्वरी थापाले नेपाली पोसाक धोती, चोलो, सिन्दुर पोते चुरा लगाउँथिन् । उनको लवाइ, खवाइ, हिँडाइ, बोलाइ निकै

आकर्षक थियो । यी सबै कारणले उनको व्यक्तित्व सबैलाई मन्त्र मुग्ध पार्ने खालको भएको पुष्टि हुन्छ ।[२३]

### २.२.३ प्रेमराजेश्वरी थापाको आन्तरिक व्यक्तित्व

आन्तरिक भन्नाले भित्री मनको तह अर्थात् भावनात्मक कुरालाई लिइन्छ । अनुमानका आधारमा यसलाई परिचित गराउनुपर्ने हुनाले कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्वको वर्णन गर्नुपर्दा साझा मानवीय आन्तरिक प्रवृत्ति अर्थात् बानी व्यवहार, आचार, विचार, चिन्ता र स्वभावलाई लिनु आवश्यक ठहर्छ ।

प्रबुद्ध र सम्वेदनशील व्यक्तित्वकी धनी प्रेमराजेश्वरी थापाको सामान्य कुराकानीमा पनि उत्तिकै आकर्षण थियो ।[२४]

प्रेमराजेश्वरी थापाको आन्तरिक व्यक्तित्वको निर्माणमा उनको क्रियाशीलता, हिन्दुधर्म संस्कृतिप्रतिको आगाध आस्था सत्यनिष्ठाले गर्दा प्रभावित तुल्याएको देखिन्छ । प्रेमराजेश्वरी थापा सैद्धान्तिक र व्यावहारिक जीवनमा प्रेमकी दोभान नै थिइन् । उनी प्रेमविनाको मान्छे र पानीविनाको माछालाई एउटै धारमा राख्ने कवियित्री थिइन् । उनको गुण प्रसन्न चित्त मिलनसार थियो । नेपालीपन, नेपाली संस्कृति, नेपाली व्यवहारले उनलाई अत्यन्त स्वच्छ र पवित्र नारीका रूपमा उभ्याएको थियो । आफ्नै काममा व्यस्त रहनु, मन वचन र व्यवहारद्वारा कसैप्रति अनादर नगर्नु, सिङ्गो रूपमा राष्ट्रिय चिन्तनका साथै पवित्र मानवीय प्रेम छातीमा अङ्कित गर्नु आदिले उनका आन्तरिक गुणभित्र पर्ने विशेषता देखाउँछ । असहाय, असक्षम, गरिबहरूप्रति प्रेमराजेश्वरी थापाको साह्रै सहानुभूति थियो । नचाहिने कुरा नगर्ने, सिउने बुन्ने, हार्मोनियम बजाउने, घरवरपर फूल बगैँचा बनाउने, आदि कामहरू थापाका आन्तरिक व्यक्तित्वमा पर्ने शीलस्वभावका पक्ष हुन् ।

### २.२.४ साहित्यिक व्यक्तित्व

प्रेमराजेश्वरी थापाको रुचि हार्मोनियम सितार बजाउनमा, गीत गाउनमा, पेन्टिङ्ग गर्नमा कपडामा फुलबुट्टा भर्नमा तथा बुन्ने काममा विशेष रूपमा छ ।[२५] यतिमा मात्र सीमित नभएर साहित्यिक क्षेत्रमा अरू गहिरो सम्बन्ध रहेको पाइन्छ । साहित्यका विभिन्न

---

[२३] प्रेमराजेश्वरीकी दिदीको छोरा वीरेन्द्रविक्रम राणाबाट प्राप्त जानकारी ।

[२४] देवी शर्मा, 'साहित्य कला र सङ्गीतकी प्रेमी: प्रेमराजेश्वरी' **गोरखापत्र**, पूर्ववत्, पृ. ग

[२५] नरेन्द्रराज प्रसाई, **नारीचुली**, पूर्ववत्, पृष्ठ १०८

विधाहरूमध्ये गीत तथा कविता विधामा नै उनका रचनाहरू देखिएका छन् । कवितामा पनि केही गद्य कविताका अतिरिक्त धेरैजसो उनका पद्य कविताहरू नै छन् । वि.स. १९९८ साल असारको शारदामा **नाला** शीर्षकको छोटो र मीठो कथा पनि डम्बरशमशेर थापाको नाममा प्रकाशित भएको कुरा गरिमा २०४२ माघको देवी शर्माको लेखबाट जानकारीमा आएको छ ।

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व पत्ता लगाउन तिनका साहित्यिक कृतिहरूको अध्ययन गर्नुपर्दछ । औपचारिक रूपमा वि.सं. १९९७ बाट साहित्ययात्रामा प्रवेश गरेकी प्रेमराजेश्वरी थापाको **किन ?** शीर्षकको कृति नै पहिलो काव्यका रूपमा देखापरेको छ । उनको पहिलो प्रकाशित कवितासङ्ग्रह अनुभूति (२०३१) हो तर त्यो अशुद्ध भएका कारणले प्रचारमा आएन ।[२८] हाल यो कृति अप्राप्य छ । यो उनको जीवनकालमा नै प्रकाशित भएको कवितासङ्ग्रह हो । उनको देहावसान पश्चात् उनका कृतिहरू उनका आफन्तहरूले संहालिराखिदिएकाले उनका भदा अमृतशमशेर थापाका सौजन्यमा नइ प्रकाशनको सक्रियतामा प्रेमराजेश्वरी थापाको अर्का कविता सङ्ग्रह **तिम्रो याद वर्षा** (२०६३) प्रकाशित भएको छ ।[२९]

प्रेमराजेश्वरी थापाको साहित्ययात्रामा एक मात्र कविताविधाले आफ्नो वर्चस्व राखेको पाइन्छ । प्रेमकाव्यबाट साहित्यिक यात्रा प्रारम्भ गर्ने प्रेमराजेश्वरी थापाको कविता विधा नै महŒवपूर्ण देखिन्छ ।[३०] हाल उनको एक मात्र कवितासङ्ग्रह **तिम्रो याद वर्षा** (२०६३) प्राप्त छ । यस सङ्ग्रहमा थापाका करिब अठहत्तरवटा गीत र कविता सङ्ग्रहित छन् । पीडा, वेदना र अवरोधप्रधान उच्छ्वास हुनाले यस कृतिलाई आँसुका मोतीहार भन्नु उपयुक्त देखिन्छ जुन हारभित्र मोतीमा झैँ विविध भाव झल्केका छन् ।[३१] मूलतः उत्सुकता, अभिलाषा, पीर, विरहवेदना, कुण्ठा र सान्त्वनाका भावहरू यस कृतिमा पाइन्छन् । उनका कविताहरू सहज, सरल हुनुका साथै क्लिष्ट रूपमा संरचित छन् । उनका कवितामा विभिन्न भावका साथै अनुप्रास, बिम्ब, प्रतीक र अलङ्कार आदिको पनि प्रयोग पाइन्छ । देशप्रेम, दर्शन,

---

[२६] नरेन्द्रराज प्रसाईं, **नारीचुली**, पूर्ववत्, पृष्ठ १०९ ।

[२७] ऐजन ।

[२८] देवी शर्मा 'शारदा युगका महिला कवयित्रीहरूको प्रवृत्ति विश्लेषण', **गरिमा** २०४२ माघ २ ।

[२९] श्यामदास बैष्णव, 'प्रेमराजेश्वरीको साहित्यिक मुक्ताहार, प्रेमराजेश्वरी थापा, **तिम्रो याद वर्षा**, काठमाढौंः नइ प्रकाशन, २०४३, पृ. २९

प्रकृतिचित्रण, आध्यात्मिक चेतना, भक्तिमार्ग आदिमा पनि प्रेमराजेश्वरी थापाको कलम सफलतापूर्वक चलेको पाइन्छ ।

प्रेमराजेश्वरी थापाले थुप्रै कविता तथा गीतहरू लेखेकी छन् । उनका धेरेजसो कविताको विषय प्रेम नै छ । प्रेमराजेश्वरी थापाले भवानी भिक्षुसँगै नेपाली कवितामा छायावादको प्रेमप्रवाह ल्याएकी हुन् ।[३०] उनका कविताहरूमा आफ्नै जीवनचर्याका क्रममा भोगेका भोगाइ  र खेपेका खेपाइहरूलाई वस्तुपरक ढङ्गले प्रस्तुत गर्ने कामका साथै प्रेममा असफलता, समाजका यथार्थता, कटुसत्यता एवम् तिरस्कृत भएका विषयवस्तुलाई समयसापेक्ष रूपमा प्रस्तुति दिने काम पनि भएको पाइन्छ । समाजका विकृत पक्षलाई उदाङ्गो र अज्ञात पक्षलाई छर्लङ्ग बनाउने काम उनले कवितामार्फत गरेकी छन् । उनी नारी स्वतन्त्रताकी पनि पक्षधर हुन् । उनी स्वच्छन्दतावादी धाराकी कवयित्री हुन् । उनका कवितामा प्रेम, पिडा, मर्म र सामाजिक स्वरहरू गुञ्जिएका छन् ।

अनुभवका रापतापमा उच्चभावको परिपाक पाएकी प्रेम, वेदना र व्यक्तिभावको सन्देश दिने कवयित्रीका रूपमा थापाको कवित्व विशेष वर्णनीय छ । प्रेमराजेश्वरी थापा 'शारदा' युगमा नेपाली साहित्यमा झुल्कने बित्तिकै चर्चित र सुप्रसिद्ध भएकी हुन् । त्यस युगमा प्रेममा डुबेर कविता रचना गर्ने नारी स्रष्टाहरूको प्रायः अभाव नै पाइन्छ । प्रेमराजेश्वरी थापाले भने प्रेमविषयकै काव्ययात्रामा सक्रियतापूर्वक लागेर नारीको सर्वाङ्गीण प्रतिनिधित्व गरेकी छन् । त्यस समयमा प्रेमराजेश्वरी थापाको प्रेमविषयक कविताहरूको चर्चा सर्वत्र पाइन्छ ।[३१]

मानवीय संवेदनाको मूल मर्मलाई स्पर्श गर्न थापाका साहित्यिक कृतिहरू सक्षम छन् । राष्ट्रप्रेम, सामाजिक रेखाङ्कन, प्रेममय वातावरण, वास्तविकताको झलक पाइएका उनका कविताहरू गद्य-पद्यमय सरल, सहज हुनुका साथै क्लिष्ट र कठीन पनि रहेका छन् । प्रेमराजेश्वरी थापाका सृजना मूलतः आफ्नो जीवनका अनुभूति र अनुभवमा आधारित छन् ।

[३०] हृदयचन्द्रसिंह प्रधान, **नेपालीकाव्य र उसका प्रतिनिधि कवि** (काठमाडौं: रत्न पुस्तक भण्डार, २०२१) पृ. १६९ ।

[३१] नरेन्द्रराज प्रसाईं, **नारीचुली**, पूर्ववत्, पृष्ठ १०३ ।

## २.२.५ कलाप्रेमी व्यक्तित्व

प्रेमराजेश्वरी थापामा साहित्यधर्मी सर्वश्रेष्ठ व्यक्तित्वका अतिरिक्त उनमा कलाप्रेमी व्यक्तित्व पाउन सकिन्छ । वास्तवमा प्रेमराजेश्वरी थापा बहुआयामिक व्यक्तित्वकी धनी छन् । उनी हार्मोनियम बजाउने, सितार बजाउने, गीत गाउँने तथा कपडामा पेन्टिङ् गर्ने, फुलबुट्टा भर्ने र इम्ब्राइडरी गर्ने काममा पनि सिपालु छन् । उनी बुन्ने काममा विशेष रुचि राख्छिन् । उनको घर परिवारका मान्छेहरूले त्यस बेला स्विटर किन्नुपर्देनथ्यो । सबैलाई उनी नै स्विटर बुनेर प्रेमोपहार दिन्थिन् ।

प्रेमराजेश्वरी थापाको विशेष रुचि तस्बिर खिच्नु र खिचाउनुमा पनि देखिन्छ । उनी फूलबगैँचाकी पनि सौकिन भएकाले घरमा थरीथरीका फूल रोपेर घर शोभायमान पार्ने गरेको पाइन्छ । प्रेमराजेश्वरी थापाको खाना पकाउनमा पनि रुचि भएकाले घर परिवारका सदस्यलाई विभिन्न परिकार बनाई खुवाउने गर्दथिन् ।[३२]

## २.२.६ सहित्येतर व्यक्तित्व

प्रेमराजेश्वरी थापा एक सर्जक हुन् । उनले साहित्य र कलाका अतिरिक्त अन्य क्षेत्रका कार्यहरू पनि गरेकी छन् । साहित्यिक व्यक्तित्वभित्र विभिन्न पक्षहरू भएजस्तै साहित्येतर व्यक्तित्वका पनि विभिन्न पक्ष हुन्छन् । यहाँ प्रेमराजेश्वरी थापाको साहित्येतर व्यक्तित्वका पाटाहरूलाई चर्चा गर्ने प्रयास गरिएको छ ।

### (क) गृहिणी व्यक्तित्व

नेपाली कविता साहित्यको इतिहासमा एउटा नयाँ अध्यायको थालनी गर्ने कवयित्री थापाको गृहिणी व्यक्तित्व पनि एक विशेष व्यक्तित्वका रूपमा रहेको पाइन्छ । प्रेमराजेश्वरी थापाको नारीभित्र दुई रूप देखा पर्दछन् । एउटा घर तथा परिवारभित्रको जसलाई गृह सञ्चालिकाको संज्ञा दिन सकिन्छ । अर्को परिवारबाहिरको विस्तृत फराकिलो सामाजिक रूप जो सबैसित सौहाद्रपूर्ण सुसंस्कृत, उल्लासित मधुरो सङ्गीतमय भएको हुन्छ । प्रेमराजेश्वरी थापाको कुशल गृहसञ्चालनले उनका पतिलाई सधै एउटा आश्रम जस्तो स्वच्छ, सफा र

---

[३२] ऐजन १०८ ।

सुग्घर राख्ने कला सिकाएको बुझिन्छ । बगैँचा फूल कोठेबारी र घरको भित्री सज्जाप्रति प्रेमराजेश्वरी थापाको अतिरिक्त अभिरुचि रहेको पाइन्छ ।

हिन्दु धर्ममा आस्था राख्ने परिवारमा हुर्के बढेकी प्रेमराजेश्वरी थापालाई आफ्ना धर्मका सबै सम्प्रदायलाई समान रूपले हेर्ने धार्मिक सहिष्णु विचारकी नारीको रूपमा हेर्न सकिन्छ । बेलामौकामा प्रेमराजेश्वरी थापा नेपाललगायत भारतमा रहेका विभिन्न धार्मिक स्थलहरूमा पुग्ने गरेको पाइन्छ ।[घघ]

यसरी प्रेमराजेश्वरी थापाले हिन्दुधर्म अनुरूप प्रायः सबैजसो धर्मलाई आफ्नो मन मन्दिरमा राख्ने गदर्थिन् । आदर्श गृहिणी र स्नेहमयी मातामा आशा गरिने सबै गुणले युक्त नेपाली हिन्दु नारीका रूपमा थापालाई हेर्न सकिन्छ ।

**(ख) सामाजिक व्यक्तित्व**

काठमाडौँको हात्तीसारमा जन्मिएर हुर्किएकी प्रेमराजेश्वरी थापा यहाँ रहँदा साथै भारतमा रहँदा विभिन्न धर्म भाषाभाषी, आदिवासीको जीवनमा भिजेकी छन् । नेपालीसाहित्यमा आफ्नो अमूल्य समय खर्च गर्दै स्थानीय बासिन्दाहरूमाझ सामाजिक व्यक्तित्वका रूपमा परिचित हुदै आएकी छन् ।[घढ] बिहेपश्चात् भारतबाट मेट्रिकसम्मको शिक्षा हासिल गर्ने र बौद्धिक क्षेत्रमा नेपाली समाजका नवआगन्तुक प्रतिभाहरूलाई उत्साह र हौसला दिने प्रेमराजेश्वरी थापा नारी स्वतन्त्रताका पक्षमा बोल्ने नारी हस्ताक्षर हुन् । [घछ]

---

[३३] प्रेमराजेश्वरीकी दिदीको छोरा वीरेन्द्रविक्रम राणाबाट प्राप्त जानकारी ।

[३४] भदा बुहारी कुमुदिनी थापाबाट प्राप्त जानकारी ।

[३५] भदा अमृतशमशेर थापाबाट प्राप्त जानकारी ।

## तेस्रो परिच्छेद

# प्रेमराजेश्वरी थापाको कृतित्वको वर्गीकरण र विश्लेषण

## ३.१ प्रेमराजेश्वरी थापाका कविताको वर्गीकरण

प्रेमराजेश्वरी थापाको औपचारिक कविता यात्राको प्रारम्भ वि.सं. १९९७ को 'शारदा' मासिक पत्रिकाको चैत्र अङ्कमा प्रकाशित **किन** ? शीर्षकको कविताबाट भएको हो । प्रेमराजेश्वरी थापाले वि.सं. १९९७ सालदेखि २००२ सालसम्म **शारदा** मा आफ्नो प्रतिभाको प्रदर्शन गरिन् । उनले फाटफुट रचना गरेका कविताहरू **शारदा** पत्रिकामा मात्र धेरै वर्षसम्म सीमित रहेपछि २०२३ तिर पुनः कविताको आराधना गरेको बुझिन्छ । वि.सं. २०३१ सालमा आएर प्रकाशित भएको उनको कवितासङ्ग्रह **अनुभूतिहरू** बाट यही कुरो पत्ता लाग्दछ ।[1] अशुद्धिका कारणले त्यस कृतिलाई प्रचारमा ल्याइएन यसैले त्यो अहिले अप्राप्त नै छ ।[2]

प्रेमराजेश्वरी थापाको मृत्युपछि उनका भदा अमृतशमशेर थापाका सौजन्यमा उनको अर्को कवितासङ्ग्रह **तिम्रो याद वर्षा** (२०६३) प्रकाशित भयो । यही नै उनको एक मात्र कवितासङ्ग्रह हाल प्राप्य छ । यस सङ्ग्रहमा करिब (ठूला र साना गरी) अठ्हत्तरवटा गीत र कविता रहेका छन् । उनका ३ दर्जनजति हिन्दी कविताहरू नइप्रकाशनको सक्रियतामा प्रकाशित हुने तयारीमा छन् ।[3]

यसरी प्रकाशनका दृष्टिले १९९७ देखि २००२ को अवधिमा प्रेमराजेश्वरीको कवि व्यक्तित्व बढी सक्रिय रहेको देखिन्छ र यस अवधिका उनका कविताहरू बढी स्तरीय रहेका छन् । सामाजमा व्याप्त असन्तोष, विद्रोहको भावना, सामाजिक रूढि र प्रशासनिक अनुदार दृष्टिकोणलाई प्रेमराजेश्वरीले आफ्ना कविताहरूमा छर्लङ्ग बनाएकी छिन् ।[4]

---

[1] देवीशर्मा, 'साहित्य, कला र संगीतकी प्रेमीः प्रेमराजेश्वरी', गोरखापत्र, २०४२ जेठ पृष्ठ ग ।

[2] नरेन्द्रराज प्रसाई, **नारीचुली**, पूर्ववत् १०९ ।

[3] साहित्यकार नरेन्द्रराज प्रसाईबाट प्राप्त जानकारी ।

[4] चूडामणि बन्धु, **साझा कविता** (काठमाडौँः साझा प्रकाशन, २०२४) पृ. २७ ।

भाषिक दृष्टिले उनले हिन्दीमा लेखेको र पछि नेपालीमा अनुवाद गरेका दुई कविता **किन ?** शीर्षकको दार्शनिक कविता र **चुरोटको आत्मकथा** शीर्षकको तर्कशील कविता निक्कै उच्चस्तरका थिए ।[छ]

यही क्रममा विषयवस्तुका आधारमा प्रेमराजेश्वरीका प्रकाशित सम्पूर्ण कविताहरूलाई मूलतः दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

(क( प्रेमपरक

(ख) प्रेमइतर

यहाँ युवावस्थानुकूल स्वाभाविक, रतिरागात्मक, आकर्षणविकर्षण जस्ता विषयमा लेखिएका कविताहरूलाई समष्टिमा 'प्रेमपरक' र सोबाहेक अन्य जुनसुकै विषयमा लेखिएका कविताहरूलाई 'प्रेमइतर' मानिएको छ । प्रेमराजेश्वरी थापाका प्रकाशित कविताहरूमध्ये तीन दर्जनभन्दा बढी कविताहरू 'प्रेमपरक' रहेका छन् भने बाँकी अरू सबै 'प्रेमइतर' रहेका छन् । उनको कवितायात्रा प्रेमपरक विषयबाट सुरु भई प्रेमइतरमा गएर टुङ्गिएको छ । उनको पहिलो कविता **किन ?** प्रेमपरक विषयमा लेखिएको कविता हो भने अन्तिम कविता **राम्रो नेपाल** प्रेमइतर (देशभक्ति) विषयमा लेखिएको कविता हो ।

## ३.१.१ प्रेमपरक कविता

प्रेमराजेश्वरी थापाका कवितामा यौवनको गीतमा हुने स्वर तीखो भएको छ । ... उनको सबैजसो कविताको विषय 'प्रेम' नै छ ।[ट] प्रेमराजेश्वरी थापा प्रेमका परिभाषामा कविता लेख्छिन्, प्रेमीप्रतिका समर्पणमा कविता लेख्छिन् र प्रेममय जीवनलाई नै कवितामा स्थापित गर्न पुग्छिन् । उनको कविता- लेखनको स्रोत नै माया हो । उनको काव्यरचनाको गन्तव्य स्नेह हो र उनको सिर्जनात्मक अभिव्यक्तिको केन्द्रीय स्वरूप प्रेमको प्रस्तुति हो । त्यसैले उनी शारदायुगमा नेपाली साहित्यमा झुल्कनेबित्तिकै चर्चित भइन् । त्यस युगमा प्रेममा डुबेर, प्रेममा भिजेर र प्रेममा नुहाएर कविता रचना गर्ने नारी स्रष्टाहरूको प्रायः

---

[५] देवी शर्मा, 'साहित्य कला र सङ्गीतकी प्रेमीः प्रेमराजेश्वरी' **गोरखापत्र,** २०४२, जेठ पृ. ग. ।

[६] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झns** (काठमाडौँ: साझा प्रकाशन, २०३४) पृ. ३५ ।

अभाव नै थियो । प्रेमराजेश्वरी थापाले भने प्रेम विषयकै काव्ययात्रामा सक्रियतापूर्वक लागेर नारीको सर्वाङ्गीण प्रतिनिधित्व गरेकी छिन् ।[७]

प्रेमराजेश्वरी थापाले रचना गरेका प्रेमविषयका कविताहरूको चर्चा शारदाकालमा सर्वत्र पाइन्छ । महाकवि लक्ष्मीप्रसाद देवकाटाले पनि आफ्नो पहिलो 'दुई नक्षत्र' नामक समालोचना (१९९७ फाल्गुन, शारदा) मा प्रेमराजेश्वरी थापाको कविताको प्रशंसा गरेका छन् ।[८] वास्तवमा त्यस कालमा उनले कविताका माध्यमबाट प्रेमका खुसी, पीडा र व्यथाले गरिएका ज्वारभाटा लेखिन् । त्यसैले त्यति बेला जुनसुकै समालोचकले पनि थापाकै काव्यका रसास्वादन लिन खोजेको पाइन्छ । भवानी भिक्षुका साथ प्रेमराजेश्वरी नेपाली कवितामा 'छायावाद' को प्रेमप्रवाह ल्याउन पुग्छिन् ।[९] नेपाली व्यथाकाव्यकी प्रसिद्ध कवयित्री प्रेमराजेश्वरी थापाले आफ्नो भावाभिव्यक्तिको टेको 'प्रियतम' अर्थात 'प्रेम' देवताको आधार लिन्छिन् । 'प्रियतम' को टेकोमा टेकेर उनी प्रेमको सतहमा निक्कै पर पुग्न खोज्छिन् । उनका रचनामा पाइने दुःख व्यथा र पीडा केवल प्रेमसित एकाङ्गी छ ।[१०]

प्रेमराजेश्वरी थापाले प्रेमविषयका वा प्रेमपरक कविता जति लेखिन् ती सबै प्रेम र प्रेमबाट पलाउने विरह, आशा, नैराश्यका छायामा उनिएर लेखिन् । उनका लेखनको प्रेरक तत्त्व नै प्रेम हो । उनी सैद्धान्तिक र व्यावहारिक जीवनमा पनि प्रेमकी दोभान नै हुन् । उनी प्रेमविनाको मान्छे र पानीविनाको माछालाई एउटै धारमा राख्ने कवयित्री हुन् । त्यसैले उनले आफ्ना शब्दशब्दमा प्रेमको संसार फैलाइन् । त्यति मात्र होइन लेखनको आरम्भदेखि नै उनले प्रेमगीत लेखिरहेकी छिन् ।

*प्रेमधन छ अनमोल वस्तु*
*प्रेम हो प्रभुको वरदान*
*प्रेममन्त्र पढेपछि कस्तै*
*नीच होस् हुन जान्छ महान् ।*

(तिम्रो याद वर्षा, पृ. १३)

---

[७] नरेन्द्रराज प्रसाई, **नारीचुली ,** पूर्ववत् १०३ ।

[८] चूडामणि बन्धु, **देवकोटा**, (काठमाडौंः साझा प्रकाशन, २०३६) पृ. ८९ ।

[९] ऐजन ।

[१०] हृदयचन्द्रसिंह प्रधान, **नेपाली काव्य र उसका प्रतिनिधि कवि,** २०२१, पृ ।

प्रेमराजेश्वरी थापाका कवितामा यौवनको गीतमा हुने स्वर तीखो भएको छ । उनी प्रेममा हाँसेर पनि कविता लेख्छिन् र प्रेमसँग दुःख मनाउने गरेर पनि कविता लेख्छिन् । उनी कविता लेख्दालेख्दै आफ्नो मनको गाँठो सर्लक्कै फुकाइसक्छिन -

*सहूँ सहुँ, सब सहन सकूँ म*
*तीता तिम्रा सब गाली*
*जीवन अपर्ण गर्दछु सहजै*
*मेरो प्रियतमको लागि ।*

(तिम्रो याद वर्षा, पृ. १६)

प्रेमराजेश्वरी थापाले आफ्नो शब्दशब्दमा प्रेमको संसार फैलाएकी छिन् । त्यस समयमा उनले प्रेम, यौवन र समर्पणकै कवितामा पाठकहरूलाई आफूप्रति तान्ने गरेको पाइन्छ । उनले कतै प्रत्यक्ष र कतै अप्रत्यक्ष स्वर कवितामा भरेर प्रेमको आराधना गरेकी छिन् । प्रणयरागमा प्रकृति र कल्पना पनि मिलाएर उनले कविता लेखेकी छिन् । त्यस बेलाको समाजमा पनि नारीको मन र  भावना उर्लिएको प्रेमको अभिव्यक्ति कवितामा भएको पाइनु खुसीकै कुरा  हो ।

प्रेमराजेश्वरी थापाको पहिलो कविता **किन** ? मा नै उनी प्रेमको निम्ति एकोहोरिएको अनुभूति हुन्छ । यस कवितामा आफ्नो प्रेमीलाई केही भन्न चाहेको तर अगाडि पर्दा केही भन्न नसकेको भाव प्रस्तुत गरिएको छ ।

*सोचेँ, आँखाले भनिदेला*
*जिब्रोको सब भाषा !*
*सन्मुख पर्दामा उसकै किन*
*थाके यी दुई आँखा ?*

(१९९७ चैत्र 'किन?')

प्रेमराजेश्वरी थापा भित्रकी कवयित्री सधैँ आफ्ना प्रियतमको भेट, वार्तालाप र मिलनको निम्ति रुन्छिन् र छटपटाउँछिन् । उनको रुवाइ सधै आफ्ना प्रियतमसित सम्बद्ध

छ । उनका प्रायः  कविता प्रेमगाथाको विरक्त इतिहास र पीडा हो । उनको प्रेमपीडा आफ्नो परिधिमा भावात्मक र मनोवैज्ञानिक छ र त्यसमा उनको मर्मका अणुअणुको चित्रण गरिएको छ । वास्तवमा उनको पीडाको काव्य बहुतै राम्रो छ ।

*प्रियतम ! तिम्रो वक्षस्थलमा*
*केवल एकै फेर !*
*आँखा चिम्ली झुक्न सकेन*
*मस्तक मेरो विचरा ।*

(प्रियतमसित, शारदा वर्ष ७ सं. १०)

पीडालाई मनैमा मात्र राखी छोड्नाले झन् बढ्न गई बिझ्न थालेकाले आफ्नी प्रिय सँगिनीसित प्रकट गरेर कवयित्री यसरी व्यथा हलुँगो पार्छिन ।

*मन मन्दिरको भित्री कुनामा*
*कल्पित टाँगे, जुन तसबिर ।*
*सँगिनी ! भाषा मौन हुनाले*
*बुझ्ला 'त्यो' आँखामा पीर ?*

(प्रश्न-शारदा वर्ष ७-६ )

वास्तवमा **प्रश्न** कवितामा रहेका यी टुक्रा प्रेमाभिव्यक्ति नेपाली व्यथा काव्यमा अद्वितीय छन् ।[११]

प्रेमराजेश्वरी थापाका प्रेमपरक कविताहरूमध्ये प्रेमको आह्वान, प्रेमप्रतिको आकर्षण, प्रेमपीडा, व्यथा, समर्पणमा केन्द्रित कविताहरू अपेक्षाकृत बढी नै छन् । उनका उत्कृष्ट प्रेमपरक कविताहरूमा 'आराधना, 'तृप्ति', 'प्रेमै जीवनको आधार', 'भेट', 'खोलन प्रियतम ! खोल द्वार', 'दुई चित्र', 'प्रियतमसित', 'प्रेममहिमा', 'प्रेमपुजारी', 'बिसूँ कसरी ?', 'आफैसित', किन ?', 'प्रदान, प्रेममा छैन निस्तार', 'सार्थकता' आदिलाई मान्न सकिन्छ । उनका धेरैजसो प्रेमपरक कविताहरू संयोग शृङ्गारमा नै डुबेका छन् ।

---

[११] हृदयचन्द्रसिंह प्रधान, **नेपाली काव्य र उसका प्रतिनिधि कवि**, (काठमाडौं: रत्न पुस्तक भण्डार, २०२१) पृ. १६९

*दिनमा पनि बन्द गरी दृष्टि*
*हेर्दछु प्रियतमको शृङ्गार*
*खोल्दिनँ पलकपल्लव किनभने*
*हट्छन कि ? भनी प्राणाधार ॥*

(आराधना, शारदा १९९७ चैत्र वर्ष ७ सं. ५)

प्रेमराजेश्वरी थापाको यो **आराधना** कविता प्रेमको अन्तरकेन्द्रमा सधै स्पर्श गरिरहन सक्ने गरी अनुप्राणित छ । **आराधना** कवितामा उनले यस्तो कला घोलिदिएकी छन् कि यो जुनसुकै जमानामा पनि पुरानो नभईकन चिरनूतन रहिरहन सक्छ । भावात्मक शैली भएको सानो उदाहरण -

*करुणाको अवतार भनूँ कि दुःखीको आधार ?*
*प्रेमनदीको धार भनूँ कि मधुर मिलन शृङ्गार ?*
*हृदयवीणाको तार भनूँ कि कविको हृदयोद्गार ?*
*मोतीको यो हार भनूँ कि ? ए ! आँसु ! दुइचार ।*

(आँसु ! तिमीलाई के भनूँ ?)

प्रेमराजेश्वरी थापाको यो **आँसु ! तिमीलाई के भनुँ** ? अत्यन्त सुन्दर कविता हो । यति सानो कवितामा कति धेरै हार्दिकता र भावात्मकता भरिएको छ ।

उनका धेरैजसो प्रेमपरक कविताहरू उत्कृष्ट रहेका छन् । उनका वर्णनात्मकभन्दा भावात्मक कविता बढी सशक्त रहेका छन् ।

वर्णनात्मक शैलीका कविताको उदाहरण -

*प्रेमधन छ अनमोल वस्तु,*
*प्रेम हो प्रभुको वरदान ।*
*प्रेममन्त्र पढेपछि कस्तै*
*नीच होस्, हुन जान्छ महान् ।*

(प्रेममहिमा - शारदा ७-५)

भावात्मक संयोग शृङ्गारको उदाहरण-

*घोर निदमा मग्न भएर*
*निद्रित छन् सारा संसार ।*
*एक्लै छु, दौडीकन आएँ -*
*खोलन, प्रियतम ! खोल द्वार ।*

(खेल न प्रियतम ! खोल द्वार ...)

**खोल न प्रियतम ! खोल द्वार** शीर्षकको यस कविताको एक टुक्रामा भयानक रातको आँधीबेहरीको बेलामा सारा संसार मस्त निदाइरहेको छ तर आफूचाँहि अचानक प्रियतमको याद आएर दौडेर प्रेमी भए ठाउँ आएको सङ्केत प्रेमीलाई दिएको देखिन्छ ।

यसप्रकार प्रेमपरक कविताहरूमा प्रायः प्राकृतिक बिम्बहरूको आधारमा प्रेमप्रतिको उत्सुकता, पीडा, व्यथा र समर्पणको भावना अभिव्यक्त भएको पाइन्छ । उनका विभिन्न शैलीमा लेखिएका अनुप्रासयुक्त प्रायः प्राकृतिक बिम्बविधान गरिएका सङ्गीतात्मक प्रेमपरक कविताहरू निकै नै उच्चस्तरीय बनेका छन् ।

## ३.१.२ प्रेमइतर कविता

प्रेमराजेश्वरी थापाको मुख्य क्षेत्र प्रेममूलक कविता हो । यसबाहेक उनले अन्य विषयसँग सम्बन्धित थुप्रै कविताहरू पनि लेखेकी छन् । प्रेमराजेश्वरी थापाका प्रेमइतर कविताहरूमा प्रकृति चित्रण, पीडा, आँसु र वेदना, देशप्रेम, ईश्वरभक्ति, जीवनदर्शन, नीति चेतना, सङ्गीतप्रेम, नारीचेतना अध्यात्मवाद आदि जस्ता विशेषताहरू पाउन सकिन्छ ।

### (क) प्रकृति चित्रण

**शारदा** पत्रिकाको जन्मसँगसँगै स्वच्छन्दतावादी युग आएको र पाश्चात्य कविहरू वर्डस्वर्थ, सेली, किट्स, वाइरन तथा कलरिजको साहित्यिक हावाले नेपाली साहित्यलाई प्रभाव पारेको देखिन्छ । त्यस बेला प्रकृतिचित्रण गर्ने एउटा लहर नै आउन पुग्छ ।

प्रेमराजेश्वररी थापामा देशीय विषय व्यवस्थाले उत्पीडित भएको हृदय प्रेमी-प्रेमिकाको वियोगावस्थाजनित व्याकुलतातिर लागेको लेखिनु रोमान्टिकताको नै मानसिकता हो ।[१२] प्रेमराजेश्वरी थापाको लेखनशैलीमा लक्ष्मीप्रसाद देवकोटाको प्रभाव पनि परेको देखिन्छ । यसै प्रभावले हुन सक्छ उनको कवितामा हार्दिकता र भावात्मकता अरूभन्दा बढी पाउन सकिन्छ । प्रेमराजेश्वरी थापामा प्रकृतिको सजीव चित्र उतार्ने क्षमता अति राम्रो देखिन्छ । प्राकृतिक बिम्बको प्रयोग गरेर लेखिएका उनका कविताहरू यसप्रकार रहेका छन्  -

वृक्ष, चमेली, नीड वा गुँड, पारिजात पुष्प, जल, मोहिनीमाला, वसन्तस्वागत, प्रकृतिप्रेम, याद, प्यासोमन, निःस्पृह, हे झरने, कहाँ ?, आम्रतरु, खोल न प्रियतम !  खोल द्वार, स्वार्थ वा प्रेम ? विधवापनको शूल, प्रणयान्वेषण, नक्षत्र आदि ।

प्रकृतिचित्रण गरिएका केही उदाहरण यसप्रकार छन् :

*सेवामय छ सबै तिम्रो*
*जीवननिधनकलेवर वेश !*
*प्रभुगृहदेखि आई जगत्मा*
*दिन्छौ के सेवासन्देश ?*

प्रस्तुत गरिएको कवितांश प्रेमराजेश्वरी थापाको **वृक्ष** शीर्षकको कविताबाट साभार गरिएको हो । यसमा वृक्षको जीवनलाई जन्मदेखि मृत्युसम्म सेवामय भएको देखाइएको छ । भगवान्को घरदेखि धर्ती वा जगतमा आई वृक्षले दिएको सेवासन्देशका बारेमा प्रश्न गरिएको छ । यस कवितामा प्रकृति (वृक्ष) को मानवीकरण गरिएको छ ।

*यो निवास तरुमा पक्षीको*
*स्वयम् बनाई आफै ।*
*यहीँ देख्छ आँखा चिम्ली*
*पक्षी मीठो सपना !*

**नीड वा गुँड** शीर्षकको कविताको उक्त टुक्रामा पक्षीले रुखमा आफै घर बनाई त्यही आफ्नो घर सम्झेर मीठो सपना देख्छ भनिएको छ ।

---

[१२] ईश्वर बराल, **हिमालचुली,** पूर्ववत्, पृ. १७।

*अरूहरूकन तृप्त गरी तिमी*

*तृप्त हुन्छौ वा सन्तप्त ?*

*यो कुरा हे जल ! उनै जानून्*

*निःस्पृही जो छन् धर्मासक्त*

प्रेमराजेश्वरी थापाको **'जल'** शीर्षकको कविताबाट उक्त टुक्राहरू प्रस्तुत गरिएका छन् । यसमा जलले सबैलाई पानी खान दिएर सबैको मन तृप्त पार्दछ तर उसले केही प्राप्त गर्दैन । यस कुराको ज्ञान ती धर्मात्मा भन्ने मान्छेलाई थाहा पाएर फलप्राप्तिको आशा नगरी सेवा गर्नुपर्ने सन्देश यस कविताले दिएको छ । यसमा पनि प्रकृति (जल) को मानवीकरण गरिएको छ ।

*वसन्तको कुनै एक*

*मोहिनी रूप साँझमा !*

*थिएँ बसिरहेकी म*

*मस्त भै फूलबारीमा ॥*

**को हो को हो** ? शीर्षकको कविताका टुक्राहरूमा वसन्तऋतुमा हुने साँझको दृश्यले कविलाई मस्त बनाएको चित्रण छ । यसमा वसन्तको कुनै एकदिन प्रकृतिको मोहिनी रूप साँझमा फूलबारीमा मस्त भई बसिरहेको बेलाको चित्रण गरिएको छ ।

*जीवनका मधुमय घडीहरूमा ।*

*देखिनँ कैल्यै मैले मधुमास !*

*हास्यमयी उषाको लाली*

*मसित रहिन् सधैँ उदास ।*

**निःस्पृह** शीर्षकको कवितामा प्रयुक्त प्राकृतिक बिम्बहरूले कविका जीवनमा कहिल्यै पनि मधुमास नआएको र उषाको लाली पनि आफूसित सधैँ उदास रहेको कुरा उल्लेख गरिएको छ । यस कवितामा पनि प्रकृतिको मानवीकरण गर्नुका साथै विविध प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको छ ।

*चपलायुत घन कामकेतु झैँ*

*उड्दछ नभमा जब साह्लाद ।*

*मेरो हृदय शून्य भईकन*

*आउन थाल्दछ तिम्रो याद ॥*

**तिम्रो याद वर्षा** शीर्षकको कवितामा वर्षाकालको मेघको गड्याङगुडुङसँगै हृदयशून्य भएर मायालुको याद आउने कुरा चित्रण गरिएको छ ।

*निशाको नभकन जसरी सदा*

*ज्योतिर्मय गर्छौ तिमी सर्वत्र ।*

*मेरो तमोमय मानसमध्ये*

*चम्किद्यौ आशाको नक्षत्र ॥*

**नक्षत्र** शीर्षकको प्रकृतिचित्रण गरिएको यस कवितामा आशाको नक्षत्र चम्कोस् भन्ने प्रार्थना कवि सुमित्रानन्दन पन्तले झैँ गरेको पाइन्छ । रातको बेलामा जसरी नक्षत्रले जतातततै उज्यालो पार्दछ त्यसरी नै आफ्नो आशाको नक्षत्रलाई चम्काइदिन यस कविताका टुक्राहरूमा प्रार्थना गरिएको छ । यसमा पनि प्रकृतिका विविध बिम्बहरूको प्रयोग गरिएको पाइन्छ ।

### (ख) देशप्रेम

देशप्रतिको आस्थाले प्रेमराजेश्वरीका कवितामा केही स्थान ओगटेको पाइन्छ । नेपालमा जन्मेर पनि पतिघर भारतमा जीवन बिताएकी प्रेमराजेश्वरी थापामा नेपालप्रतिको माया अटुट रहेको पाइन्छ । साझा रूपमा अभिव्यक्ति दिने एउटा महŒवपूर्ण पक्ष देश नै भएकोले देशका बारेमा आफ्ना व्यक्तिगत अभिव्यक्ति दिन सक्ने क्षमता प्रेमराजेश्वरीमा देखिन्छ । यसरी आफ्नो मनको परिवेशमा घुमेर त्यहीँ चित्र कोर्ने देशभक्तिले भरिपूर्ण कवयित्री प्रेमराजेश्वरी थापालाई मान्न सकिन्छ ।

*हिमालको काखमाथि, बसेको छ - हाम्रो नेपाल !*

*चारैतिर वरिपरि हिउँ टल्केको ।*

*हीरामोती झललल - पगरी बनेको !*

*पहाडको राजा जस्तो, हाम्रो नेपाल !*

*राम्रो नेपाल !*

प्रेमराजेश्वरी थापाले **राम्रो नेपाल** शीर्षकको कवितामा आफ्नो जन्मभूमि नेपाल र नेपालीको वर्णन गरेकी छन् । यस कवितामा उनले नेपालको अनन्त गुणगान गरेकी छन् । आफ्नो जन्मभूमि नेपाल हिमालको काखमा बसेको, चारैतिर हिउँले टल्केको, हीरामोती झलल्ल झल्केर पगरी जस्तो बनेकाले आफ्नो देश पहाडको राजाजस्तो देखिएको भनी वर्णन गरेकी छन् ।

*दुनियामा 'बहादुर' हामी गनिएका*

*इमान्दार, मेहनती, हामी भनिएका*

*हाम्रो देश, हाम्रो भेष, राम्रो नेपाल*

*हाम्रो नेपाल ।*

*हिमालको काख माथि - बसेको छ, हाम्रो नेपाल !*

**राम्रो नेपाल** कविता थापाले आफ्नो पतिघर भारतमा नै २०५५ सालमा लेखेकी हुन् । यस कवितामा नेपालको जातजाति, कलासंस्कृतिको वर्णन गर्दा नेपालीलाई इमान्दार, बहादुर र मेहेनतीका रूपमा चिनाएकी छन् । उनले नेपाली दुनियामा गनिएका भन्दै आफ्नो भाषा आफ्नो भेष नै नेपालीलाई राम्रो लाग्ने कुरा यस कवितामार्फत व्यक्त गरेकी छन् ।

*जगदुरसि वसन्तम् - राम ! चाहे म भूलूँ*

*निजदृशि विनशन्तम् - श्याम ! चाहे म भूलूँ ।*

*हर ! तदपि स्वकीयम् भेषलाई नभुलूँ*

*सुरपुरिसरि राम्रो देशलाई नभूलूँ ॥*

*मम ननु परिधाने - वस्त्र होस् देशको नै !*

*बलविमलविधाने - शस्त्र होस् सत्यको नै ।*

**अभीष्ट** शीर्षकको कविताका यी टुक्राहरूमा प्रेमराजेश्वरी थापाले आफूले रामलाई भुले पनि श्यामलाई भूले पनि आफ्नो भाषा भेषलाई भुल्न नसक्ने भाव व्यक्त गरेकी हुन् ।

उनले आफ्नो शरीरमा सधैँ आफ्नै देशको वस्त्र र सत्यको बल रहोस् भन्ने कामना व्यक्त गर्न खोजेकी छन् ।

*जसको आँखामा स्वदेशको*
*उज्ज्वल भविष्य होस् चित्रित*
*इच्छामा कल्याण बसेको !*
*चिन्तामा गौरव होस् रक्षित ।*

**जननायक** शीर्षकको उक्त कविताका टुक्राहरूमा जसले स्वदेशको कल्याण सोच्दछ त्यो नै जननायक हो भनिएको छ । जननायकको आँखामा आफ्नो देशको निम्ति गौरवको भावना, कल्याणको मापन र उज्ज्वल भविष्यको चाहना हुन्छ र यस्तो जननायक भएको देश निश्चय नै आनन्दमय हुन्छ भनिएको छ ।

(ग) **ईश्वरभक्ति**

प्रेमराजेश्वरी थापामा ईश्वरप्रति आस्था प्रशस्त भएको बुझिन्छ । उनको जीवनलाई प्रेमपीडा, दुःख र वेदनाले बढीभन्दा बढी जेलेको हुँदा ईश्वरभक्ति कविताको जन्म भएको हो । उनले विरह, वेदनाबाट छुट्कारा पाउन ईश्वरलाई सहारा बनाएको देखिन्छ ।

प्रेमराजेश्वरी थापाको ईश्वरभक्तिका कविता कवितायात्राको सुरु र मध्यमा बढी र अन्त्यमा कम देखिन्छ । उनमा देखिएको भक्तिस्तर विशुद्ध भई पीडा व्यङ्ग्य, सङ्कटमोचन, आशा, निराशा, मानिसका स्वार्थ प्रवृत्तिप्रति विद्रोह आदि रहेका छन् ।

समाजलाई आध्यात्मिक चेतनातर्फ उन्मुख गराउने र कृष्णको स्तुति गाउने उद्देश्यले लेखिएका केही कविताहरू कृष्णभक्तिसँग सम्बन्धित छन् । **अभीष्ट** र **ललितकामना** मा कृष्णभक्तिको महिमागान गरी दुःखदेखि छुटकारा पाउन स्तुति गरिएको छ । कवयित्रीले कृष्णका स्तुतिलाई बढी आधार बनाएर यी कविताहरूद्वारा कृष्णमहिमाको ज्ञान दिलाई पाठकलाई भक्तिभावमा डुबाउन चाहेकी छन् र पापमा परेकालाई आफ्नो मुरली बजाई दर्शन दिन आउनका लागि पुकारा गरेकी छन् ।

**भिक्षा** कवितामा आफ्ना जीवनका भुल तथा पीडालाई बिर्सन ईश्वरको पाउको धूलो हृदयमा लगाई बिर्सन कोसिस गरिएको छ  भने **पूजावाले** शीर्षकको कवितामा ढोङप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी उनका ईश्वरभक्तिसँग सम्बन्धित कविताहरू अभीष्ट, पूजावाले, अभिसार, नक्षत्र, शिक्षा, ललितकामना, सार्थकता आदि रहेका छन् ।

*प्रभो बनाऊ मनमोहन !*
*मधुरमुरलीको मञ्जुल गान ।*
*सरस सलोना जुन स्वरबाट*
*सङ्कटको होला-अवसान ॥*

**ललितकामना** शीर्षकको यस कविताका टुक्रामा मुरलीको स्वरले सङ्कटको अन्त हुने विश्वास गरिएको छ ।

*पूजासामान तिमी हटाऊ*
*व्यर्थै किन गर्छौ नादानी ?*
*ज्ञानदीपकन बाल हृदयमा*
*उज्ज्वल पारी हे अज्ञानी !*

**पूजावाले** शीर्षकको यो कवितामा ढोङप्रति व्यङ्ग्य गर्दै निश्छलताको वकालत गरिएको पाइन्छ । यसमा स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाको प्रभाव परेकोले यस कविताले **कुन मन्दिरमा जान्छौ यात्री** ? लाई सम्भाउँछ ।

*नदेऊ मलाई सेवामा ठाउँ ।*
*नदेऊ मलाई मनको सम्मान*
*नदेउ तिम्रो काखमा वास*
*नदेऊ हे नाथ ! प्रेम वरदान ।*

*तर लघु कृपा गर हे देव !*
*अलिकति तिम्रो पाउको धूल !*

*हृदयमाथि लगाईकन*

*बिर्सन सकूँ यो जीवनको शूल ।*

प्रेमराजेश्वरी थापाको **भिक्षा** शीर्षकको कवितामा कविले बरु आफूलाई प्रभुको सेवामा ठाउँ, प्रभुको काखमा वास, प्रेमको वरदान नभए पनि कृपा गरेर अलिकति प्रभुको पाउको धूलो हृदयमा लगाई यो जीवनको शूल बिर्सन सक्ने क्षमता पाउन कामना गरिएको छ ।

**(घ) आँसु र वेदना**

प्रेमराजेश्वरी थापाको जीवन प्रायःजसो पीडा, आँसु र वेदनामा नै पिल्सिएको हुँदा उनका कविताले पीडा, आँसु र वेदनाको उद्घाटन गरेका छन् । मीठो जीवनको विपरीत कोक्याउने जीवनले प्रेमराजेश्वरीमा कविताको प्रवाह छताछुल्ल पारेको छ । पीडा, व्यथा र वेदनाहरू बोकेर मुटु बिझाउने कविताहरूलाई प्रेमराजेश्वरीले जन्म दिएकी छन् ।

प्रेमराजेश्वरी थापाका निर्झर, आँसु, पारिजातपुष्प, प्रदान, आँसुका दुई थोपा, पुनरावृत्ति आदि कविताहरू आँसु वेदना, पीडामा रुमल्लिएका छन् । उनको पीडा व्यथा केवल प्रेमको निम्ति एकोहोरिएको छ । यसबाट उनी दुःख व्यथा वा पीडाकी सफल छायावादी कवयित्री हुन् भन्ने बुझिन्छ ।

हिन्दीकी प्रसिद्ध कवयित्री श्री महादेवी बर्माले जस्तै प्रेमराजेश्वरीको पनि आफ्नो भावाभिव्यक्तिको टेको प्रिय, प्रियतम, देव, आदि देखिन्छन् । यिनै टेकोमा टेकेर प्रेमराजेश्वरीले आफ्नो वेदनाको आभिव्यक्ति खुबै सफलतासित व्यक्त गर्न खोजेकी छिन् । वास्तवमा उनको काव्यसाधनामा पीडाको सुस्केरा खुब छ । उनी कवितामा सधैं आफ्ना प्रियतमसँगको मिलनको निम्ति रुन्छिन्, छटपटाउँछिन् । उनको रुवाइ सधैं आफ्ना प्रियतमसित सम्बद्ध छ । उनको पीडाको अभिव्यक्ति भएको काव्य बहुतै राम्रो छ -

*रानी ! के ले चिन्तित पाऱ्यो*

*यो कोमल दिललाई ?*

*प्रियतम ! यस्तो गर्दछ प्रश्न,*

*मेरै हृदय मलाई ॥*

कवयित्री पीडालाई मनैमा मात्र राखिछोड्नाले झन् ठूलो भएर आई बिझ्न थालेकाले आफ्नी प्रिय सँगिनीसित प्रकट गरेर व्यथा हलुँगो पार्छिन् ।

*आँखाभरि छ मौन वेदना,*
*डरमाथि यो जीवन भार ।*
*निशिदिन एक्लै बितिरहेछन्*
*सँगिनी ! मेरो यो संसार ।*

**प्रश्न** शीर्षकको कविताका माथिका कवितात्मक अभिव्यक्ति नेपाली व्यथा काव्यका अद्वितीय नमुना हुन् ।

पीडाको काव्यसाधनाकी कवयित्रीलाई मिलनको कठिनाइ र असफलताले गर्दा उनका प्रियतमले दुःखित भएर सायद एकचोटि यसो भनिदिए - "प्रिय मलाई बिर्सन कोसिस गर !" त्यसैमा प्रेमराजेश्वरी थापाभित्रकी कवियित्रीले यो जवाफ दिएकी होलिन् :

*बिर्सूँ, तर भन ! बिर्सूँ कसरी ?*
*जीवन सानो, नियम पुरानो !*
*लघुमहानका प्रतिनिधि मानी*
*पाउनै निम्ति त पुग्न सकेन*
*यो लघु अनि छोडूँ कसरी ?*
*बिर्सूँ, तर भन ! बिर्सूँ कसरी ?*

आखिरमा उनका प्रियतम योचाहिँ अनुच्छेदको जवाफले धैर्यशील भएहोलान् :

*मुटुभित्र दबेको विरह करायो !*
*अतिशय टाढा मिलन चिच्यायो ।*
*दृग्दुकूलका आर्द्र प्रतीक्षा*
*प्रियतम ! भन न सुकाऊँ कसरी ?*
*बिर्सूँ, तर भन ! बिर्सूँ कसरी ?*

(बिर्सूँ कसरी ?)

प्रेमराजेश्वरी थापाको प्रेमपीडा, उनको मानसिक व्यथाको साधना वस्तुतः नेपाली काव्यको निम्ति आफ्नो गौरवपूर्ण सम्पत्ति हो ।

*कुन वीणाको तारदेखि*
*निस्क्यो यो पीडाको राग ?*
*कसको पछिपछि दौड लगाई*
*पोख्छौं हृदयपद्मको पराग ?*

**निर्झर** शीर्षकको यस कवितामा छहरासित बग्ने, अभिलाषा राख्दै कुन वीणाको तारदेखि निक्ल्यो पीडाको राग ? भन्ने अनुराग दर्साइएको पाइन्छ ।

*तिम्रो दशा बडो दयनीय !*
*पर्‍यौ हिलोमा कुसमय कसरी ?*
*भनन कुसुम कमनीय* !

**पारिजात पुष्प** शीर्षकको उक्त टुक्रामा दयनीय अवस्थाको दृष्टिगोचर भएको छ ।

*रोयो धुरुधुरु नीरवता*
*ओसअश्रु सुकुमार !*
*आँखा खोली उषाले हेरिन्*
*थोपाको संसार !*

**प्रदान** शीर्षकको यस कवितामा सानो छातीभित्र अनन्त इच्छा भरिएको तर दान दिन नसकेको खेद रोयो धुरुधुरु नीरवता, ओस अश्रु चुहाएर भनिएको छ ।

*प्राणधारीका अद्‌भूत साथी*
*तिमी झैं को छ जगत्‌मा ?*
*सुख दुःखका, ए सार बनेका*
*आँसुको दुई थोपा ।*

**आँसुका दुई थोपा** शीर्षकको यस कवितामा हाँसो र करुणामा देखिने आँसुको विशेषता पाइन्छ ।

*मेरो छोरानाती पनाती छन् ।*
*म तीन पुस्ताकी धनी हुन गएँ ।*
*भन्छन् तीन सिढीँमाथि पुगेँ*
*परन्तु आफूलाई त ......*
*तीन सिढीँतल खसेजस्तो लाग्छ ।*

**एक कटुसत्य** शीर्षकको माथिको फुटकर कविताबाट लिइएका पङ्क्तिमा प्रेमराजेश्वरीको व्यक्तिगत जीवनसँग सम्बन्धित विषयवस्तु रहेको छ । प्रेमराजेश्वरी थापाको व्यक्तिगत जीवनमा उनी निःसन्तान थिइन् । सन्तान नहुनुको पीडालाई उनले कवितामार्फत व्यक्त गरेकी छन् ।

**(ङ) नारीचेतना**

कवयित्री प्रेमराजेश्वरी थापा स्वयम् नारी भएकीले गर्दा केही मात्रामा यिनका कवितामा नारीवादी भावना रहेको पाइन्छ । स्त्री-पुरुष गृहस्थी रथका दुईपाङ्ग्रा हुन् तर समाजमा पुरुषको प्रधानता छ । नारी उत्थानका स्वर जति नै टङ्कारो भए पनि व्यावहारिक कल्याणका कार्य नारीको लागि नभएर नै यी पिछडिएका छन् । यस अर्थमा प्रेमराजेश्वरी थापालाई हेर्दा उनी पनि नारी भएर नै शिक्षाको क्षेत्रमा उनले पूर्णता पाउन सकिनन् । यसैकारणले होला प्रेमराजेश्वरी थापा नारीप्रति धेरै नै सहानुभूति राख्दछिन् । प्रेमराजेश्वरी थापाले पितृसत्ता र सामन्ती शोषणबाट मुक्तिको निम्ति क्रान्तिकारी कविता पनि लेखेकी छिन् ।[१३] आफ्नो कवितामा पनि नारीजीवनलाई अघि बढ्न प्रेरित गर्दछिन् ।

*छोड्नुपर्छ नारी तैँले*
*बन्न काँचको मृदुल पात्र*
*इच्छा लाग्दैमा मदाक्रान्त औ दीन पुरुषले*
*अहम् हेतु तोडोस्, फोडोस् !*
*स्वर्णसुरा झै छचल्कँदै, मदरूप छोड् !*
*कसरी तँ यहाँ प्रेयसी मात्र ?*
*इच्छा लाग्दैमा कायरताले क्लान्त पुरुषले*

---

[१३] मोदनाथ प्रश्रित, **नारीः बन्धन र मुक्ति** (सिलगडीः सुर्योदय प्रकाशन, सन् १९८६) पृ. १३३ ।

*पान गरोस्, मदमत्त बनोस् ।*

*हीरा झैं धपधप दीप्तमयी बन कठोर !*

*घनलौहले पनि टक्कर खाई*

*आफ्नै टाउको फोडोस् !*

*शक्तिपुञ्ज विद्युत् झैं बन्नु छ आज तँलाई !*

*औ नरले*

*तेरै प्रकाशमा, शौर्य र शुचिता हेरोस् !*

**आफैसित** शीर्षकको यस कवितामा प्रेम र अश्रुको निवेदनलाई बिर्सने सान्त्वना व्यक्त गरेको पाइन्छ । यसमा नारीलाई दीप्तिमयी हीरा बन्ने दृढता अँगाल्न प्रेरित गरिएको छ । उनका केही नारीसम्बन्धी कवितामा विद्रोहात्मक स्वर पाउन सकिन्छ । हिन्दीको **नारी** शीर्षकको कवितामा यस्तो स्वर पाउन सकिन्छ । प्रेमराजेश्वरी थापा स्वयम् नारी हुनाले उनले लेखेको ***मेरो परिचय*** शीर्षकको कवितालाई पनि नारीवादी कोटिमा राख्न सकिन्छ ।

### (च) **सङ्गीतप्रेम**

'सङ्गीत' भन्ने कुरा जनावरदेखि मानिस जोसुकैलाई पनि मन पर्ने विषय हो । अझ संङ्गीत जान्नेहरूको लागि त सङ्गीत नै जीवनको सार हुने गर्दछ । यस्तै प्रेमराजेश्वरी थापालाई पनि सङ्गीतमा ज्यादै रुचि थियो । उनी हार्मोनियम र सितार बजाउन र गीत पनि गाउन सिपालु थिइन् । **बिर्सूँ कसरी** ? भन्ने अत्यन्त मार्मिक गीत उनले रचना गरेकी हुन् । प्रेमराजेश्वरीले वादनसँग सम्बन्धित कविताहरू पनि लेखेकी छिन् । उनले कतिपय कवितामा सङ्गीतका शब्दहरूको प्रयोग गरेर पनि कविता रचना गरेकी छिन् भने विभिन्न बाजा र तिनीहरूसँग सम्बन्धित अङ्गहरूको नाम प्रयोग गरेर कवितालाई पनि सङ्गीतमय बनाएकी छन् ।

*यस जगत्का स्वर अनेक*

*सुन हुन् परिणाम वादक !*

*यस जगत्का चित्र थरीथरी*

*हेर ! हुन् त्यौ तान वादक !*

*मृदुलता उत्फुल्लताबीच*

*पनि गर तिमी अनुभव ।*
*चुहिएको यो मधुरता पनि*
*हो त्यै गान, वादक !*

(वि.सं. २००० बैशाख)

**वादक ! तिमी को** ? शीर्षकको यस कवितामा यस धरतीमा बज्ने वादनको स्वर परिणामबोधक हुन गएको चेत प्रकट भएको पाइन्छ ।

*तिम्रो मानसको तन्त्रीकन*
*रुनझुन रुनझुन झङ्कृत तार !*
*हे करुणाकर ! मलाई सिकाऊ*
*गाऊँ  त्यो मृदुराग अपार ।*

**तुलसीदासप्रति** शीर्षकको यस कवितामा सन्त कवि तुलसीदासको गुणगान गरिएको छ र आफूलाई सङ्गीत सिकाउन अनुरोध गरिएको छ । माथिका केही टुक्राको 'रुनझुन रुनझुन' शब्दले कविता सङ्गीतमय बनेको छ ।

*उषाको लालीमा नजाने*
*कसको थियो आह्वान ?*
*प्राणको वीणामा कसको*
*बज्यो मनोहर गान ?*
*बज्यो नजाने कसको पाउजु ?*
*तनमन भयो अचानक चञ्चल*
*बसिरहेँ नौकामा पागल ।*
*गयो सबै उन्माद अब, चिरी सिन्धुको ज्वार*
*अहो ? कहाँ लैजान्छौ नाविक ! यो नाउ कुन पार ?*

सङ्गीत भन्ने यस्तो वस्तु हो जुन हामीबाट धेरै टाढा बजिरहेको छ भने पनि हामी थाहा पाउँछौँ र त्यही सङ्गीतमा झुम्न थाल्छौँ । यस्तै **कहाँ** ? शीर्षकको यस कवितामा

प्राणको वीणामा 'मधुर गान' बजेको सुनिन्छ । यस कवितामा 'यात्राको सार' पनि खोजिएको देखिन आउँछ ।

*सिन्धु तरङ्गजाल उठीकन*
*कसकन सधैँ बोलाई ।*
*मेघमृदङ्ग मन्द गर्जन गरी*
*कुन रागिनी डाक्छन् गाई ?*

'मोहिनी माला' शीर्षकको यस कविताका टुक्राहरूमा मेघको गर्जनलाई कसलाई बोलाएको भन्दै गीतसँग तुलना गरिएको छ ।

*कुन वीणाको तारदेखि*
*निस्क्यो यो पीडाको राग ?*
*कसको पछिपछि दौड लगाई*
*पोख्छौ हृदयपद्मको पराग ?*

**निर्झर** शीर्षकको यस कवितामा छहरासित बग्ने अभिलाषा राख्दै 'कुन वीणाको तारदेखि निक्ल्यो पीडाको राग ?' भन्ने अनुराग दर्साइएको पाइन्छ । माथिका टुक्रामा वीणा, राग आदि शब्द सङ्गीतसँग सम्बन्धित शब्द हुन् ।

यसरी उनका सङ्गीतात्मक कविताहरूमा वादक ! तिमी को ?, तुलसीदासप्रति, कहाँ ?, लघुताको महिमा, निर्झर, आँसु ! तिमीलाई के भनूँ ? आदि पर्दछन् ।

**(छ) नीतिपरक**

साहित्यकारले आफ्नो साहित्यमा अथवा कविले आफ्नो काव्यमा मनोरञ्जन र अन्य विषयका साथै विभिन्न सन्देश पनि दिन सक्नुपर्दछ र दिएको पनि हुन्छ । सन्देशमूलक साहित्यले समाजमा परिवर्तन पनि ल्याउन सक्छ । समयानुकूल यस्ता साहित्यको जन्म पनि हुँदै आएको पाइन्छ । समाजसुधारक, विभिन्न सन्देशमूलक कविताहरू राणाकालमा लेखिँदा मानिसको आँखा खुल्ने डरले त्यस्ता रचना प्रतिबन्धित पनि भए । तर प्रजातन्त्रको आगमनपश्चात् यस्ता थुप्रै रचनाहरू आएको पाइन्छ । सन्देश सामाजिक, नैतिक, राजनीतिक आदि जुनसुकै विषयमा पनि हुन सक्छ । प्रेमराजेश्वरी थापाका थुप्रै कविताहरू

सन्देशमूलक रहेका छन् । उनका सन्देशमूलक कविताहरूमा 'को हो को हो', 'हे झरने', 'जल', 'संशय' 'संशय जसको नजिक रहन सक्दैन', 'किन नगर्नु सबतिर प्यार?', 'प्रेमै जीवनको आधार', 'वृक्ष', 'प्रेममा छैन निस्तार' आदि पर्दछन् ।

*दुःखित छन् सारा संसार*
*यहाँ सुख त केवल अज्ञान ।*
*नाम मधु राखी भरेर पात्र*
*सबै गर्छन् मदिरापान !*
*तर कस्तो छ आखिरको परिणाम ?*

**प्रेममा छैन निस्सार** शीर्षकको कवितामा यस संसारमा कसैले आफ्नो नाम अनुसारको काम गर्दैन र मानिसले सोँचे जस्तो पनि पुग्दैन । धनी मानिसहरू सुखी देखिन्छन् तर वास्तवमा त्यस्तो हुँदैन । यो संसारमा सारा मानिस दुःखित छन् । सुख भन्नु त केवल अज्ञानता मात्र हो भनी सांसारिक वास्तविकता देखाउँदै यस कवितामा महिमा जलिरहोस् दिनरात, प्रेमको बन्दी बनी बिकराल भनी खेद व्यक्त गरेको देख्न सकिन्छ ।

*डाँडामा हेर ! कस्तो छ सन्ध्यामा सूर्यको गति !*
*लोकमा हेर यस्तै छ हाम्रो जीवनको स्थिति ॥*

*सुख दुःख घुमेका छन् उषा सन्ध्या जसै गरी*
*उकालो चढनु कैले छ कैले खस्नु यसै गरी ॥* (१९९९ जेठ)

**को हो को हो** ? शीर्षकको यस कवितामा सृष्टिको जीवनचक्र सधैँ चलिरहने प्रक्रिया हो र यसमा हामी अतालिन हुँदैन भन्ने सन्देश दिइएको छ ।

*के अतीतको कथा भनेको*
*यो हो भविष्य सन्देश ?*
*या फलाभिलाषा त्यागी कर्म*
*गर भन्ने आदेश ?*

*या हो 'सत्य शिव सुन्दर' को ध्वनि*
*नभको मीठो बोल ?*
*हे झरने ! तिमी शिशु झैं गर्छौ*
*किलकारी अनमोल ।*

**हे झरने !** शीर्षकको यस कवितामा झरनालाई मानवीकरण गर्दै त्यसले दिएको सन्देश व्यक्त गर्न खोजिएको छ । फलाभिलाषा त्यागी कर्म गर र यसमा जीवन सत्यम्, शिवम् सुन्दरम् बन्न पुग्छ भन्ने सन्देशमूलक उक्तिको प्रयोग गरिएको छ ।

*अरूहरूकन तृप्त गरी तिमी*
*तृप्त हुन्छौ वा सन्तप्त ?*
*यो कुरा हे जल ! उनै जानून*
*निस्पृही जो छन् धर्मासक्त ।*

**जल** शीर्षकको यस कवितामा विनास्वार्थ अरूलाई तृप्त पार्ने पानीको महिमागान गर्दै धर्मासक्तप्रति व्यङ्ग्य पनि गरिएको छ । 'कर्म गर र फलको आस नगर' भन्ने सन्देश यस कविताबाट पनि पाउन सकिन्छ ।

*उसैको क्षय हुन्छ संशय लिन्छ जो !*
*हुँदैन त्यहाँ जहाँ भय रहिरहयो ।*
*मर्नमा सन्देह नगर्नु कवै पनि*
*सधैँ सत्य बोल्ने गर नडराइकनै ।*

**संशय** शीर्षकको यस कवितामा यस संसारमा हरेक पाइलामा काँडा छन् तर पनि मर्न नडराई सत्य र शान्तिका पक्षमा लाग्दै आफ्नो कर्तव्यपथमा अगाडि बढ्दै जानुपर्छ । त्यही नै जीवन हो भन्ने सन्देश पाइन्छ ।

*किन नगर्नु सबतिर प्यार ?*
*निर्मित गर्दै परम पिताले*
*रचे विशद जब यो संसार ।*
*तब किन 'मेरो मेरो' भनीकन*

*सदा स्वार्थको भाव लिईकन*
*राग द्वेषको कार्य गरीकन*
*निर्बल प्राणीहरूमा व्यर्थै*
*किन गर्ने अत्याचार ?*

**किन नगर्ने सबतिर प्यार** ? शीर्षकको यस कवितामा परमपिताले रचेको यस संसारमा मानिस बनेर जन्मेपछि कसैलाई पनि धनी, गरिब, दलित, ठूलो, सानो, भनी भेदभाव गर्नहुदैन सबैलाई समान रूपमा व्यवहार गर्नुपर्छ र कसैमाथि कपट व्यवहार र अत्याचार गर्नु हुदैन भन्ने सन्देश पाइन्छ ।

*सेवामय छ सबै तिम्रो*
*जीवन निधन कलेवर वेश !*
*प्रभुगृहदेखि आई जगत्मा*
*दिन्छौँ के सेवा सन्देश ?*

**वृक्ष** शीर्षकको यस कवितामा मानिसलाई वृक्षजस्तै सेवामय हुन आग्रह गरिएको छ । यसमा वृक्षको सम्पूर्ण कलेवर सेवामय वा उपयोगी भएकोले उसले यस जगतमा सेवाको सन्देश दिएको भाव यसमा व्यक्त गरिएको छ ।

### (ज) जीवनदर्शन

प्रेमराजेश्वरी थापाले धेरै कविताहरूमा जीवनको यथार्थ पक्षलाई पनि विषयवस्तु बनाएको पाइन्छ । सांसारिक प्रक्रिया, आफूले गर्नुपर्ने कर्तव्य, जीवनमा सत्पक्षको महŒव, जन्ममरणको प्रक्रिया, मानिसका स्वार्थी प्रवृत्ति, सांसारिक मोह, निरन्तर चलिरहने जीवनचक्र आदि जीवनसम्बन्धी यथार्थ पक्षहरूलाई प्रेमराजेश्वरीले आफ्ना कवितामार्फत दर्साउन खोजेकी छन् । उनका यस्ता कविताहरूमा 'दुई पान्थ', 'स्मृति', 'जन्ममरण', 'संशय', 'किन नगर्नु सवतिर प्यार ?',  'नीड वा गुँड', 'कैले ?', 'अज्ञान', 'विकास', 'शिशु', 'मेरो घर' आदि पर्दछन् ।

*कपट छलहरू थिए अज्ञात ।*
*न केही पत्ता जगतको बात ।*

*दुनियाका बन्धनहरूदेखि*
*थिएँ म बिलकुल आजाद ।*
*कति मीठो, त्यसबेलाको याद !*

जीवनको एकचोटि यस्तो पनि क्षण आउँछ जुन बेला समाजका वा जीवनका बन्धन जालभ्mेल छलकपटको बारेमा केही थाहा हुँदैन केवल हाँस, खेल र रमाइलो मात्र हुन्छ । आमाको काखमा हुँदाको शिशु अवस्थाको क्षणलाई **स्मृति** शीर्षकको यस कवितामा छर्लङ्ग पारिएको छ ।

*आएका हुन् कहाँदेखि यी*
*गए ती अर्को कुन नगरीतिर ?*
*पता कुन हो त्यस विदेशको ?*
*आवतजावत हुन्छ बराबर ।*

यो संसारमा जन्म र मृत्युको सिलसिला चलिरहेको छ चलिरहने छ । यो रीत हिजो पनि थियो, आज पनि छ भोलि पनि चलिरहनेछ । त्यसैले यस कवितामा मानिस कहाँबाट आएका हुन् ? र मरेपछि कहाँ जान्छन् ? यो आवतजावतको प्रक्रिया कसरी चलिरहेको छ ? भन्ने जीवनप्रतिको उत्सुकता **जन्ममरण** शीर्षकको यस कवितामा व्यक्त गरिएको छ ।

*किन नगर्नु सबतिर प्यार ?*
*निर्मित गर्दै परम पिताले*
*रचे विशद जब यो संसार ।*
*तब किन 'मेरो मेरो' भनीकन*
*सदा स्वार्थको भाव लिईकन*
*राग द्वेषको कार्य गरीकन*
*निर्बल प्राणीहरूमा व्यर्थै*
*किन गर्ने अत्याचार ?*

(किन नगर्नु सबतिर प्यार ?)

यो सृष्टि परम पिता परमेश्वरले रचेका हुन् । यस्तो संसारमा आएर 'मेरोमेरो' भन्ने स्वार्थी प्रवृत्ति राख्नु हुदैन । निर्बल प्राणीहरूमा अत्याचार पनि गर्नुहुदैन । सबै मिलीजुली सबैमा प्यार बाड्नुपर्दछ यिनै यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

*माटैको पुतली छ बनेको*
*माटैमा मिल्नु छ बाँकी*
*तैपनि आस हरे किन गर्ने ?*
*यस्तै घर मिल्ला कि ।*

(नीड वा गुँड)

हामी जन्मदा र मर्दा पनि खाली हात जन्मने र मर्ने गर्छौं । आखिरमा माटोमा नै हाम्रो अस्तित्व विलीन हुन्छ । यो यथार्थ बेहोरा थाहा पाउँदापाउँदै पनि मानिस बाचिन्जेल तेरो मेरो, को ठूलो भन्ने धारणा राख्दै महलको सपना देख्छन् । तर यस्तो गर्नु उचित होइन भन्ने यथार्थ यस कवितामार्फत व्यक्त भएको छ ।

*रोकिन सक्छ, सङ्ग्राम समरको*
*रौद्र रूप देखाएर ।*
*तर के शिशुता पनि रोकिन्छ*
*यौवनपथमा आएर ?*

यो संसार यस्तो चलिरहनने प्रक्रिया हो जुन जस्तो सुकै विषम परिस्थितिमा पनि चलि नै रहन्छ । मानिसको जीवनमा विभिन्न किसिमका उतारचढावहरू, आइरहन्छन् तर संसारको जीवनचक्र रोकिदैन् त्यो निरन्तर चलिरहन्छ । यस्तै खालका भावहरू **विकास** शीर्षकको यस कवितामा पाउन सकिन्छ । यस्तै खालका थुप्रै भावहरू उनका कविताहरूमा पाउन सकिन्छ ।

## ३.२ कविताका तत्त्वका आधारमा प्रेमराजेश्वरी थापाको कवितासङ्ग्रह 'तिम्रो याद वर्षा' को विश्लेषण

### ३.२.१ शीर्षकव्यवस्था

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिमा सारभूत भाव विचारको सूचक वा उद्घाटकसमेत हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ ।[14] शीर्षकले नै पाठकलाई आकर्षित गर्दछ । प्रेमराजेश्वरीका सबै कवितामा शीर्षक व्यवस्था सुहाउँदो पाइन्छ । कुनै अभिधा अर्थमा, कुनै लक्षणा अर्थमा र कुनै व्यञ्जना वा व्यङ्ग्य अर्थमा पाउन सकिन्छ । शीर्षक नभएको उनका रचनाहरू भने नेपाली भाषामा प्राप्त छैनन् ।

प्रेमराजेश्वरी थापाको **तिम्रो याद वर्षा** शीर्षकको एक मात्र कवितासङ्ग्रहमा प्रतीकात्मक रूपमा शीर्षक राखिएको छ । यस कवितासङ्ग्रह यादको वर्षा कै रूपमा आएको छ । आँसु नै वर्षाको प्रतीक बनेको छ । वेदनाप्रधान उद्गार हुनाले नइ प्रकाशनले यो नाम जुराएको बुझिन्छ ।[15] यस सङ्ग्रहभित्र प्रेमराजेश्वरी थापाका जीवनका महŒवपूर्ण रचनाहरू सङ्कलित भएका छन् । यस सन्दर्भमा प्रस्तुत कवितासङ्ग्रहको शीर्षकीकरण सार्थक देखिन्छ । अब यस सङ्ग्रहभित्रका उपयुक्त शीर्षकव्यवस्था गरिएका कविताहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

**प्रेममहिमा**

*प्रेमधन छ अनमोल वस्तु,*
*प्रेम हो प्रभुको वरदान*
*प्रेममन्त्र  पढेपछि, कस्तै*
*नीच होस्, हुन जान्छ महान् ॥*

---

[14] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता भाग ४** (ललितपुरः साझा प्रकाशन, २०५३) पृ. १७

[15] श्यामदास बैष्णव, प्रेमराजेश्वरीको साहित्यिक मुक्ताहार, प्रेमराजेश्वरी थापा, **तिम्रो याद वर्षा** (काठमाडौंः नइ प्रकाशन) पृ. ३०

**प्रेममहिमा** शीर्षकको यस कवितामा प्रेमको बढाइचढाइका साथै प्रेमको महिमा गान गरिएकाले अभिधा अर्थमा प्रेममहिमा शीर्षक सार्थक देखिन्छ ।

**आधार**

*गयौ कहाँ तिमी छोडी मलाई ?*
*त्याग्यौ किन असमयमा साथ ?*
*मेरो शून्य भयो संसार*
*लिऊँ म कसको अब आधार ?*

**आधार** शीर्षकको कवितामा कविताभरि नै प्रेम र प्रेमीसँगको आधार खोजिएकाले 'आधार' शीर्षक सार्थक देखिन्छ । यस कविताको शीर्षक अभिधा रूपमा प्रकट भएको छ ।

**पूजावाले**

*चन्दन घोटी घोटी कसकन*
*दिन्छौ हाय ! लगाई ?*
*ती पवित्रतम देवताकन पनि*
*दिन्छौ तिमी झन अशुद्ध बनाई !*

**पूजावाले** शीर्षकको कवितामा ढोङ र आडम्बरप्रति व्यङ्ग्य गरिएको छ । 'पूजावाले' शीर्षक व्यङ्ग्यात्मक रूपमा रहेकाले सार्थक देखिन्छ ।

**दुई चित्र**

*जब सुनें - तिमी आउँछौं*
*म हुन पुगें प्रसन्न !*
*तर उत्तिखेरै मनमा*
*सोची भएँ झसङ्ग ।*

**दुई चित्र** शीर्षकको यो कवितामा कोही आउने खबरले आफू प्रसन्न र उदास दुवै भएको प्रसङ्गले 'दुई चित्र' शीर्षक सार्थक देखिन्छ । 'दुई चित्र' शीर्षक व्यञ्जनात्मक रूपमा दुईवटै अर्थ लिएर आएको छ ।

**आफैसित**

*मन, प्रेम प्यारको दुनिया छोडी*
*अश्रु निवेदन आज बिर्सी तँ*
*युगयुगदेखि मानवलाई आफ्नो उरको प्यार दिएर*
*एकएक नरमा तैले कोमलताको झङ्कार दिएर !*
*प्रेमस्नेहको सट्टा ...*
*पौरुष, साहस पाउने तेरो अभिलाषा*
*मिथ्या पाऱ्यो नरले !*

**आफैसित** शीर्षकको कविता प्रेमराजेश्वरीको नारी जागरणसम्बन्धी कविता हो । यसमा उनले नारीलाई अगाडि बढ्न प्रोत्साहित गरेकी छन् । प्रेमराजेश्वरी थापा आफू नारी भएकोले 'आफैसित' शीर्षक सार्थक देखिन्छ । उनले प्रतीकात्मक रूपमा यसमा आफूलाई अगाडि ल्याएकी छन् ।

**वृक्ष**

*सेवामय छ सबै तिम्रो*
*जीवन निधनकलेवर वेश !*
*प्रभुगृहदेखि आई जगतमा ।*
*दिन्छौ के सेवा सन्देश ?*

प्रस्तुत कविताको शीर्षक वा नाम कवयित्रीले **वृक्ष** राखेकी छन् । यस कविताको नामकरण अभिधार्थमा नभएर प्रतीकात्मक रूपमा गरेको देखिन्छ । 'वृक्ष' भनेको मुख्यतः फलफूल दिने एउटा रूख विशेष हो । यस कविताका सन्दर्भमा आएको 'वृक्ष' कुनै फलफूल दिने वृक्षको रूपमा नआएर मानिसमा सेवासन्देश दिने 'वृक्ष' को रूपमा आएको छ । त्यसैले प्रस्तुत कविताको शीर्षकीकरण सार्थक देखिन्छ ।

### ३.२.२. संरचना

**तिम्रो याद वर्षा** कवितासङ्ग्रहको स्वरूप साना र ठूला गरी अठहत्तर ओटा गीत कविताहरूद्वारा संरचित भएको पाइन्छ । यस कवितासङ्ग्रहमा आएका कविताहरूको आयतनलाई हेर्दा अधिकतम विस्तारित कविता **रमणी** ७६ पङ्क्तिहरूबाट निर्मित भएको छ भने सबभन्दा कम विस्तारित कविता **आराधना** तथा **किन** ? चार पङ्क्तिहरूमा संरचित भएको देखिन्छ । अन्य कविताहरू यिनै कविताहरूको साँध-सीमाभित्र आबद्ध रहेका छन् । उनका कविताहरू प्रायः श्लोक विभाजनमा रहेका छन् भने 'मेरो घर', 'अज्ञान', 'पारिजात पुष्प', 'करुणे', 'कहाँ ?', 'स्मृति', 'निवेदन', 'प्रेमपुजारी', 'वादक ! तिमी को ?', 'आफैसित', 'पुनरावृत्ति', 'बाँच्नु र मर्नुको इमान्दारी' जस्ता कविताहरू श्लोक नभएर निरन्तरित पङक्तिप्रवाहमा आधारित रहेका देखिन्छन् ।

प्रेमराजेश्वरी थापाका कविताहरूको आयतनलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

| लामो आयतन | मझौला आयतन | लघु आयतन |
|---|---|---|
| रमणी - ७६ पङ्क्ति<br>आफैसित - ६८ पङ्क्ति<br>आम्रतरु - ६४ पङ्क्ति<br>नीड वा गुँड - ६० पङ्क्ति<br>तुलसीदासप्रति - ५६ पङ्क्ति<br>अभीष्ट, प्रेम, पूजावाले - ४८ पङ्क्ति | बिसूँ कसरी - १४ पङ्क्ति<br>भिक्षा - १६ पङ्क्ति<br>जल - १२ पङ्क्ति<br>आधार - २४ पङ्क्ति<br>चमेली - १६ पङ्क्ति<br>विकास - १६ पङ्क्ति<br>निर्भर वा पहाडी खोलासित - २४ पङ्क्ति<br>कैले ? - २८ पङ्क्ति | आराधना - ४ पङ्क्ति<br>किन ? - ४ पङ्क्ति<br>भेट - ८ पङ्क्ति<br>दुई पान्थ - ८ पङ्क्ति<br>तृप्ति - ८ पङ्क्ति<br>जन्ममरण - ८ पङ्क्ति<br>आँसु ! तिमीलाई के भनूँ ? ८ पङ्क्ति<br>धूलि - ८ पङ्क्ति<br>अभिसार - ८ पङ्क्ति |

**तिम्रो याद वर्षा** चौडाइको संरचना हेर्दा न्यूनतम एक शब्ददेखि नौ शब्दसम्म प्रयोग भएको पाइन्छ । **अज्ञान** शीर्षकको कविताको १५ औं हरफमा नौ शब्द रहेका

छन् । 'आफैसित', 'कैले' आदि कवितामा एक शब्दको हरफ पनि रहेको छ । प्रायः कवितालाई औसत रूपमा हेर्दा चार/पाँच शब्दको लम्बाइमा हरफहरू संरचित छन् ।

### ३.२.३ विषयवस्तु

प्रेमराजेश्वरी थापा मूलतः प्रेम कविताकै कवि हुन् अर्थात् उनको सिर्जनात्मक अभिव्यक्तिको केन्द्रीय स्वरूप नै प्रेम हो । यसबाहेक उनले अन्य विषयसँग सम्बन्धित भएर पनि थुप्रै कविताहरू रचना गरेकी छन् । उनका कविताहरूमा विषयवस्तुका रूपमा मुख्य रूपमा प्रेम र त्यसबाट पलाएका आँसु, पीडा, निराशा, आशा, समर्पणका साथै प्रकृतिचित्रण दोस्रो महत्त्वपूर्ण विषयको रूपमा आएको छ । त्यसपछिका विषयवस्तुहरूमा ईश्वरभक्ति, देशप्रेम, जीवनदर्शन, नीतिचेतना, अध्यात्मवाद, सङ्गीतप्रेम, आशावादी-निराशावादी दृष्टिकोण, बाल्यकाल र मातृस्नेहको सम्झना, नारीचेतना आदि थुप्रै विषयवस्तु पर्दछन् ।

*दिनमा पनि बन्द गरी दृष्टि*
*हेर्दछु प्रियतमको श्रृङ्गार ।*
*खोल्दिनँ पलकपल्लव किनभने*
*हट्छन कि ? भनी प्राणाधार ॥*

प्रेमराजेश्वरी थापाको यो **आराधना** कविता मनमा सधैं स्पर्श गरिरहन सक्ने गरी प्रस्तुत गरिएको छ । त्यसैले यो उनको प्रेमपरक कविता कहिल्यै पनि पुरानो नहुने गरी उत्कृष्ट बनेको छ ।

यसबाहेक प्रेमराजेश्वरी थापाले आफ्नो कवितामा बढी मात्रामा प्रयोग गरेको विषयवस्तु प्रकृतिचित्रण हो । उनले प्रकृतिबाट विभिन्न बिम्बहरू टिपेर आफ्ना कवितामा राख्ने काम गरेकी छन् । यिनका प्रकृतिचित्रण गरिएका कविताहरूमा 'वृक्ष', 'चमेली', 'नीड वा गुँड', 'पारिजात पुष्प', 'जल', 'मोहिनीमाला', 'वसन्तस्वागत', 'प्रकृतिप्रेम', 'याद', 'हे झरने' जस्ता थुप्रै कविताहरू पर्दछन् ।

*सौरभयुक्त मनयानिल बही*
*भाँतिभाँति पुष्प जब फुल्छन् ।*

*जलमा थलमा पृथ्वीभरिमा*
*चन्द्रचाँदनी शोभित हुन्छिन् ॥*

**तिम्रो याद शरद्** शीर्षकको यस कवितामा शरद्ऋतुको चित्रण गरिएको छ । फूल फुलेर शोभायमान भएको अवस्थाको चित्रण यसमा भएको छ ।

प्रेमराजेश्वरी थापाले प्रयोग गरेको अर्को विषयवस्तु देशप्रेम हो । कतिपय कविताहरूमा उनले अप्रत्यक्ष रूपमा देशप्रेमको भाव झल्काएकी छन् भने कतिपयमा प्रत्यक्ष रूपमा देशप्रेम प्रस्तुत भएको छ । उनमा आफ्नो देशप्रति अगाध आस्था र प्रेम रहेको कुरा **राम्रो नेपाल** नामक कविताबाट पनि बुझ्न सकिन्छ ।

*वनले हरियो लुगा लगाउँदा, हरियो मनै हुन्छ !*
*लालीगुराँस फुल्दाखेरि, लालित्यमा डुब्छ !*
*सबै देशभन्दा राम्रो हाम्रो नेपाल !*
*राम्रो नेपाल !*

प्रेमराजेश्वरी थापा कविताहरूमा हिन्दूधर्मका विभिन्न देवी-देवताप्रति भक्तिभावना देखाइएको छ । उनको जीवनलाई प्रेम, पीडा, दुःख र वेदनाले बढीभन्दा बढी जेलेको हुँदा ईश्वरभक्तिका रचनाको जन्म भएको हो । उनका ईश्वरभक्तिसँग सम्बन्धित कविताहरूमा ‘अभीष्ट’, ‘पूजावाले’, ‘अभिसार’, ‘नक्षत्र’, ‘भिक्षा’, ‘ललितकामना’, ‘सार्थकता’ आदि रहेका छन् ।

**भिक्षा** कवितामा आफ्ना जीवनका भूल तथा पीडालाई बिर्सन ईश्वरको पाउको धूलो हृदयमा लगाई बिर्सन कोसिस गरिएको छ भने ‘पूजावाले’ शीर्षकको कवितामा धार्मिक ढोङप्रति व्यङ्ग्य गरिएको छ ।

*बनूँ म श्याम आभा, अथवा*
*मुखचन्द्र तिम्रो हे चित्त चोर !*
*जसको दर्शनमा व्याकुल*
*सदा राधाका नयन चकोर*

**ललितकामना** शीर्षकको यो कविता कृष्णभक्तिसँग सम्बन्धित रहेको र मुरलीको स्वरले सङ्कटको अन्त हुने विश्वास गरिएको छ ।

प्रेमराजेश्वरी थापा नारीस्वतन्त्रताको पक्षधर भएकीले उनले नारीवादी कविता पनि लेखेकी छन् । उनको नारीवादी कवितामा नारीलाई पुरुषको दास भएर नवाँची अगाडि बढ्नुपर्ने मार्गदर्शन गरिएको छ ।

*जयनाद गरी भन*
*मेरो नारीको मन !*
*तेरो छुटोस् आज संम्झना*
*लिई नयाँ चेतना हिँड*
*चुँडाली आज*
*नारीका निम्ति नरको शासन*

(आफैसित)

प्रेमराजेश्वरीको कविता रचनाको अर्को विषय जीवनदर्शन रहेको छ । यसमा सांसारिक प्रक्रिया, आफूले गर्नुपर्ने कर्तव्य, जीवनमा सत्पक्षको महŒव, जन्ममरणको प्रक्रिया, सांसारिक मोह आदि जीवनको यथार्थसँग सम्बन्धित विषयमा पर्दछन् । जीवनदर्शनसँग सम्बन्धित उनका कविताहरूमा ‘दुई पान्थ’, ‘स्मृति’, ‘जन्ममरण’, ‘संशय’, ‘नीड वा गुँड’, ‘कैले ?’ ‘अज्ञान’, ‘विकास’, ‘मेरो घर’ आदि पर्दछन् ।

उदाहरणको लागि **मेरो घर** शीर्षकको कविताका अंशलाई लिन सकिन्छ -

*कोलाहलले पूर्व जगतमा*
*जहाँ असङ्ख्य नर वानर ।*
*व्याधिग्रस्त नश्वर पामर*
*नियति जहाँ क्रीडा गर्छिन्*
*लिई असाफल्यको करमा वर !*
*जुन प्राप्त गर्छन् मरीकन नर ।*

प्रेमराजेश्वरी थापाको सङ्गीतक्षेत्रमा पनि विशेष रुचि भएकाले उनका कतिपय कविताहरू सङ्गीतसँग सम्बन्धित गीत पनि उनले लेखेकी छन् र सङ्गीतसँग सम्बन्धित शब्दहरूको प्रयोगले कविताहरू साङ्गीतिक बनेका छन् ।

उनको सङ्गीत विषयक कविता यसप्रकार छ : -

*यस जगतका स्वर अनेक*
*सुन, हुन् परिणाम वादक !*
*यस जगतमा चित्र थरीथरी*
*हेर ! हुन् त्यै तालवादक !*

(वादक ! तिम्रो को ?)

प्रेमराजेश्वरी थापाले कतिपय कविताहरू महान कवि तथा व्यक्तित्वलाई आदर्श वा विषय बनाएर तिनैको महिमा गान गरी रचना गरेकी छन् ।

यसको उदाहरणको रूपमा **तुलसीदासप्रति** शीर्षकको कवितालाई लिन सकिन्छ ।

*हे भक्तकुमुदका बान्धव !*
*कविकुलोडुगणका शृङ्गार !*
*शान्तिसुधाकिरणका दायक !*
*ज्ञानकौमुदीका आगार*

प्रेमराजेश्वरीको माथिको कविता कवि तुलसीदासप्रति समर्पण गरी लेखिएको कविता हो । यसमा कवि तुलसीदासको महिमा गान गरी उनलाई आदर्शका रूपमा लिने काम गरिएको छ ।

प्रेमराजेश्वरी थापा विविध विषयवस्तुमा कविता रचना गर्न सक्ने कवयित्री हुन् । उनका मनमा प्रभाव पार्ने कुनै पनि विषयलाई कवितामा व्यक्त गर्न सक्ने सामर्थ्य रहेको देखिन्छ ।

### ३.२.४ लयविधान

प्रेमराजेश्वरीका कविताहरू प्रायः बद्धलय तथा नगन्य रूपमा मुक्त लयको समेत समावेश गरी रचना गरिएका छन् ।

**तिम्रो याद वर्षा** प्रेमराजेश्वरी थापाको मानसपटलमा उथलपुथल भएका विभिन्न भावपुञ्जहरूलाई छन्दमा ढालेर प्रस्तुत गरिएको कविताहरूको सङ्ग्रह हो । प्रेमराजेश्वरी थापाका प्रायः कविताहरू मात्रिक छन्दमा नै छन् । उनका केही फाट्टफुट्ट रचना मात्र वार्णिक छन्दमा लेखिएका छन् । वार्णिक छन्दमा उनले मालिनी र अनुष्टुप छन्दको प्रयोग गरेकी छन् । बाँकी केही मुक्तलयसमेत समायोजन गरिएका रचनाहरू यस सङ्ग्रहमा सङ्गृहीत भएका छन् । उनका कवितामा लोक छन्दको प्रयोग गरिएको देखिएको छैन ।

प्रेमराजेश्वरी थापाका वार्णिक छन्दका कवितामा 'अभीष्ट', 'को हो को हो ?' आदि मालिनी र अनुष्टुप छन्दमा रचना गरिएका छन् । मात्रिक छन्दमा पादाकुलक, गीति, आर्या, उदगीति, द्विपदी, रोला, चौबोला आदि छन्दको प्रयोग गरिएको छ । गीति छन्दका कविताहरूमा 'आराधना', 'नक्षत्र', 'प्रणयान्वेषण', 'सबखाली', 'प्रेमपुजारी', 'आँसुका दुई थोपा', 'प्रदान', 'याद', 'स्मृति', 'चमेली', 'वृक्ष', 'सार्थकता' आदि पर्दछन् ।

द्विपदी छन्दका कविताहरू 'धूलि', 'अभिसार', 'निर्झर', 'लघुताको महिमा', 'निःस्पृह', 'प्यासो मन', 'दुई पान्थ', 'किन ?' आदि रहेका छन् ।

चौवोला छन्दमा रचना गरिएका कविताहरू 'ललितकामना', 'विकास', 'तुलसीदासप्रति', 'हे झरने', 'प्रियतमसित', 'प्रेममहिमा', 'वादक ! तिमी को ?' आदि हुन् ।

उद्गीति छन्दका कविताहरू 'आँसु ! तिमीलाई के भनूँ ?', 'कहाँ ?', 'दुई चित्र', आदि हुन् ।

पादाकुलक छन्दका रचनामा बिर्सू कसरी ?: 'प्रश्न', 'निवेदन', 'एकरात', 'दैव ! हऱ्यौ किन ?', 'आधार', आदि रहेका छन् ।

आर्याछन्दमा रूप, विधवापनको शूल तथा रोला छन्दमा प्रकृतिप्रेम, को ? आदि रहेका छन् ।

*साँगिनी ! कसले  अन्जानैमा,*

*आकर्षणका खोले द्वार ?*

*कुन पीडाको वीणामा यी*

*बजिरहेछन् करुण पुकार ?*

माथिका कविताका केही टुक्राहरू जुन **प्रश्न** शीर्षकको कविताबाट लिइएको हो । यो मात्रिक छन्दको पादाकुलक छन्दमा रचना गरिएको छ । यसमा चारओटै पाउमा बराबर मात्रा रहेका छन् । यो छन्दलाई स्कन्धक वा पत्झटिका छन्द पनि भनिन्छ ।

*पलपल गरिगरी युगयुग बिते,*

*भयो कठिन प्रतीक्षासार !*

*आयो अब शुभ घडी मिलनको*

*अहा ! आज मेरो अभिसार ॥*

**अभिसार** शीर्षकको माथिका कविताका अंशहरूमा सबै पाउमा सोह्र मात्रा भएकाले यी अंशहरू पादाकुलक छन्दमा रचिएका हुन् । यसमा सबै पाउमा मात्राको व्यवस्था हुनाले यो सममात्रिक छन्द हो ।

*जे सुनी भरिन्छ मुग्धाको*

*यौवनमा उन्माद*

*हे झरने ! यस कलरवमा तिमी*

*गर्छौ कुन संवाद ?*

**हे झरने** शीर्षकको यस कवितामा मात्रिक छन्दअन्तर्गतको द्विपदी छन्दको प्रयोग छ । यसमा पहिलो र तेस्रो पाउमा १६ मात्रा र दोस्रो र चौथो पाउमा १२ मात्रा रहेका छन् । यसमा दुई पाउमा एकखाले र अरू दुई पाउमा अर्का खाले मात्रा भएकाले यो अर्द्धसम मात्रिक छन्द हो ।

*भोगको छैन भोको उ*

*योगमा पनि छैन ऊ ।*

*गुणले किन्न सक्तैन*
*बिक्तैन रूपमाथि उ ॥*

**प्रेम** शीर्षकको कविता वार्णिक छन्दअन्तर्गतको अनुष्टुप छन्दमा रचना गरिएको कविता हो । यो छन्द जुनसुकै भाव,  रस र अलङ्कारमा पनि मिल्ने हुनाले र केही निश्चित अक्षर सङ्ख्याबाहेक अन्यमा गणका साँचामा बाँधिनुनपर्ने भएकाले अन्य छन्दका तुलनामा अनुष्टुपछन्दलाई सजिलो छन्दका रूपमा लिने गरिन्छ ।[१६] यसमा सबै पाउमा पाँचौ ह्रस्व, छैटौँ दीर्घ र सातौंमा पहिलो र तेस्रो पाउमा दीर्घ तथा दोस्रो र चौथो पाउमा ह्रस्व अक्षर रहेका छन् ।

प्रेमराजेश्वरी थापाको मालिनी छन्दमा रचना गरिएको **अभीष्ट** शीर्षकको कविताको एक नमूना यसप्रकार छः:

न　　न　　म　　　य　　य
।।।　।।।　।क क　　क　। क क　। क क

*जगदुरसि वसन्तम् - राम ! चाहे म भूलूँ*
*निजदृशि विनशन्तम् - श्याम ! चाहे म भूलूँ ।*
*हर ! तदपि स्वकीयम् - भेषलाई नभूलूँ*
*सुरपुरिसरि हाम्रो देशलाई नभूलूँ ॥*

यसरी यसमा श्लोकमा न, न, म, य, य गणहरूको प्रयोग गरी १५ ओटा अक्षरमा संरचित भएकोले मालिनी छन्दको प्रयोग भएको देखिन्छ ।

*आँसुका थोपामा हुन्छ*
*शीतल दिलको ज्वाला !*
*भित्री आँसुमा तर पोल्छ*
*मुटुको भित्री छाला ।*

---

[१६] देवी नेपाल, **छन्द पराग,** (काठमाडौंः भूडीपुराण प्रकाशन, २०६२) पृ. २० ।

यसको जोर पाउमा अठार र बिजोर पाउमा बाह्र मात्रा भई दुईदुई पाउ मात्र बराबर भएको हुनाले यो अर्द्धसम मात्रिक छन्द हो ।

*जब सुनें - तिमी आउँछौं*
*म हुन पुगें प्रसन्न !*
*तर उत्तिखेरै मनमा*
*सोची भएँ झसङ्ग ।*

(दुई चित्र)

यसमा फरक पाउमा फरक फरक मात्रा भएकाले यो विषम मात्रिक छन्द हो ।

*सखी ! जब आयो मञ्जु प्रभात*
*प्राचीकन अनुपम लाल गरी !*
*विकसित फूल फूले हाँगाभरि*
*शुष्क हृदय पनि हरियो गरी ।*

*(को ?)*

यसका सबै पाउमा बराबर मात्रा नभएकाले यो विषम मात्रिक छन्द हो ।

*अमृत हौ वा हौ 'विष' तिमी ?*
*अहिलेसम्म चिनिनँ !*
*निष्ठुर रुप विश्वमा तिम्रो*
*विचित्र देख्छु नवीन ।*

(रूप)

यी कवितांशमा विभिन्न पाउमा भिन्नभिन्न मात्राव्यवस्था रहेको हुनाले यो विषम मात्रिका छन्द हो ।

यसरी प्रेमराजेश्वरी थापाले वार्णिक र मात्रिक छन्दमा कविता लेखेको पाइन्छ । वार्णिकभन्दा पनि मात्रिकमा उनको धेरै कलम चलेको छ ।

### ३.२.५ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन-कला हो । त्यसैले कथनपद्धति कवितामा एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ ।[१७] हरेक कृतिमा वस्तुको प्रस्तुतीकरण प्रत्यक्ष वा परोक्ष समाख्याताबाट गरिन्छ अर्थात् प्रत्येक कथा कसैद्वारा भनिन्छ । लेखकले आफ्ना विचारहरू कुनै कृतिमा सहभागी (प्रथम पुरुष) र कुनैमा असहभागी (तृतीय पुरुष) समाख्याताका माध्यमबाट प्रस्तुत गर्दछ ।[१८]

प्रेमराजेश्वरी थापाका कविता हेर्दा पनि उनले आफ्ना कवितामा प्रथम पुरुष कथनपद्धति र तृतीय पुरुष कथनपद्धतिको नै प्रयोग गरिएको देखिन आउँछ अर्थात् उनले आफ्ना अनुभूतिहरूलाई कतै सोझै अभिव्यक्त गरेकी छिन् र कतै विभिन्न माध्यमद्वारा अभिव्यक्त गरेकी छिन् ।

*दिनमा पनि बन्द गरी दृष्टि*
*हेर्दछु प्रियतमको शृङ्गार ।*
*खोल्दिनँ पलकपल्लव किनभने*
*हट्दछन कि ? भनी प्राणाधार ॥*

प्रेमराजेश्वरीको चार पङ्क्तिमा रचित **आराधना** शीर्षकको उक्त कवितामा कवि स्वयम् उपस्थित भएको हुनाले यो प्रथमपुरुष दृष्टिविन्दु वा कथन पद्धतिमा रचित कविता हो ।

*दी साहसको वरदान*
*आत्मविश्वासी हओस् मानव !*
*अनि हेर ! स्वसाहसमा निर्भर नर नै हुनेछ*
*तेरो साथी !*
*अनि पाउनेछस्*
*धवल पखालेको*

---

[१७] वासुदेव त्रिपाठी र अन्य (सम्पा) **नेपाली कविता भाग ४**, पूर्ववत् पृ. १९ ।

[१८] लुइटेल खगेन्द्र, **कविताको संरचनात्मक विश्लेषण** (काठमाडौं, विद्यार्थी पुस्तक भण्डार), पृ. २३९ ।

*औं पौरुषप्राप्त मनुज नै*

*तेरो*

*असन्दिग्ध विश्वासी !*

**आफैसित** शीर्षकको यस कवितामा कविले आफू स्वयम् उपस्थित नभएर नारीलाई उपस्थित गराएको हुनाले यो तृतिय पुरुष कथनपद्धतिमा आधारित रहेको छ ।

*वसन्तको कुनै एक*

*मोहिनी रूप साँझमा ।*

*थिएँ बासिरहेकी म*

*मस्त भै फूलबारीमा ॥*

**को हो को हो ?** शीर्षकको यस कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कविताको टुक्रामा 'म' भन्ने शब्दले कवि स्वयम् नै कवितामा उपस्थित भएको बुझिने भएकाले यो प्रथमपुरुष दृष्टिविन्दुमै रचना गरिएको कविता हो ।

## ३.२.६ भाषाशैली

प्रेमराजेश्वरी थापाका कविताहरू जति पनि छन् ती सबैमा भाषाप्रयोगलाई हेर्दा उनले सरल भाषादेखि लिएर क्लिष्ट (संस्कृत शब्दसहित) भाषाको प्रयोग गरेकी छिन् । उनको भाषा व्याकरणिक हिसाबले पनि स्तरीय रहेको छ ।

शैलीका दृष्टिले उनका कविताहरूलाई हेर्दा गद्यशैली तथा पद्यशैलौ पाउन सकिन्छ । गद्यशैलीमा केही रचनाबाहेक प्रायः उनका सम्पूर्ण कविताहरू पद्यशैलीमा नै रचना गरेको पाइन्छ ।

प्रेमराजेश्वरी थापाले **तिम्रो याद वर्षा** का कविताहरूमा तत्सम, तद्भव तथा आगन्तुक सबै किसिमका शब्दहरूको प्रयोग गरेकी छन् । आजाद, पपीहा, अलिदिन बाद, सुहावन, दीवार, दरवाजा, चिडिया जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि उनका कविताहरूमा पाइन्छ । भाँतिभाँति, मुसुमुसु, खिलखिल, झिलिमिली, खुलुलुलु जस्ता धेरै

अनुकरणात्मक शब्दहरूको प्रयोगले कविताको अभिव्यक्तिगत मिठासमा वृद्धि गरेको देखिन्छ । त, पो, नि, नै जस्ता निपातहरूको प्रयोगमा पनि उनको उत्सुकता देखिन्छ ।

आदि मध्य र अन्त्यानुप्रासको प्रयोगले उनका अधिकांश कविताहरू सजिएका छन् । प्रायः अन्त्यानुप्रासको उचित निर्वाहले उनका अधिकांश कविताहरू गेयात्मक बन्न पुगेका छन् ।

प्रायः उनका कविताहरूमा क्लिष्ट संस्कृत भाषाको प्रयोग गरिएको छ जसले गर्दा कहिलेकाहीँ पाठकहरू नै अलमलिन सक्ने स्थिति पनि आउने देखिन्छ । **अभीष्ट** शीर्षकको कवितामा आधा संस्कृत र आधा नेपाली भाषाको प्रयोग गरिएको छ । उनको मिश्रितभाषाको प्रयोग भएका केही हरफहरू यसप्रकार छन् :

*मम ननु परिधाने - वस्त्र होस् देशको नै !*
*बलविमलविधाने - शस्त्र होस् सत्यको नै ।*

प्रेमराजेश्वरीले केही हिन्दी भाषामा पनि कविता लेखेकी छन् । 'किन ?' शीर्षकको दार्शनिक कविता र 'चुरोटको आत्मकथा' तर्कशील कविता, 'दुई पान्थ', 'मेरो परिचय' आदि जस्ता थुप्रै कविताहरू नेपाली हिन्दी भाषामा पनि अनुवाद गरी लेखिएका छन् ।[ञढ]

प्रेमराजेश्वरीको लेखनशैलीलाई हेर्दा उनमा हिन्दीकी महादेवी बर्मा, संस्कृतका कालिदास, नेपालीका भवानी भिक्षु, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदि कविको प्रभाव परेको देखिन्छ ।

प्रेमराजेश्वरी थापाका कवितामा महादेवी वर्माको दुःख प्रदान कविता शैलीको प्रभाव परेको छ । वास्तवमा प्रेमराजेश्वरी थापाको शैली खिचडी जस्तो रहेको छ । वर्णनात्मक र उपदेशात्मक शैलीमाचाहिँ लेखनाथ पौड्यालको प्रभाव पर्न गएको देख्न सकिन्छ । भावात्मक शैलीमा चाहिँ उनी प्रायः भवानी भिक्षुकै पदचिन्हबाट हिडेकी छन् । स्वच्छन्दतावादी शैलीमा लक्ष्मीप्रसाद देवकोटाको छायाँ पाउन सकिन्छ ।

---

[१९] देवी शर्मा, 'साहित्य कला र सङ्गीतकी प्रेमीः प्रेमराजेश्वरी' **गोरखापत्र,** पूर्ववत्, पृ. ग. ।

*तर के बताऊ यो पूजावाले !*
*शुद्ध हृदय पनि तिम्रो छ ?*
*यदि यो छैन त, तिमी बताऊ -*
*यो आडम्बरले के हुन्छ ?*

**पूजावाले** शीर्षकको माथिको कविताले ढोंगप्रति व्यङ्ग्य गरेको छ । यसले देवकोटाको **यात्री** कविताको 'कुन मन्दिरमा जान्छौ यात्री' भन्ने भनाइलाई सम्झाउँछ ।

*तिम्रो मादक मदिरा झैं*
*स्मृतिले याद दिलायो !*
*प्रियतम ! मैले बुझ्न सकिनँ*
*कसको निर्मम ठट्टा यो ?*

**प्रियतमसित** शीर्षकको यस कविताले 'शाकुन्तल' मा शकुन्तलाको लज्जाको र 'उर्वशी' मा उर्वशी अर्जुननेरै पुग्दाको उसको मनः स्थितिको चित्रणमा रहेको सूक्ष्मता र भावको घनीभूततालाई सम्झाउँछ ।[२०]

## ३.२.७ बिम्ब र प्रतीकको प्रयोग

प्रेमराजेश्वरी थापाले आफ्ना कविताहरूमा विभिन्न किसिमका बिम्ब तथा प्रतीकहरूको प्रयोग गरेकी छन् । सीमित अर्थमा विम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ ।[२१]

प्रतीक भनेको सादृश्य वा साहचर्यद्वारा कुनै चीजको प्रतिनिधित्व गर्ने वस्तु हो । यसले प्रायः कुनै विचार वा गुणको प्रतिनिधित्व गर्छ ।[२२]

---

[२०] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक**, पूर्ववत्, पृ. ३० ।

[२१] खगेन्द्र लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ. २५७ ।

[२२] ऐजन पृ. २६५ ।

प्रेमराजेश्वरीका कविताहरूमा बिम्ब र प्रतीकहरू विभिन्न स्थान, अनुभूति एवम् विषयको वर्णनका क्रममा आएका देखिन्छन् । उनका कवितामा पाइने बिम्बहरूमा हीरामोती, चाँदी, गीत, उषा, दूधको तर, जुहार, गुफा, मदिरा, बर्साती खोला, शिशु, बिहानी, राजसिंहासन, रत्न, फूल, तार, पुतली, पानी, अमृत, हलाहल, दीवार, सर्प, पाउजु, पागल, सागर, जलका छिटा, विजुली, झञ्झा, द्वार, आमा, सागर, गायत्री, आगो, सरिता, अतिथि, निशा, सुनको थाली, बादल, पशु, कमल, वनजूही, पलकपल्लभ आदि थुप्रै बिम्बहरूको प्रयोग गरेकी छन् भने झरना, वृक्ष, जल, आँपको रूख, पारिजातको फूल, गुँड, वसन्त ऋतु शरद ऋतु, वर्षा ऋतु, हेमन्त ऋतु, ग्रीष्म ऋतु, चमेली फूल, पहाडी खोला आदि थुप्रै प्रतीकहरूको प्रयोग गरेर उनले कविता रचना गरेकी छन् ।

*कोमल फूलमा मुसुमुसु हाँसी*
*लुकेर आएका तिमी को ?*
*विछिरहेका पलकपथमा*
*छवि देखाउने, हौ तिमी को ?*

**वसन्तस्वागत** शीर्षकको यस कवितामा वसन्तऋतु प्रतीक भएर आएको छ भने पलकपथलगायत थुप्रै बिम्बहरू यस कवितामा रहेका छन् जसले गर्दा कवितामा सुन्दरता थपिएको छ ।

बिम्ब र प्रतीकको एकअर्कासंग विशिष्ट सम्बन्ध रहेको हुन्छ । सम्पूर्ण प्रतीकहरू बिम्बमा आधारित हुन्छन् र बिम्बहरूबाटै प्रायः अकाट्य र गम्भीर प्रतीक निर्माण हुन्छन् ।[२३]

*कुन दुःखिनीको कोमल आँसु*
*कसको हृदयको मधुर सन्ताप*
*अन्तःस्थलमा लिई लुकाई*
*कहाँ हिडेका तिमी, चुपचाप ?*

[२३] खगेन्द्र लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ. २६१ ।

**निर्झर वा पहाडी खोलासित** शीर्षकको यस कवितामा शीर्षकले नै सबै पङ्क्तिहरूको प्रतिनिधित्व गरेको छ अर्थात्, यहाँ पहाडी खोला प्रतीक बनेर आएको छ । यसमा आँसु, हृदयजस्ता थुप्रै बिम्बहरूको प्रयोग उचित ढङ्गले गरिएको छ ।

*दुःखले जब कोरियो कोमल मुटु*
*भए नयन जब ताता !*
*आयौ उहीँ तिमी 'वर्षा' भई*
*आँसुका दुई थोपा ।*

**आसुका दुई थोपा** शीर्षकको यस कवितामा 'आँसुको थोपा' दुःखको प्रतीक बनेर आएको छ भने 'वर्षा' जस्ता थुप्रै बिम्बहरूको प्रयोग गरिएको छ ।

*शैलशिखरपतित निर्झरिणीमा*
*मग्न चेतना भुलेर ।*
*निनिमेष टक्क अडेर*
*पथिक ! लिन्छौ कुन स्वाद ?*

**हे झरने** शीर्षकको यस कवितामा 'झरना'लाई प्रतीक बनाइएको छ । मग्न, स्वाद जस्ता बिम्बका साथै अरू पनि थुप्रै बिम्बको प्रयोग यस कवितामा गरिएको छ ।

कवितामा विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट बहुअर्थयुक्त र प्रभावकारी बनाउन खप्पिस प्रेमराजेश्वरीका कविताहरूमा प्रायः प्राकृतिक बिम्बहरू एवम् प्रतीकहरूको यथेष्ट प्रयोग भएको पाइन्छ ।

*प्रेममिलनमा देवी प्रकृतिको*
*छैन विशद मन्दिर खाली*
*फरफर गरी चुमिरहेछन्*
*मन्द पवन हल्लीहल्ली ।*

**प्रकृतिप्रेम** शीर्षकको यस कवितामा फरफर, मन्द पवन जस्ता थुप्रै बिम्बहरूको प्रयोग गरिएको छ भने यहाँ प्रकृति प्रतीकको रूपमा आएको छ ।

### ३.२.८ अलङ्कार प्रयोग

जसरी सुनचाँदी आदिका गहनाले शरीरको शोभा बढाउँछ त्यसै गरी भाषिक गहना अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ । प्रेमराजेश्वरीका कविताहरूमा शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कारको उचित समन्वय देख्न सकिन्छ । शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार र अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।

सौकुमार्य र सूक्ष्मता प्रेमराजेश्वरी थापाका रचनाका अलङ्कार हुन् ।[२४] प्रेमराजेश्वरीका कविताहरूमा अलङ्कारको प्रयोग अलङ्कारको प्रयोगका लागि नभएर आन्तरिक अनुभूतिलाई स्वतःस्फूर्त रूपमा प्रस्तुत गर्ने क्रममा सहज रूपमा भएको देखिन्छ । उनले शब्दालङ्कारमा अनुप्रास, यमक आदिको प्रयोग गरेकी छन् भने अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा, समासोक्ति आदिको यथोचित ढङ्गले प्रयोग गरेकी छन्

**शब्दालङ्कार**

*प्रेमधन छ अनमोल वस्तु*
*प्रेम हो प्रभुको वरदान*
*प्रेममन्त्र पढेपछि कस्तै*
*नीच होस्, हुन जान्छ महान ॥*

**प्रेममहिमा** शीर्षकको यो कवितामा शब्दालङ्कारको प्रयोग गरिएको छ । यसमा उही क्रममा एक वर्ण 'प्' को अनेक पुनरावृत्ति भएको छ त्यसैले यसमा शब्दालङ्कारअन्तर्गतको वृत्यनुप्रास अलङ्कारको सृजना भएको छ ।

*प्रेमै हो जीवनको आधार*
*प्रेमै दिन्छ आनन्द अपार !*
*प्रेम नै हो जीवनको सार*
*प्रेम गर्नु नै हो सत्य विचार !*

---

[२४] नेपाली भाषा प्रकाशिनी समिति, **नेपाली पद्यसङ्ग्रह**, (काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति २०१८) पृ. १२८ ।

**प्रेमै जीवनको आधार** शीर्षकको यो कविता शब्दालङ्कारअन्तर्गतको वृत्यनुप्रास अलङ्कारमा रचिएको छ । यसमा पनि एउटै वर्ण 'प्र' को अनेक पुनरावृत्ति भएको छ ।

**अर्थालङ्कार**

*ग्रीष्मकालमा प्रौढाको सरि*
*प्राकृत परिवर्तन हुन्छ ।*
*मन्दमन्द मारुतको सट्टा*
*झन्झाको नर्तन हुन्छ ॥*

**तिम्रो याद ग्रीष्म** शीर्षकको यो कवितामा अर्थालङ्कारको प्रयोग गरिएको छ । माथिका कविताका केही अंशहरूमा ग्रीष्मकाललाई प्रौढासँग तुलना गरिएको छ । यस कवितामा उपमेय ग्रीष्मकाल, उपमान प्रौढा, धर्म प्रकृतिपरिवर्तन र वाचक शब्द सरि आएकोले यहाँ उपमा अलङ्कार प्रयुक्त हुन पुगेको छ ।

*यस जगत्का स्वर अनेक*
*सुन हुन् परिणाम वादक !*
*यस जंगत्का चित्र थरीथरी*
*हेर ! हुन् त्यै तान वादक !*

**वादक तिमी को** ? शीर्षकको यस कवितामा अर्थालङ्कारअन्तर्गतको रूपक अलङ्कारको प्रयोग गरिएको छ । उपमेय र उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । यस कवितामा स्वर नै वादक हो भन्ने अर्थमा यसमा रूपक अलङ्कार रहन गएको छ ।

*विश्वबागको एक कुनामा*
*सुकुमारी, शुभ शुचितम सुन्दर !*
*कुनै अनभिज्ञ नवबाला झैँ*
*फक्री एक कली ।*
*एक दिवस उहीँ गुञ्जन गर्दै*
*अभिलाषा गुनगुनमा भर्दै*

*पुलक अलसपन झैं मतवाला*
*आयो एक अलि ।*

**प्रेमपुजारी** शीर्षकको यो कवितामा समासोक्ति अलङ्कारको प्रयोग भएको छ । यसमा स्त्रीलिङ्गी विशेषण सुकुमारीद्वारा प्रस्तुत कलीमा अप्रस्तुत नायिकाको र पुलिङ्ग विशेषण मतवालाद्वारा प्रस्तुत अलिमा अप्रस्तुत नायकको आरोप गरिएको छ । अर्थात् कली र अलिलाई मानवीकरण गरिएकोले यहाँ समासोक्ति अलङ्कार रहन पुगेको छ ।

## ३.३ प्रेमराजेश्वरी थापाका अन्य फुटकर अप्रकाशित कविताको विश्लेषण

**तिम्रो याद वर्षा**मा सङ्कलितबाहेक उनका अन्य अप्रकाशित फुटकर कविता पनि रहेका छन् । यिनीहरू नेपाली तथा हिन्दी भाषामा रहेका छन् । यिनै कविताको विश्लेषण यहाँ गरिन्छ ।

### ३.३.१ शीर्षक नभएका हिन्दी कविताहरू

*घर थी एक गृहसज्जा,*
*मौन, अधि, वधिर,*
*सवतरह से अपाङ्ग*

(मिति २०४१-२-२३मा रचित)

प्रेमराजेश्वरी थापाको यो कविता उनी पतिघर कानपुर छँदा नै लेखिएको हो । उनी आफ्नो घर रहँदा घरकै कामकाज र गृहसज्जामा व्यस्त रहने हुनाले अरू सबैतिरबाट अपाङ्ग अनुभव गरेको कुरा यस कवितामा व्यक्त गरिएको छ ।

*भूलो नारी अश्रुनिवेदन*
*प्रेम प्यारी दुनियाँ छोडकर*
*नयाँ ध्येय नब प्रेम*
*आज बहाओ !*
*नारीका मन*
*नूतन धारा ॥*

प्रेमराजेश्वरी थापाको माथिको नारीवादी कवितामा नारीलाई आसुँमा मात्र सीमित नरही अगाडि बढ्न प्रेरित गरिएको छ ।

*भक्षक को कहताहुँ प्रियतम,*
*ताकी जीवन खत्तम हो पाये ।*
*पर,*
*सब कुछ खुद खातिर ही करवाई ।*
*मैं केवल मेरा ही सुध रखता हुँ ।*

प्रेमराजेश्वरी थापाको पीडाबोध भएको यो कविता पनि शीर्षकविहीन छ । यसमा प्रियतमलाई भक्षकको रूपमा सम्बोधन गरी आफ्नो जीवन खत्तम भएको कुरा व्यक्त गरेकी छन् । प्रियतमले सधैं आफ्नै काम गर्न लगाए पनि कवयित्री चाहिँ आफ्नै ख्याल राख्न चाहेको कुरा बताएकी छन् ।

## ३.३.२ नारी

प्रेमराजेश्वरी थापाको **नारी** शीर्षकको कविता हिन्दी भाषामा रचना गरिएको छ । यसमा उनले नारीवादी भावनालाई प्रस्तुत गरेकी छन् ।

*नारी ! कवसे भूल गई हो,*
*अपना मौलिक रूप ।*
*अबला नाम वरण किये हो,*
*क्या तुम "प्रबला' नहि थी ?*

*सीता तुमहो पुराणकालकी ।*
*तुमही द्रौपदी महाँभारत की ।*
*चण्डी तुमही ।*
*किसतरह अबला ?*
*रावणजैसा महावलशालीको,*
*चूर्ण चूर्ण कियाथा ।*
*राम क्या कर पाते ?*

*बानर भालु सँग लेकर ।*
*सीता यदी तुमनहोती तो ।*
*महाभारतका बीज क्या थी ?*

**नारी** शीर्षकको यो फुटकर कवितामा प्रेमराजेश्वरी थापाले नारीलाई अबला होइन प्रबला बन्न प्रेरणा दिँदै महाभारतकी द्रौपदी र रामायणकी सीताको उदाहरण प्रस्तुत गरेकी छन् ।

### ३.३.३ दो पथिक

प्रेमराजेश्वरी थापाको **दो पथिक** शीर्षकको कविता नेपालीमा रचना गरी हिन्दीमा अनुवाद गरिएको कविता हो ।

*एकही पथके प्रमुख पान्थ दो ,*
*है ये 'प्रेम' और 'काम'*
*विश्वत्यागि प्रेम कहलाता,*
*विश्व बिजेता काम*

**दो पथिक** शीर्षकको हिन्दीमा अनुवाद गरिएको माथिको फुटकर कवितामा नेपाली 'दुई पान्थ' शीर्षकमा **तिम्रो याद वर्षा**मा संङ्गृहित छ । माथिको दार्शनिक कवितामा प्रेम र कामको परिभाषा गरिएको छ । जहाँ विश्वत्यागीलाई प्रेम र विश्वविजेतालाई कामको रूपमा लिइएको छ । मानिसले, यिनै दुईमध्ये एकलाई रोजेर हिड्नुपर्ने यसको सन्देश छ । यी दुवै बाटाले मानिसलाई आफ्नो बाटोमा हिँडाउँन खोजिरहन्छन् भन्ने कुरा यस कवितामा देखाइएको छ ।

### २.३.४ मेरा परिचय

*मै वह पर्सियन कार्पेट हुँ*
*जिसके रङ्गसे सब दङ्ग है ।*
*रूपसे मोहित है सब ।*
*जिसके गुदगुदे नरम पने मे,*

*प्राणीमात्र आनन्दित है,*
*जिसके जरिय स्वामीका*
*सुसज्जित कमरा पूर्ण है ।*

प्रेमराजेश्वरी थापाको **मेरा परिचय** शीर्षकको यो कविता नेपाली हिन्दी दुवै भाषामा लेखिएको छ । यसमा कवयित्रीले आत्मप्रसंशा गरेकी छन् । आफूलाई पर्सियन कार्पेटसँग तुलना गरी सबै आफूप्रति आकर्षित भएको जनाएकी छन् । आफ्नो नरमपनले सबै प्राणीले आनन्द प्राप्त गरेको कुरा व्यक्त गरेकी छन् । जसरी पर्सियन कार्पेटले कोठालाई सजाई मानिसहरू रमाउने गर्छन् त्यसै गरी उनको छातीमा अरूका पदचिन्ह अर्थात् पाउ राखी रमाउने गर्छन् भन्ने कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेकी छन् ।

### २.३.५ एक कटुसत्य

*मेरा छोरा नाती पनाती छन ।*
*म तीन पुस्ताकी धनी हुन गयेँ ।*
*भन्दछन तीन सिढि माथी पुगेँ*
*परन्तु आफूलाई त ..................*
*तीनसिढी तल खसे जस्तो लाग्छ ।*

*जतिजति पुस्ता थपिँदै गये,*
*उति उति डर बढ्दै गये ।*
*कर्तव्य बढ्दै गए,*
*अधिकार खस्दै गयो ।*
*घरको यौटा यस्तो स्तंभ हुन गएछु की,*
*जो केवल दिइ मात्र रहोस,*
*सुनि मात्र रहेस,*
*भोगी मात्र रहोस्,*
*निस्पृह मौन गृहसज्जा हुन गएकी छु म*

प्रेमराजेश्वरी थापाको **एक कटुसत्य** नामक गद्य कविता फुटकर रूपमा रहेको कविता हो । यो कविता हेर्दा प्रेमराजेश्वरी थापा स्वयंको बुढेसकाल जीवनको यथार्थ भेट्न सकिन्छ । एउटी नारीको छोरा, नाति हुने उमेरसम्म पनि सन्तानको मुख हेर्न नपाउनुको पीडा कस्तो हुन सक्छ भन्ने यथार्थ यस कविताबाट पाउन सकिन्छ । यस कवितामा प्रेमराजेश्वरी थापाले आफ्नो सन्तान नहुँदा आफूलाई एउटा जड स्तम्भका रूपमा चित्रण गरेकी छन् ।

### २.३.६ श्रद्धाञ्जलि

*वह तेज पुञ्ज आज लुप्त हुआ ।*
*वह अपरिमित शक्ति आज प्रसुप्त हुआ ।*
*जो असीम ममता था सागर,*
*उमड पडा था जमजीवन पर ।*
*दलित उपेक्षित पशु से बदतर*
*मानवसमाजकी तुम थी*
*हितकर ।*

**श्रद्धाञ्जलि** शीर्षकको हिन्दी भाषाको कविताका अंशहरूमा कुनै मृतव्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको छ । मृतव्यक्तिलाई तेजपुञ्ज, अपरिमित शक्ति, ममताको सागर मानी ती सबै कुरा समाप्त भएको बताइएको छ । उनले दलित उपेक्षित पशुजस्तै भए पनि मानवको हितमा रहेको व्यक्ति विलीन भएको कुरा दर्शाएकी छिन् । त्यस्तै उनले कुनै व्यक्ति आफ्नो वा पराई, धर्मी वा विधर्मी भनेर भन्न नसकिने दार्शनिक कुरालाई पनि व्यक्त गर्न खोजेकी छिन् ।

प्रेमराजेश्वरी थापाका समुच्चय कृति तथा फुटकर कविताहरूलाई हेर्दा उनका धेरै कविताहरू प्रेमपरक भएका पाइन्छन् । उनले प्रेमबाहेक अन्य विषयवस्तु दुःख, चिन्ता, ईश्वरभक्ति, नारीचेतना, जीवनदर्शन आदिलाई समेटेकी छन् । मात्रिक र वार्णिक दुवै छन्दका साथै गद्यलयमा उनका कविताहरू रचिएका छन् । शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले कविताहरू सौन्दर्ययुक्त भएका छन् । केही क्लिष्ट शब्दको प्रयोग भए पनि कविताहरू सम्प्रेषणीय रहेका छन् ।

चौथो परिच्छेद

# प्रेमराजेश्वरी थापाको साहित्यिक योगदान र मूल्याङ्कन

## ४.१. नेपाली कवयित्रीहरूका तुलनामा प्रेमराजेश्वरी थापा

### ४.१.१ नारीसृजनाको आरम्भ

भाषासाहित्यको इतिहासमा नारी स्रष्टाहरूले दिएको योगदान बिर्सिनसक्नुको छ । यही परिप्रेक्षमा नेपाली कविताको इतिहासमा कवयित्रीहरूले दिएको योगदान महŒवपूर्ण देखिन्छ । नेपालको साहित्यिक इतिहासलाई हेर्दा नेपाली भाषा साहित्यमा पहिलोपल्ट अक्षर खेलाउने साथै नेपाली भाषामा पहिलोपल्ट कविता लेख्ने नारी स्रष्टा ललितत्रिपुरासुन्दरी हुन् । वि.सं. १८५० मा जन्मिएकी रणबहादुर शाहकी पाँचौ अर्थात् कान्छी रानी ललितत्रिपुरसुन्दरी नेपाली भाषा सहित्यमा पहिलोपल्ट ग्रन्थ तयार गरेर नेपाली नारी-स्रष्टाकी गजुरका रूपमा स्थापित हुन पुग्छिन् । उनले संस्कृत भाषामा लेखिएको 'महाभारत' शान्तिपर्वअन्तर्गतको **अनुशासन पर्व**को सरल नेपाली भाषामा अनुवाद गरी त्यसलाई **राजधर्म**का नाउँबाट प्रस्तुत गरेकी छन् । वास्तवमा उनले 'राजधर्म' लाई नेपाली भाषामा ल्याउने काम मात्र नगरी ग्रन्थको अनुवाद गर्ने क्रममा मौलिक कविता रचना गरेर पनि आफ्नौ सृजनात्मक परिचय प्रदान गर्न उनी सफल भएकी छन् ।[ञ]

ललितत्रिपुरसुन्दरीले जस्तै हीरा गाइनेनी (?) पनि पहिलोपल्ट गीतिकविता प्रस्तुत गरेर नेपाली गीतिगायनकी गजुरका रूपमा चर्चित भएकी छन् ।[ट] तर हीरा गाइनेनी भन्ने नारी हुन् वा पुरुष भन्ने कुरा अझै पनि विवादकै विषय रहेकाले त्यो अझै प्रष्ट हुन सकेको छैन ।

### ४.१.२ केही पूर्ववर्ती र समकालीन कवयित्रीहरूका तुलनामा प्रेमराजेश्वरी थापा

नेपाली कविताको इतिहासमा कवयित्रीहरूले दिएको योगदान महŒवपूर्ण देखिन्छ । मूलतः शारदा पत्रिकाको प्रकाशन हुनुभन्दा लगभग दुई दशक अगाडिदेखि नेपाली कविताको

---

[१] नरेन्द्रराज प्रसाई, **gf/Lr'nL** (काठमाडौं: नइ प्रकाशन २०६३,) पृष्ठ ३३ ।

[२] ललितत्रिपुरसुन्दरी, **/fhwd{** (काठमाडौं: नइ प्रकाशन, २०६४) पृष्ठ ६६९ ।

क्षेत्रमा कवयित्रीहरूको सशक्त स्वर सुनिएको पाइन्छ । वि.सं. १९९२ मा 'शारदा' पत्रिकाको प्रकाशनसँगै नारी साहित्यकाहरूले आफ्ना रचना दुनियासामु ल्याउने मौका पाए । त्यसरी समयका कवयित्रीहरूमा प्रेमराजेश्वरी थापालगायत भगवतकुमारी पाण्डे, कसुममञ्जरीदेवी, लोकप्रियादेवी, गोमा, विद्यादेवी दीक्षित प्रमुख छन् । ललितत्रिपुरसुन्दरी भने यी कवयित्रीहरूभन्दा निकै अगाडिकी नारी स्रष्टा मानिन्छिन् । यिनै पूर्ववर्ती र समकालीन कवयित्रीहरूका सापेक्षतामा प्रेमराजेश्वरी थापालाई तुलना गर्न सकिन्छ ।

### (क) ललितत्रिपुरसुन्दरी र प्रेमराजेश्वरी थापाबीच तुलना

ललितत्रिपुरसुन्दरी र प्रेमराजेश्वरी छुट्टाछुट्टै युगका नारी भए पनि दुवैका युगमा नारी चेतनाको प्रादुर्भाव भइसकेको पाइँदैन । वि.सं. १८५० मा जन्मिएकी ललितत्रिपुरसुन्दरीको युगमा नारीजातिका यस्ता स्वर सुनिनु अचम्मको कुरा हो । सायद उनी महारानी भएकोले र दरबारमा बुद्धिजीवी, विद्वान व्यक्तिहरूको सरसङ्गतले लेखनतिर प्रेरणा मिलेको हुन सक्छ ।

त्यस्तै प्रेमराजेश्वरी थापा पनि ठूलै कुलघरानमै जन्म लिएकी हुन् ।त्यसैले औपचारिक अध्ययनविना नै विद्वान कवि व्यक्तित्वहरूको सरसङ्गतले र विभिन्न पुस्तक, पत्र पत्रिकाको अध्ययनबाट नै उनलाई साहित्यलेखनमा अग्रसर बनाएको हो । ललितत्रिपुरसुन्दरी र प्रेमराजेश्वरी थापा दुवै थापाका छोरी हुन् । दुवै संस्कृत भाषाका विदुषी छन्  त्यस बेला संस्कृतभाषाकै जगजगी थियो । त्यस्तो बेलामा पनि ललितत्रिपुरसुन्दरीले संस्कृतमा लेखिएको **महाभारत** को नेपाली भाषामा अनुवाद गर्न पुगिन् । लेखनका क्रममा उनले गद्यशैलीलाई मात्र प्रस्तुत गरेकी छैनन्, आफ्ना कृतिमा उनले ठाउँठाउँमा कविता (पद्य) पनि राखेकी छिन् ।[घ] प्रेमराजेश्वरी थापाका कविताहरू पनि गद्यपद्य दुवैमा लेखिएका छन् तर उनका कविताहरू गद्यभन्दा पद्यमा बढी छन् ।

प्रेमराजेश्वरी थापाको व्यक्तिगत जीवनमा पीडा, सुस्केरा, व्यथा जति थिए ललितत्रिपुरासुन्दरीका जीवनमा पनि त्यो पाउन सकिन्छ । विवाहको वर्ष दिन नबित्दै पतिको मृत्यु हुनु तर सन्तान नहुनुले ललितत्रिपुरासुन्दरीको जीवनमा ठूलो पीडा दिएको छ ।  कुनै पनि नारीको जीवनमा योभन्दा दुःखको कुरा अरू हुन सक्दैन । ललितत्रिपुरसुसुन्दरीको

[३] ललितत्रिपुरासुन्दरी, **राजधर्म**, पुर्ववत् पृष्ठ ६८८ ।

जीवनको तीतो सत्य यही थियो । त्यस्तै प्रेमराजेश्वरी थापाको पनि प्रेमविछोड, विदेशको बास, पति राजनीतिमा लाग्नु र सन्तान नहुनु उनको जीवनका दु:खपूर्ण अनुभूति हुन् ।

उसबेलाको समय र परिवेशलाई साक्षी राखेर हेर्दा ललितत्रिपुरासुन्दरीको लेखन उच्चस्तरीय देखिन्छ ।[४] प्रेमराजेश्वरीको लेखनशैलीलाई हेर्दा पनि उनको लेखन उच्च स्तरको रहेको छ ।

ललितत्रिपुरसुन्दरीको कविताको एक अंश यसप्रकार छ :

*श्री नारायणलाई भक्तिरसले आफ्ना मनैमा धरी ।*
*अन्धा शास्त्र नजानने जन पनि हेरून् कथाका कुरा ॥*
*तत्पर भैकन कृष्णका चरणमा भक्ति गरून् षुप भनी ।*
*जो भाषा रचियो समाप्त गरियो अध्याय बत्तिस् त्यहाँ ॥*[५]

ललितत्रिपुरसुन्दरीको **राजधर्म** नेपाली भाषा साहित्यमा आजसम्म देखापरेका ऐतिहासिक र पुराना कृतिहरूमध्ये उत्तम वर्गमा प्रतिष्ठापित छ । त्यस वखतका नारी हस्ताक्षरबाट यस प्रकारका कृतिको निर्माण हुनु भनेको स्वयंम् आश्चर्य हो । प्रेमराजेश्वरी थापाले पनि आफ्ना लेखनमार्फत नेपाली साहित्यमा जुन प्रेमकाव्य दिएकी छन् त्यसले भावी स्रष्टालाई मार्ग प्रशस्त गर्नमा ठूलो योगदान पुऱ्याउने छ ।

ललितत्रिपुरासुन्दरीको नेपाली भाषा साहित्यमा जुन स्थान र योगदान छ त्यस्तै समाजसेवा र धर्मकर्ममा पनि उनको नाउँ उति नै प्रचलित छ । उनले गरेको समाज सेवा र धर्मकर्ममा मठमन्दिरको सेवाका साथै त्रिपुरेश्वर मन्दिर निर्माण, वाग्मतीको पुल, धरहरा, सुन्धारा निर्माण आदि थुप्रै कामहरू छन् । ललितत्रिपुरसुन्दरीले आफ्नो जीवनकालमा प्राय: धर्मकर्म नै गरिरहेको पाइन्छ । उनले धार्मिक ग्रन्थ ‘महाभारत’ शान्तिपर्वअन्तर्गतको अनुशासनपर्वलाई नेपाली भाषामा अनुवाद गरेकी छन् । यसबाट नै उनको धार्मिक आस्था झल्कन्छ । त्यस्तै  प्रेमराजेश्वरी थापा पनि विभिन्न मठ मन्दिर, धार्मिक स्थलहरूमा जाने गर्दछिन्, उनमा पनि धर्मप्रति निक्कै नै आस्था भएको कुरा उनका कविताहरूबाट पनि

[४] ऐजन, पृष्ठ ६९४ ।

[५] ऐजन, पृष्ठ १६८

बुझिन्छ । ललितत्रिपुरसुन्दरी जस्तै प्रेमराजेश्वरी पनि सेवा र सहयोगी भावना भएकी नारी हुन् । दुवै कृष्णभक्तिका प्रशंसक भएको कुरा उनीहरूका रचनामार्फत पनि बुझ्न सकिन्छ । प्रेमराजेश्वरीको कृष्णभक्तिको नमुना यसप्रकार छः

*बनूँ म श्याम आभा, अथवा*
*मुखचन्द्र तिम्रो हे चित्तचोर !*
*जसको दर्शनमा व्याकुल*
*सदा राधाका नयनचकोर ॥*

(ललितकामना)

ललितत्रिपुरासुन्दरीको युगमा नै नेपाली भाषासाहित्यले उपल्लो दर्जाको आयाम स्थापित गर्न सकेको पाइन्छ । सायद नारी स्रष्टाद्वारा लेखिएर होला धेरै वर्षसम्म पनि ललितत्रिपुरसुन्दरीद्वारा लिखित 'राजधर्म' ले अँध्यारोमा नै बस्नुपरेको थियो । नारी स्रष्टा नै भएर होला ललितत्रिपुरसुन्दरीले नै लेखेको 'राजधर्म' हो भन्ने व्यहोरा पनि धेरै पछि मात्र स्पष्ट भएको थियो ।

### (ख) भगवतकुमारी पाण्डे र प्रेमराजेश्वरी थापा

प्रेमराजेश्वरी थापाको उदय हुनुभन्दा झन्डै चार दशकअगाडि देखापरेकी भगवतकुमारी पाण्डे नेपाली कविताको क्षेत्रमा एक सशक्त नारी हस्ताक्षर हुन् । उनको वि.स. १९७६ सालतिरै आफ्नो कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ ।[६] यिनले कविता क्षेत्रमा प्रवेश गरेको मूल विषय भक्तिधारा देखिन्छ; जस्तै :

*विचित्र संसार समुद्रमहाँ*
*डुबी रहिछु म अनाथ यहाँ*
*सारा जगतको त आधार ठान्छु*
*प्रभु हजुरको शरणै म पर्छु ।*[७]

---

[६] देवी शर्मा 'शारदा युगका महिला कवयित्रीहरूको प्रवृत्ति विश्लेषण', **गरिमा** (पूर्णाङ्क २६, माघ २०४१) पृष्ठ ७२ ।
[७] ऐ. ।

प्रेमराजेश्वरी थापाले कविताक्षेत्रमा प्रवेश गर्दा मूल विषय प्रेम रहे पनि उनका ईश्वरभक्तिका थुप्रै कविताहरू पाइन्छन् । यस हिसाबले भगवतकुमारी पाण्डे र प्रेमराजेश्वरीको विषय छनौट प्रक्रिया एक प्रवृत्तिका आधारमा मिल्न जान्छ । उदाहरणको लागि प्रेमराजेश्वरीको निम्न कवितालाई लिन सकिन्छ ।

*प्रभो ! बनाऊ मनमोहन !*
*मधुर मुरलीको मञ्जुल गान ।*
*सरस सलोना जुन स्वरबाट*
*सङ्कटको होला-अवसान ॥*

प्रेमराजेश्वरी थापाका भन्दा भगवतकुमारी पाण्डेका कविता सरल देखिन्छन् । पाण्डेका भन्दा थापाका कविताले भावनाको व्यापकतालाई बढी मात्रामा समेटेको पाइन्छ । आफ्नै जीवनकालमा पाण्डेले कवितासङ्ग्रह प्रकाशनमा ल्याएकी हुन् तर थापाको भने पहिले फुटकर रूपमा पत्रपत्रिकामा कविता प्रकाशित भएपछि मात्र सङ्ग्रह निकालिएको पाइन्छ । प्रेमराजेश्वरी थापाजस्तै भगवतकुमारी पाण्डे पनि अहिले यो संसारबाट अस्ताइसकेकी छन् ।

### (ग) **कुसुममञ्जरीदेवी र प्रेमराजेश्वरी थापा**

कुसुममञ्जरीदेवीको लेखन वि.स. १९९५ को शारदाबाट सुरु भएर वि.सं १९९६ को पूर्वार्धमा बन्द हुन्छ । उनले वि.सं. १९९५ चैत्रको **शारदा** बाट धारावाहिक रूपमा **सीताविलाप** खण्डकाव्य प्रस्तुत गरी वि.सं १९९६ भाद्रको शारदामा समाप्त गरेकी छन् ।[८] यो खण्डकाव्य रामायणसँग सम्बन्धित भएको तथ्य शीर्षकबाटै स्पष्ट हुन्छ । खण्डकाव्यमा सीताका पीडा र छटपटीहरू बिलौनाको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

*फालिने जब भए दिल तोडी*
*कष्ट भै हृदयमा कर जोडी*
*एकपल्ट प्रभुको पद छोई*
*जान पाउँ वनमा भनी रोई*

---

[८] ऐजन, पृष्ठ ३

*कल्पनु फजुल यो अबलाई*
*शान्ति भै रहनु यै छ मलाई*
*लाभ छैन निरले भरिँदैन*
*भाग्यभोग नगरी सुख छैन ।*[9]

कुसुममञ्जरीदेवी सुरुमै खण्डकाव्यरचनातिर उन्मुख भएकी देखिन्छिन् । नारी हस्ताक्षरद्वारा हस्ताक्षरित खण्डकाव्यको रूपमा यो 'सीताविलाप' खण्डकाव्य उनको पहिलो र अन्तिम खण्डकाव्य मानिन्छ । यसभन्दा फरक प्रेमराजेश्वरी फुटकर कविता लिएर मात्र देखापरेकी हुन् । यसप्रकार कविताको परिवेशलाई हेरेर प्रेमराजेश्वरी थापा र कुसुममञ्जरीदेवीको साधनालाई विशिष्ट ठान्न सकिन्छ ।

**सीताविलाप** खण्डकाव्यमा रामायणको भक्तिधाराको परिवेश प्रायः नपाइने हुँदा यस खण्डकाव्यलाई आफ्नै खालको विशेषतायुक्त मौलिक खण्डकाव्य मान्न सकिन्छ । कुसुममञ्जरीदेवीका कविताको अध्ययन गर्दा प्रेमराजेश्वरी थापाको भन्दा कसुममञ्जरीदेवीका कविता सरल तरिकाले बगेका देखिन्छन् । यति हुँदाहुँदै पनि भावको प्रबलता भने प्रेमराजेश्वरीका कवितामा बढी भेटिन्छ ।[10]

उदाहरणका लागि प्रेमराजेश्वरीका केही कवितांश प्रस्तुत गरिन्छन् :

*करुणाको अवतार भनूँ कि दुःखीको आधार ?*
*प्रेमनदीको धार भनूँ कि मधुर मिलन शृङ्गार ?*
*हृदयवीणाको तार भनूँ कि कविको हृदयोद्गार ?*
*मोतीको यो हार भनूँ कि ? ए ! आँसु ! दुई चार !*

### (ख) लोकप्रियादेवी र प्रेमराजेश्वरी थापा

प्रेमराजेश्वरीको जन्म हुनुभन्दा लगभग २ दशकअगाडि अर्थात् वि.सं. १९९५ जेष्ठमा लोकप्रियादेवीको जन्म भएको हो । सुरुमा भक्तिधारालाई आफ्नो कविताको विषय बनाएकी

[9] ऐजन्, पृष्ठ ७३ ।

[10] हरिबाबु पोखरेल, लोकप्रियादेवीको जीवनी व्यक्तित्व र कवितात्मक कृतिको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०४२ पृष्ठ ५० ।

लोकप्रियादेवी शारदा पत्रिकाको प्रकाशनसँगै अध्यात्मवादको साथै स्वच्छन्दतावादी प्रवृत्ति लिएर कवितायात्रामा लागेकी देखिन्छिन् ।

स्वच्छन्दतावादी परिवेशलाई हेर्दा के कुरा भेटिन्छ भने लोकप्रियादेवी पीडैपीडाले भरिएकीले दोस्रो विकल्पको रूपमा उनले स्वच्छन्दतावादी प्रवृत्तिलाई अँगालेकी छन् । उनमा स्वच्छन्दतावादी प्रवृत्ति काल्पनिक उडानको रूपमा पीडाबाट मुक्त हुने इच्छामा जन्मेको पाइन्छ ।

प्रेमराजेश्वरी थापाले छनौट गरेको आफ्ना प्रमुख विषयहरूमध्ये प्रकृतिचित्रण मुख्य रूपमा आउँछ किनभने प्रेमराजेश्वरी थापा पनि स्वच्छन्दतावादी प्रवृत्ति अँगालेकी कवयित्री हुन् । लोकप्रियादेवीको जस्तै प्रेमराजेश्वरी थापाको जीवन पनि पीडैपीडाले घेरिएको र यसैको शमनका लागि उनी स्वच्छन्दतावादी काव्यधारामा हराएको पाइन्छ । यसरी दुवैमा समान प्रवृत्ति रहेको पाइन्छ ।

स्वच्छन्दतावादमा प्रकृति, ईश्वर र मानिसलाई प्रमुख बनाइएको हुन्छ र त्यसैका आधारमा कविता रचना गरिन्छ ।

प्रकृतिको चित्रण गरिएको लोकप्रियादेवीको स्वच्छन्दतावादी कविताको उदाहरण तल दिइएको छः

*समय अति मनोहर यो वसन्त प्रभात*
*गगन गगन माथि लालिका हेर साथ*
*छिरबिर छिरकामा ज्योतिको पुञ्ज पुञ्ज*
*सघन तरुहरूमा देखिएको उमङ्ग ।*[११]

प्रेमराजेश्वरी थापामा पनि प्रकृतिको सजीवता उतार्ने क्षमता अति नै उत्कृष्ट देखिन्छ । उनका प्राकृतिक बिम्बको प्रयोग गरी लेखिएका थुप्रै कविताहरू उच्चस्तरका रहेका छन् , उदाहरणको रूपमा तलको कवितांशलाई लिन सकिन्छ -

[११] ऐजन, पृष्ठ ५४

*टाँसिन्छिन् लहरा लपक्क भई*
*तरुप्रियको वर अङ्गमा ।*
*पूर्ण प्रकृति छन् सधैं रङिएकी*
*अरूण प्रणयको रङ्गमा ।*

लोकप्रियादेवी र प्रेमराजेश्वरी थापा दुवैले नारीवादी कविता रचना गरेका छन् । तर लोकप्रियाका कवितामा भन्दा प्रेमराजेश्वरीका कवितामा नारीअस्तित्वको पवित्रता बढी सशक्त तरिकाले व्यक्त भएको पाइन्छ । उदाहरणका लागि प्रेमराजेशवरीको कवितांशलाई तल दिइएको छः

*सागर झैं गम्भीर हृदय*
*औ गिरीसरि उच्च तिम्रो मन*
*शशि सम शीतल मोहक सुन्दर*
*दर्शनीय कोमल तन ।*

*सृष्टि स्थिति विनाश रुपिणी*
*आफ्नो पद  सम्हाली*
*याद  गर्न बिर्सेको शक्ति*
*कल्याणमयी बन नारी ।*[12]

प्रेमराजेश्वरी थापाका कवितामा नारीको वास्तविक स्थिति प्रस्ट रूपमा व्यक्त भएको छ । लोकप्रियादेवीका कवितामा जस्तो नारीलाई अबोध जननाको रूपमा हेर्ने दृष्टि प्रेमराजेश्वरी थापामा छैन । उदाहरणको लागि लोकप्रियादेवीको निम्न  कवितालाई लिन सकिन्छ :

*हामी हौं ललना अबोध जनना के शक्ति हाम्रो यहाँ*
*आर्य धर्म भनी सबै दुःख खपी बस्नै छ घेरा बनी* [13]

---

[12] ऐजन पृ. ५९ ।
[13] ऐजन, पृ. ५४ ।

**(ङ) विद्यादेवी दीक्षित र प्रेमराजेश्वरी थापा**

विद्यादेवी दीक्षित वि.सं १९८४ सालदेखि आफ्ना भावनाहरूलाई कवितात्मक अभिव्यक्ति दिएको पाइन्छ । उनका कविता शैलीको दृष्टिले उति परिष्कृत नभए पनि नारीको सुक्ष्म दृष्टिले मानव मर्मको उद्घाटन राम्ररी भएको पाइन्छ ।[१४]

विद्यादेवी दीक्षितका कविताको परिवेश आफ्नै घरको सेरोफेरो देखिन्छ । स्वच्छन्दतावादी प्रवृत्तिमा विद्यादेवी दीक्षितभन्दा प्रेमराजेश्वरी थापाका कविता अगाडि छन् । विद्यादेवी दीक्षितका कवितामा उद्घाटन भएको निजी अनुभूति प्रेमराजेश्वरी थापाका कवितामा पाइने छटपटीभन्दा बढी छ । उदाहरणका लागि विद्यादेवी दीक्षितका केही कविताका अंश यसप्रकार छन् ।

*फुटेर आयो मुटु होस्, हरायो ।*
*हा ! दैव ! के यो घटना घटायो ।*
*जीवैविना देह यसै लडिगो ।*
*मुहारको कान्ति त झन् बडिगो ।*[१५]

विद्यादेवी दीक्षित बालसाहित्यकी अग्रणी स्रष्टा हुन् । बालसाहित्य लेखनमा नारीहरू देखानपरेको बेला विद्यादेवी दीक्षित देखापरेकी छन् । उनको एउटा बालसाहित्यको कवितांश यसप्रकार छः

*यौटा छोरो भन्छ बुबु मलाई*
*दिन्छु बाबु भोलि बुबु तँलाई ।*
*अर्को छोरो भन्छ आई नजिकमा*
*टोपी नभै लाज भो साथी सङ्गमा ।*

विद्यादेवी दीक्षितलाई पनि १९९० का दशककी सशक्त नारी हस्ताक्षर मान्न सकिन्छ र प्रेमराजेश्वरी थापाभन्दा अगाडि नै यिनले काव्यजगत्मा प्रवेश गरिसकेको पाइन्छ । विद्यादेवी दीक्षितका रचनाहरू प्रेमराजेश्वरी थापाका तुलनामा बढी पाइन्छन् ।

[१४] ताना शर्माः **नेपाली साहित्यको इतिहास** (काठमाडौँः सहयोगी प्रकाशन, सं. २०२७) पृष्ठ १३३ ।

[१५] हरिबाबु पोखरेल, 'लोकप्रियादेवीको जीवनी व्यक्तित्व र कवितात्मक कृतिको अध्ययन', पूर्ववत्, पृष्ठ ६० ।

प्रेमराजेश्वरीले भने आफ्नो जीवनकालमा फुटकरकवितामा मात्र सीमित रहे पनि उनका उत्कृष्ट रचनाका कारण उच्च स्थानमा पुग्न सफल छिन् । प्रेमराजेश्वरी थापाका उत्कृष्ट प्रेमपरक कविताको उदाहरण यस प्रकार छ :

*प्रियतम तिम्रो वक्षस्थलमा*
*केवल एकैफेरा*
*आँखा चिम्ली झुक्न सकेन*
*मस्तक मेरो विचरा ।*

### (च) गोमा र प्रेमराजेश्वरी थापा

'शारदा' पत्रिकासँगसँगै उदाएकी कवयित्री प्रेमराजेश्वरी थापासँग गोमा पनि उदाएकी हुन् । गोमाका कविताहरूलाई सूक्ष्म रूपमा गोमाभित्रकै नारी अस्तित्वका परागहरू स्वतन्त्र रूपमा उडाउन नपाउँदा निस्केको अनुभूति ठानिन्छ ।[१६]

गोमाका कविता व्यथा, पीडा, आर्तनाद र पुकार आदिले बढी आक्रान्त देखिन्छन् भने प्रेमराजेश्वरी थापाका कविता पनि प्रेम, व्यथा, आँसु, पीडा, समर्पण आदिमा उनिएका छन् । प्रेमराजेश्वरी थापाजस्तै गोमा पनि प्रकृतिको नजिक देखिन्छिन् । शैलीका दृष्टिले दुवैको शैली परिष्कृत देखिन्छ ।

उदाहरणका लागि गोमाको कविताको अंश

*चुहिए चुहिए आँसु नजाति, दैव गरिस् के दुनियामाथि ?*
*यसरी नजला चिन्ता धेरै, बरु मृत्यु मिला आज सबेरै* [१७]

कवयित्री गोमाका कवितामा व्यक्त भएको स्वर स्पष्ट छ । गोमाको जीवनमा जगत्को हेराइ व्यक्तिगत साथै समाजबोध गराउने अर्थात् समाजको विकृतिजन्य कुराहरूलाई स्पष्ट रूपमा व्यक्त गर्ने देखिन्छ । यता प्रेमराजेश्वरी थापाका कवितामा पनि जीवनको यथार्थसाथै समाजको विकृतिजन्य कुराहरूलाई व्यक्त गर्ने प्रवृत्ति भेटिन्छ । यस्तो प्रवृत्ति प्रेमराजेश्वरी थापाको पछिल्ला चरणका रचनाहरूमा पाउन सकिन्छ ।

---

[१६] हरिकला अधिकारीः गोमाको जलन र नारी स्वतन्त्रता पक्ष, **रत्न श्री** नारी, अंक २०४१ पृ. ४५ ।

[१७] हरिबाबु पोखरेल, 'लोकप्रियादेवीको जीवनी व्यक्तित्व र कवितात्मक कृतिको अध्ययन', पूर्ववत्, पृ. ६०

*बाँच्न त बाँचेकै छु*

*अझ आफ्नै नाउँले पनि !*

*तर आफ्नै निम्ति, रत्ति पनि बाँचेको हो र ?*

*त्यसमा अनेक प्रकार छन् !*

*सम्बद्धहरूको अँठ्याइ*

*तँ, हाम्रो यो, त्यो र त्यस्तै ।*

**'बाँच्नु र मर्नुको इमान्दारी'** शीर्षकको यस कवितामा नचाहँदा नचाहँदै पनि समाजको बन्धनमा बस्नुपरेको बाध्यतालाई देखाइएको छ ।

गोमा र प्रेमराजेश्वरी थापा दुवै प्रेम र विरहका कवयित्री हुन् ।[१८] यसरी गोमा र प्रेमराजेश्वरीका धेरै प्रवृत्तिहरू समान रहेकाले उनीहरूको कवितात्मक प्रवृत्ति धेरै मात्रामा मिल्न आउँछ ।

प्रेमराजेश्वरीका काव्यकृतिमा जस्तै यिनका समकालीन साहित्यकार वा कवयित्रीहरूका कृतिमा पनि प्रेम, दुःख, पीडा वेदना, छटपटी, जातीय भावना, समाजबोध आदि थुप्रै प्रवृत्ति समान रहेको पाउन सकिन्छ । नेपाली साहित्यका स्त्री कविहरूमा श्री प्रेमराजेश्वरीदेवीको एउटा विशिष्ट स्थान छ ।[१९]

## ४.२ नेपाली कविता साहित्यमा प्रेमराजेश्वरी थापाको स्थान, योगदान र मूल्याङ्कन

सुवानन्ददासबाट सुरु भएको नेपाली कविताको यात्रा आधुनिक कालसम्म आउँदा नेपाली कविता साहित्यमा विभिन्न कवि एवम् कवयित्रीहरूले आ-आफ्नो प्रकारले कवितायात्रा गरेको देखिन्छ । वस्तुतः यो यात्रामा प्रत्येकले आफ्नै प्रकारको जीवन गुजारेकोले जीवनसम्बन्धी चिन्तन आफ्नै प्रकारको भए तापनि समयको सापेक्षतामा चिन्तन पक्ष बढी

[१८] चुडामणि बन्धु, **साझा कविता**, पूर्ववत्, पृ. १२ ।

[१९] भवानी भिक्षु, द्वैमासिक साहित्य सङ्कलन, **प्रगति** (वर्ष १ अङ्क ३ २०१० भदौ) पृष्ठ ८३ ।

सशक्त देखिन्छ ।[२०] समयको क्रममा नेपाली कविता अन्य विधाभन्दा बढी फस्टाएको पनि महसुस हुन्छ ।

मूलतः नेपाली कविता साहित्यमा कवयित्रीहरूको भन्दा कविहरूको स्थान बढी महत्त्वपूर्ण देखिन्छ । 'शारदा' पत्रिकाको प्रकाशनपूर्व देखिएका कवयित्रीहरू औलामा गन्न सकिने मात्र देखिन्छन् । शारदा पत्रिकाको प्रकाशनपछि भने नेपाली कविताको क्षेत्रमा कवयित्रीहरूले दुनियासामु चिनिने र चर्चित हुने मौका पाए । त्यति बेलाका कवयित्रीहरूले नेपाली कवितासाहित्यमा खेलेको भूमिका ज्यादै सह्रानीय हुन पुगेको अनुभव हुन्छ । जसमध्ये प्रेमराजेश्वरी थापा पनि पहिलो पङ्क्तिमा आउँछिन् र नेपाली साहित्यमा उनी सशक्त नारी हस्ताक्षर हुन पुगेकी छन् ।

त्यस युगमा प्रेमका विषयलाई लिएर कविता रचना गर्ने नारी स्रष्टाहरूको प्रायः अभाव नै थियो । प्रेमराजेश्वरी थापाले भने प्रेमविषयको काव्ययात्रामा सक्रियतापूर्वक लागेर नारीको सर्वाङ्गीण प्रतिनिधित्व गरेकी छन् । प्रेमराजेश्वरी थापाले आफ्नो साहित्यिक धारामा बग्दै जाँदा प्रेमका कविता मात्र लेखिनन् । उनले आफ्ना समकालीनि साहित्यकार भवानी भिक्षुसँगको दोहोरी लेखन र काव्यिक मित्रता पनि परिपक्व बनाइन् । भवानी भिक्षुसँग प्रेमराजेश्वरी थापाले नेपाली कवितामा 'छायावाद' को प्रेमप्रवाह ल्याइन् ।

प्रेमराजेश्वरी थापा जुन युग र परिस्थितिसँग जुध्दै साहित्य साधनमा लागिन् त्यो युग र परिस्थिति उनको जीवनका सम्बन्धमा पूर्ण रूपमा अनुकूल रहेको पाइँदैन त्यस्तै विकट स्थितिमा पनि प्रेमराजेश्वरी थापा साहित्य सिर्जनामा लागेकी देखिन्छिन् । त्यस्तो परिस्थितिमा पनि उनी कविताको साधनातिर लाग्नु ठूलो साहस र ज्यादै गौरवको कुरा हो ।

विशेषतः प्रेमराजेश्वरीको स्वर प्रेमप्रति आसक्त, नारी स्वतन्त्रता मानवतावादी जीवनदृष्टि अथवा आफ्नै जीवन र जगतका तीता टर्रा वास्तविक घटनाहरू त्यसबाट आफ्नो मुक्तिका उपायसँग सम्बन्धित देखिन्छ । प्रेमलाई कविताको मूल स्रोत बनाएर प्रेमराजेश्वरी थापाले गरेको साहित्ययात्रा र स्वच्छन्दतावादी प्रवृत्तिको अनुशरणबाट जन्मिएका उनका कविताहरू मूल्यवान् छन् । समयअनुसार कवयित्रीले गरेको जीवन चिन्तन नै नेपाली कविता साहित्यको लागि दिएको उपहार मान्न सकिन्छ ।

---

[२०] ताराप्रसाद जोशी, नेपाली कवितामा जीवनको चिन्तन, **नेपाली कवितासंग्रह दोस्रो भाग** (सं. २०३८) पृष्ठ ५५-५६ ।

वि.सं. १९९७ सालदेखि नेपाली कविताका क्षेत्रमा देखा परेकी कवयित्री प्रेमराजेश्वरी थापा एउटै विधामा केन्द्रित भए तापनि नेपाली कविता साहित्यमा निकै उत्कृष्ट कविताहरू दिन सक्षम भएकी छन् यिनीभन्दा पनि अन्य कविहरूका लागि यिनी प्रेरणाकी स्रोत बनेकी देखिन्छिन् ।

समग्र रूपमा कवयित्री प्रेमराजेश्वरी थापाका जीवनी व्यक्तित्वका विभिन्न पाटा देखिन आए पनि कवयित्री व्यक्तित्व उल्लेखनीय देखिन्छ । उनी नेपाली कवितामा 'छायाँवाद' को उदय गराउने कवयित्रीका रूपमा प्रतिष्ठित हुन पुगेकी छन् । एक सम्पन्न परिवारमा जन्मिएर हुर्किएकी थापाले विवाह भएपश्चात् पतिका घरमा कुण्ठित भएर रहेका आफ्ना प्रेम, वेदनाहरूलाई आफ्नो गीत र कवितामा पनि पोखेकी छन् । आफ्नो पारिवारिक तथा गृहस्थी सीमाबाट त्यति फराकिलो बन्न नसकेको उनको जीवनवृत्त त्यति विस्तृत हुन नसके पनि साहित्य लेखनमार्फत उनी जनमानसमा बहुचर्चित हुन पुगेको छन् ।

अहिले वर्तमानको वास्तविकता हुन गएको छ- प्रेमराजेश्वरी थापा जीवित हुनुहुन्न । भौतिक रूपमा प्रेमराजेश्वरी थापाको जीवन सकिए पनि भावनात्मक रूपमा उनी यस धरतीमा नमर्ने नाउँ बनेकी छन् । नेपाली कवितामा 'छायावाद' को प्रतिनिधि कवयित्रीका रूपमा उनी जुनीजुनी बाँच्ने नारीस्रष्टा बनिन् । अनि प्रेम विरह र समर्पणको काव्यसृजनाको आधिकारिक गजुरका रूपमा उनी नेपाली भूगोलमा चिरञ्जीवी बनेकी छन् । वास्तवमा उनी कवयित्री मात्र होइन, आशुकवयित्री नै थिइन्[२१] । अतः नेपाली कविता साहित्यमा प्रेमराजेश्वरी थापाको स्थान महत्त्वपूर्ण मानिन्छ ।

प्रेमराजेश्वरी थापाका कृतिलाई नियाल्दा यिनी कवयित्री नै हुन पुगेकी छन् । यिनका कवितामा पनि गद्य भन्दा पद्य शैलीका कविता बढी पाइन्छन् । प्रेमराजेश्वरी थापाले 'नाला' शीर्षकको एक कथा वि.सं. १९९८ साल असारको शारदामा प्रकाशित गरेको कुरा देवी शर्माको एक लेखबाट जानकारीमा आए पनि त्यो प्राप्त हुन सकेन । यो कुराको पुष्टि नभएकाले उनलाई कथाकारका रूपमा प्रस्तुत गर्न नसकिने अवस्था देखिन्छ ।

प्रेमराजेश्वरी थापाका कविता तथा गीतहरूमा केही फाट्टफुट्ट वार्णिक छन्दको प्रयोग भए तापनि प्रायः सबै कविताहरू मात्रा छन्दमा रचना गरिएका छन् । यिनका केही

[२१] नरेन्द्रराज प्रसाई, **नारीचुली**, पूर्ववत, पृ. ११० ।

कविताहरूमा व्यङ्ग्य धर्मको पनि पालन गरी रचना गरिएका छन् । यसका अतिरिक्त उनका कवितामा बिम्ब, अलङ्कार, प्रतीक आदिको प्रयोग पनि कुशलतापूर्वक गरेको पाइन्छ ।

प्रेमराजेश्वरी थापाका कविताको विषयको केन्द्रविन्दु केही कविताहरूमा प्रेम समर्पण भावमा अल्झिएको देखिन्छ । विषयवस्तुका दृष्टिले प्रेमराजेश्वरी थापाका कविताहरू प्रेमपरक र प्रेमइतरसमेत दुई किसिमका छन् । जसमध्ये प्रेमपरक कविताहरूमा प्रेम र प्रेमीप्रति तटस्थता, आकर्षण, विकर्षण, समर्पणको भाव पाइन्छ भने प्रेमइतरमा देशप्रेम, प्रकृतिप्रेम, ईश्वरभक्ति, नारीचेतना, जीवनको यथार्थ नीतिचेतना आदि प्रवृत्ति भेटिन्छ । उनका प्रेमपरक कविताहरू निकै स्तरीय र उत्कृष्ट रहेका छन् ।

महिला चेतनाको अभ्युदय नभएको बेला, सामन्तकालीन मनोवृत्तिको जगजगी र उत्कर्ष भएको बेला, महिलाहरू साह्रै सीमित भएको बेला पनि आफ्नो घेराभन्दा माथि उठेर आफ्नो स्रष्टा व्यक्तित्व प्रदर्शन गर्नु प्रेमराजेश्वरी थापाको अमूल्य कार्य मान्नुपर्दछ । साहित्य सिद्धान्त नपढीकन स्वाध्ययनका भरमा उनको लेखनशैलीमा पाइने भाषाशैली सरल सहज हुनुका साथै क्लिष्ट र सम्प्रेष्य रहेका छन् । उनले आफ्नो लेखनमा भाषाशैलीगत विशिष्टता झल्काउन सफल भएकी छन् । अनौपचारिक शिक्षाका भरमा एउटी महिला स्रष्टाका लागि यो अनौठो कुरा मान्नुपर्दछ ।

साहित्यिक स्तरका दृष्टिले उनले आफ्ना समकालीन महिला तथा पुरुष स्रष्टाका समकक्षी रचना दिन सकेकी छन् । परम्परादेखि चल्दै आएको लेखनकर्मका विरुद्ध 'छायाँवाद' ल्याउने र महिला लेखनको इतिहासमा एउटा स्रष्टाको नाम थप्ने दृष्टिले उनको योगदान सर्वाधिक महत्त्वपूर्ण देखिन्छ ।

यसरी नेपाली कविताका क्षेत्रमा प्रेमराजेश्वरी एउटा बिर्सनै नसक्ने नाम हो भन्न सकिन्छ । यस सन्दर्भमा प्रेमराजेश्वरी थापाको योगदानको उचित मूल्याङ्कन हुनुपर्दछ ।

## पाँचौ परिच्छेद

# उपसंहार

वि.सं. १९७२ मा जन्मिएकी प्रेमराजेश्वरी थापा प्रेमवादबाट जन्मेर प्रकृतिसँगै कतै अभ्यन्तर कतै बाह्य रूपमा आत्मसात् गर्ने कविहृदय भएकी कवयित्री हुन् । उनी अन्तरहृदयका मानवीय वेदनाहरू राष्ट्रियताका भावनाहरू आफ्नै मन्दमधुर गतिमा कलकलाउँदै कोमल पदावलीमा प्रस्तुत गर्ने एक नैसर्गिक कवयित्री हुन् । प्रेमराजेश्वरी थापाका जीवनी र व्यक्तित्वका विभिन्न पाटा देखिन आए पनि मूलतः उनको कवयित्री व्यक्तित्व नै उल्लेखनीय देखिन्छ । एक सम्पन्न परिवारमा जन्मिएर हुर्किएकी प्रेमराजेश्वरी थापा विवाह भएपश्चात् पतिका घरमा कुण्ठित भएर रहन पुगेकी, प्रेममा असफल भएकी नारी हुन् । उनले ती वेदनाहरूलाई आफ्नो गीत र कवितामा पोखेकी छन् । प्रेमरोजश्वरी थापाका जीवनमा घटेका प्रेम, पीडा र वेदनाका दिनहरू उनका 'कवयित्री' हुने साइत भएका देखिन्छन् नेपाली कविता साहित्यमा 'छायावाद' लाई भिœयाउनु र आधुनिक स्वच्छन्दतावादी शैलीलाई समेत अँगाली आफ्नै प्रवाहमा कविताहरू जन्माउनु उनको साहित्यिक विशेषता हो । उनको देहावसान २०५८ असार ३१ गते भयो ।

प्रेमराजेश्वरी थापाको **तिम्रो याद वर्षा** कविता सङ्ग्रहलाई हेर्दा उनका कविताहरू प्रेमपरक र प्रेमइतर दुई किसिमका रहेका छन् तापनि उनका धेरैजसो कविताहरू प्रेमपरक नै  छन् । जसमा प्रेम र त्यसबाट हुने आकर्षण-विकर्षण, पीडा, वेदना, समर्पण, आदि भाव-पाउन सकिन्छ भने प्रेमइतरमा नारीवादी, ईश्वरभक्ति, प्रकृतिप्रेम, अध्यात्मवाद, नीतिचेतना, राष्ट्रियता आदि विषयवस्तु पाउन सकिन्छ ।

सरल, सुमधुर भाषाका अतिरिक्त क्लिष्ट संस्कृत शब्दको प्रयोगका साथै विभिन्न आगन्तुक शब्दहरूको प्रयोग गरेर कविता रचना गर्ने प्रेमराजेश्वरी थापाका हिन्दीमा रचिएका कविताहरू पनि फुटकर रूपमा लगभग ३ दर्जन जति रहेका छन् । कतिपय एउटै कविता नेपाली र हिन्दी दुवै भाषामा पनि लेखिएका छन् । प्रेमराजेश्वरी थापाले आफ्ना कवितामा विभिन्न बिम्ब प्रतीक तथा अलङ्कारको प्रयोगका साथै मुख्य रूपमा मात्रिक छन्दको प्रयोग गरेकी छन् । साथै केही मात्रामा वार्णिक छन्दको पनि रचना गर्न पुगेकी छन् । यसले गर्दा उनी साहित्यक्षेत्रमा अनवरत रूपमा संलग्न नरहे पनि उनी नेपाली भाषा-

साहित्यको भण्डारलाई समृद्ध तुल्याउन आफ्नै प्रकारको भूमिका निर्वाह गर्ने कवयित्री हुन पुगेकी छन् ।

प्रेमराजेश्वरी जुन बेला साहित्य साधनामा लगिन्, त्यस कालमा नारीलेखनका लागि त्यति उपर्युक्त वातावरण थिएन । त्यस्तो परिस्थितिमा पनि साहित्यसाधनामा लागेर आफ्नो साहित्यिक प्रतिभाको परिचय दिन सक्नु गौरवको कुरा हो । उनका छायावादी र स्वच्छन्दतावादी प्रवृत्तिको अनुसरणबाट जन्मिएका कविताहरू मूल्यवान् रहेका छन् । उनी एउटै विधामा केन्द्रित रहे तापनि नेपाली कविता साहित्यमा प्रेमकाव्यका साथै अन्य उत्कृष्ट कविताहरू दिन सक्षम कवयित्रीका रूपमा देखापरेकी छन् । पछि उदाएका वा उदाउने अन्य कविहरूका लागि उनी प्रेरणाकी स्रोत बनेकी छन् साहित्यिक स्तरका दृष्टिले उनले आफ्ना समकालीन महिला तथा पुरुष साहित्यकारका समान स्तरका रचना दिन सक्षम भएकी छन् ।

कवितासिर्जनाको परम्परागत धार भन्दा पृथक रही छायावादलाई नेपाली कवितामा भिœयाउने र महिलालेखनको इतिहासमा एउटा उज्ज्वल कीर्ति कायम गर्ने दृष्टिले समेत पनि प्रेमराजेश्वरी थापाको योगदान महत्त्वपूर्ण देखिन्छ ।

# सन्दर्भसामग्री विवरण


अधिकारी, हरिकला, गोमाको जलन र नारी स्वतन्त्रता पक्ष, **रत्न श्री** (नारी अङ्क) २०४१ ।

जोशी ताराप्रसाद, नेपाली कवितामा जीवनको चिन्तन **नेपाली कवितासङ्ग्रह**, २०४१ ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, काठमाडौँ: साझा प्रकाशन, २०३४ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४,** काठमाडौँ: साझा प्रकाशन, २०४६ ।

थापा, प्रेमराजेश्वरी, **तिम्रो याद वर्षा**, काठमाडौँ : नइ प्रकाशन, २०६३ ।

नेपाल, देवी, **छन्द पराग**, काठमाडौं : भूडीपुराण प्रकाशन, २०६२ ।

नेपाली भाषा प्रकाशिनी समिति, **नेपाली पद्यसङ्ग्रह**, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति, २०१८ ।

पोखरेल, हरिबाबु, लोकप्रिया देवीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०४२ ।

प्रधान, हृदयचन्द्रसिंह, **नेपाली काव्य र उसका प्रतिनिधि कवि**, काठमाडौं : रत्नपुस्तक भण्डार, २०२१ ।

प्रश्रित, मोदनाथ, **नारीः बन्धन र मुक्ति**, सिलगुडीः सूर्योदय प्रकाशन, सन् १९८६ ।

प्रसाई, नरेन्द्रराज, **नारीचुली** काठमाडौं, नइ प्रकाशन, २०६३ ।

बन्धु, चूडामणि, **साझा कविता,** काठमाडौंः साझा प्रकाशन २०२४ ।

बन्धु, चूडामणि, **देवकोटा**, काठमाडौं : साझा प्रकाशन २०३६ ।

बराल, ईश्वर, **हिमालचुली**, काठमाडौँ, साझा प्रकाशन २०१२ ।

बराल, ईश्वर, **हिमालचुली**, दो. सं., विराटनगरः पूर्वाञ्चल पुस्तक भण्डार, २०२६ ।

भट्टराई, घटराज (सम्पा.), **नेपाली साहित्यकार परिचय कोश**, काठमाडौँ : गीता रिमाल, २०५१ ।

भिक्षु भवानी, 'द्वैमासिक साहित्य सङ्कलन', **प्रगति**, वर्ष १ अंक ३, २०१० भदौ ।

ललितत्रिपुरासुन्दरी, **राजधर्म,** काठमाडौँ, नई प्रकाशन, २०६४ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, ताना, **नेपाली साहित्यको इतिहास**, काठमाडौं : सहयोगी प्रकाशन, २०२७ ।

शर्मा देवी शारदायुगका महिला कवयित्रीहरूको प्रवृत्ति विश्लेषण **गरिमा**, पूर्णाङ्क २६, माघ २०४१ ।

शर्मा, देवी, साहित्य कला र सङ्गीतकी प्रेमीः प्रेमराजेश्वरी, **गोरखापत्र**, जेठ १२, २०४२ पृ. ग ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, ललितपुरः साझा प्रकाशन २०५५ ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

# परिशिष्ट

## प्रेमराजेश्वरी थापाका हस्ताक्षरित

## अप्रकाशित कविताहरू